Agnichakra National Monthly

# अग्निचक्र



www.agnichakranews.com राष्ट्रिय मासिक



डा. कमल शर्मा लम्साल
मुटुरोग विशेषज्ञ





प्रकाशराज शर्मा
सीईओ, लक्ष्मी लघुवित्त संस्था

## "मन"
## सुख-दु:खको साक्षात्कार



सुनिता राणा
ध्यानसाधक

७४ औं यात्रा



कुन्दन काफ्ले
महामन्त्री, नेविसंघ

- मृत्युको मुख्य कारण मुटुरोग
- नेविसंघमा गुटबन्दी हुनैपर्छ
- लघुवित्तको भविष्य झनै उज्वल
- निद्राको महत्व र सपनाको आनन्द

ISSN 2362-1109

वर्ष ८, अङ्क ४, पूर्णाङ्क ७४

By the Grace of God
*Edited & Published by L.N. Bhattarai*

**संरक्षक** : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ

फोन: ०१-४३७७७१०
९८५१०-४०३३०

agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस,कामनपा-३१

# छर्लङ्ग देखिँदै गएको चरित्र र व्यवहार



जीवनमा सबैभन्दा महत्वपूर्ण चीज भनेकै "मान्छेको चरित्र" हो । चरित्र गयो भने सबैथोक जान्छ । मान्छे आफूमात्र बाँचेर हुदैन, आफ्नो सन्तान, आफ्नो चरित्र, आफ्नो कुल, धर्म, पत्नी सबैको रक्षा गर्न सक्यो भने मात्र ऊ पनि रक्षित हुन्छ । सच्चरित्र भएको मान्छेका लागि सबै वस्तुहरू सहज र अनुकूल बनेको हुन्छ । शिक्षामा चरित्रमाथि सबैभन्दा धेरै ध्यान दिनु आवश्यक देखिन्छ त्यसैले त राम्रो स्वभावको समुदायलाई चरित्र भनिएको हो नि ! राम्रो स्वभाव नै सुखको कारण हो ।

पशुहरूको निर्माण प्रकृतिले नै गर्दछ तर मान्छेले आफूलाई आफैं निर्माण गर्दछ । आहार, निद्रा, भय र मैथुन क्रिया 'मान्छे' ले ब्यालेन्स गर्न जानेन भने उ पशु सरह नै हुन्छ त्यसैले त धर्म र चरित्र - ज्ञानलाई विशेष महत्व दिइदै आएको हो नि, मान्छेमा स्वधर्म अर्थात् चरित्र छैन भने त्यो पशु नै हो ।आफ्नो चरित्रको निर्माण मान्छे आफै गर्दछ ।मान्छे आफ्नै चरित्रले माथि उठ्छ र आफ्नै चरित्रले तल खस्छ ।

यी माथिका ज्ञानका कुरा यसपटकको सम्पादकीयमा उल्लेख गर्नुको कारण 'नेपाली राजनीतिक दलहरूको छर्लङ्ग देखिँदै गएको चरित्र र व्यवहारका कारणले विगत केही दशकदेखि नेपालमा भएका हत्या, हिंसा, भ्रष्ट्राचार, सामाजिक अपराध र त्यसमा संलग्न विभिन्न राजनीतिक दलका नेता-कार्यकर्तामा भएको विषयभोग, क्रोध, लोभ, मोह, अहंकारको दुरुपयोगले गर्दा अझ भनौं कुत्सित मनोवृत्तिका कारण हाम्रो मुलुक झनै अधोगति तर्फ धकेलिँदैछ ।'

राजनीति गर्ने निहुँमा विदेशीको इसारा, पैसा र उक्साहटमा नेपाली जनतालाई भ्रमित पार्न विभिन्न खाले माग तेर्स्याएर आफ्नो दुनो सोझ्याउने धन्दामा राजनीतिक दलका मुख्य नेता र अवसरवादी कार्यकर्ता लागि परेका छन् । राजनीति गर्नेहरूमा नैतिक शिक्षाको ज्ञान नभएको देखियो । ०६२।६३ को जनआन्दोलनको विषय नरहेको धर्म निरपेक्षतालाई बाह्य धार्मिक र राजनीतिक शक्तिको प्रभावमा आएर रातारात नेपाललाई धर्म निरपेक्ष बनाएपछि र संविधानमै लिपीबद्ध गरेपछि अहिले सम्मको अवस्थाको चित्रण गर्ने हो भने कालान्तरमा नेपाली संस्कृति हराउन केही बेर लाग्ने छैन । यो सब नालायक नेताका कारण भइरहेको छ ।

पछिल्ला समयमा नेताहरूका छाडा र विखण्डनकारी अभिव्यक्ति बाहिर आउनुका पछाडी विदेशी चाल देखिन्छ । नेताहरूका गतिविधि र जथाभावि आएका अभिव्यक्ति, सिमांकन लगायतका संविधान संशोधनका कुरालाई नजिकबाट निहालेको नेपाली सेनाले हालको परिस्थिति अनुसार जुनसुकै अवस्था आउन सक्ने भन्दै सम्पूर्ण तयारी अवस्थामा रहन प्रधानसेनापतिले निर्देशन दिनुका पछाडी वर्तमान राजनीतिक अवस्था र संविधान कार्यान्वयनमा सोचे जस्तो हुन नसक्ने देखिए पछि लगायतका कारण नै हुन् । वर्तमान सरकारको काम गराइ र विदेशी चलखेल देखेर वाक्क भएका नेपाली जनता "नेपाली सेना" ले गर्ने निर्णयको पक्षमा छन् भन्ने कुरा जनबोली सुन्दा प्रष्ट लाग्छ अर्थात राष्ट्र रक्षार्थ नेपाली सेनाको आशामा नेपाली जनता ढुक्क छन् । जय गोरख ॥




## ॐ सत्‌गुरू वन्दना

**गोरक्ष् वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जितजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

**ॐ भूर्भुवः स्वः**
**तत्सवितुर्वरेण्यं**
**भर्गो देवस्य धीमहि ।**
**धियो यो नः प्रचोदयात् ।।**

## भावार्थः

प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप



परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

### कात्तिक अंक ऐतिहासिक

म अग्निचक्र राष्ट्रिय मासिकको नियमित पाठक हुँ । अग्निचक्रमा सबै ७३ वटै अंकहरू मैले पढेको छु । यो मासिक पत्रिका झट्ट हेर्दा धार्मिक जस्तो लाग्छ तर भित्रका सबै पेज निहाल्दै जाँदा स्वास्थ्य स्तम्भ, साहित्यिक स्तम्भ, राजनीतिक अन्तर्वार्ता, बैकिङ् लगायत विविध अध्यात्मिक खुराक एवं मनोरंजनात्मक स्तम्भहरू पनि पढ्न पाइने हुनाले यसको महत्व झनै बढेको देखिन्छ । मैले पहिलो पटक आज पाठक-पत्रमा कलम चलाउनुको कारण के हो भने २०७३ कात्तिकको अग्निचक्रले कभर पेजमा नै २ जना डाक्टर र २ जना राजनीतिक कर्मी तथा समाजसेवीको फोटो देखें साथै बैंकर कुमार लम्सालको फोटो पनि निकै महत्वमा साथ राखेको पाएँ । भित्र पढ्दै जाँदा स्वस्थ जीवनका लागि 'पानी' पढ्ने अवसर जुन्यो त्यस्तै परोपकारी अग्रणी भद्रकुमारी घलेसँगको संवाद एवं स्तनपानबारे डा. पन्तको स्वास्थ्य लेख र कुटनैतिक लेख रचना अनि समाचार सबै हेर्दा अग्निचक्रको यो अंक निकै ऐतिहासिक लाग्यो । यस्तै सामाग्री सधैं पढ्न पाइयोस्, अग्निचक्रमको दीर्घजीवनको कामना छ ।

– ***कुसुम राणा,*** कपुरधारा, काठमाडौं । ००

### डा. कोइरालाको जय होस्

ॐ हस्पिटल एण्ड रिसर्च सेन्टरका वरिष्ठ शल्य चिकित्सक डा. कमल कोइरालाले लेख्नु भएको पित्त थैलीको पत्थरी र यसको उपचार शिर्षकको स्वास्थ्य लेख एकदमै जनपयोगी लाग्यो । पित्त, पित्तथैली र पित्तनलीबारे जानकारी, पत्थरी कसरी बन्छ ? पत्थरीका किसिम, विरामीमा देखिने लक्षण, उपचार विधि, शल्यक्रियाा र रोगलाग्न नदिन गर्नुपर्ने कार्य सबै थोक समेटेर यथार्थ जानकारी पढ्न पाइएकाले गर्दा डा. कमल कोइराला ज्यूलाई जय होस् डा. सा'ब को भन्न चाहन्छु साथै अग्निचक्रलाई पनि धन्यवाद छ ।

– ***विजय चन्द,*** गोकर्ण, दक्षिणढोका




### डीबीदाईसँग हाम्रो आशा

अग्निचक्र मासिकले मोरंग क्षेत्र नं. १ का युवा नेता समेत रहनु भएका वरिष्ठ समाजसेवी तथा राजनीतिज्ञ डीबी कार्की दाईसँगको अन्तर्वार्ता प्रकाशित गरेर मोरङका जनतालाई ठूलो गुन लगाएको छ किनभने डीबी कार्की भनेको हाम्रो गाउँ इटहरा- दाम्राभिट्टा र उलुघुटुको विकासका लागि कोशेढुंगा सावित भइसक्नु भएको छ । मोरंग जिल्लामा भएका विकास निर्माणका कार्यहरूमा अझ विशेष गरी क्षेत्र नं. १ र आसपासका क्षेत्रहरूमा डीबी दाइले व्यक्तिगत रूपमा पनि लाखौं लाख रकम सहयोग दिएर मोरङवासीलाई ठूलो गुन लगाउनु भएको छ । गत निर्वाचनमा वहाँलाई मोरङ् क्षेत्र नं. १ का जनताले रूचाउँदा रूचाउँदै पनि एमालेले टिकट नदिएकाले वहाँ उठ्न पाउनु भएन तर पनि वहाँले ऋषि पोखरेललाई विशेष सहयोग गरेर निर्वाचित गराउन सफल हुनु भो । डीबी दाई यस्ता महान् नेता जो असल कर्म र असल राजनीति गर्न चाहनुहुन्छ, यस्ता समाजसेवी कार्की दाई नेता ज्यूसँग मोरङ् वासीले धेरै आशा गरेका छन् कि डीबी कार्की अबआउने चुनावपछि हाम्रो माननीय बन्नु हुनेछ । ऋषिदाइको कारण मेरो नाम उल्लेख नगरीदिनुहुन सम्पादक ज्यूलाई अनुरोध छ ।

– **अज्ञात,** हाल : कतार

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाडौं
(फोन नं. ४२५६१४४, web: www.ssf.gov.np, email: info@ssf.gov.np)

**रकम तथा विवरण दाखिला सम्बन्धी अत्यन्त जरुरी सूचना**

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका कर्मचारी/श्रमिकहरूले प्राप्त गर्ने पारिश्रमिकबाट १ प्रतिशतका दरले करकट्टी हुँदै आएको छ । यो कर मासिक कर कट्टी गरी राजस्व शीर्षक नं. १-१-२-१-१ मा दाखिला गर्न गराउन र कोषको वेब ठेगाना www.ssf.gov.np मा उपलब्ध लगत सङ्कलन फाराम अनुसारको विवरण सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाडौंमा आइपुग्ने गरी वा इमेल ठेगाना info@ssf.gov.np मार्फत पठाउनु हुन सरकारी, गैरसरकारी तथा निजी निकाय वा प्रतिष्ठान सबैलाई अनुरोध छ । सामाजिक सुरक्षा कर कट्टी नगर्ने वा गरेर पनि विवरण नपठाउनेलाई सामाजिक सुरक्षा योजनामा सहभागि गराउन कठिनाई पर्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।
**अडियो सूचनाका लागी नोटिस बोर्ड नं. १६१८०१४२५६३१५**




New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com

Contact Offices:

**Pipal Bot:** New Road, Kathmandu, Tel: 01-2190004, 4266799 **Dharan:** Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 **Pokhara:** Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 **U.K.:** Aldershot, London, Tel: 0044-7824332127 1252409272 **Hong Kong:** 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966





*मुटुरोग विशेषज्ञ डा. कमल शर्मा लम्साल पर्वत जिल्लाको फलेवासमा २०३२ साल श्रावण २४ गते जन्मनु भएको हो । हाल काठमाडौंको सिभिल अस्पतालमा मुटुरोग विशेषज्ञ तथा सर्जन उपचार कक्ष (आई.सि.यु.) प्रमुखका रूपमा कार्यरत डा. लम्साल बुबा दुर्गादत्त लम्साल तथा आमा पवित्रा लम्सालको कोखबाट जन्मनु भएको हो । उहाँले पर्वत फलेवासकै भवानी विद्यापीठ विद्यालयबाट २०४७ सालमा नेपाल भरबाट बोर्ड छैटौं हुँदै एस.एल.सी. उत्तिर्ण गर्नु भएको हो । त्यसपछि भक्तपुर स्थित वीरेन्द्र सैनिक महाविद्यालयबाट पुनः नेपाल भरमा बोर्ड छैटौं हुँदै आई.एस.सी. पुरा गर्नु भएको हो । त्यसपछि त्रिभुवन विश्वविद्यालय महाराजगंज क्याम्पसबाट सन् २००१ मा एमबीबीएस पूरा गरी सोही क्याम्पसमा लिइएको एम.डी. तहको प्रवेश परीक्षामा प्रथम स्थान प्राप्त गरि इन्टरनल मेडिसिनमा एम.डी. सन् २००५ मा पूरा गर्नु भयो । तत्पश्चात् करिब ४ वर्ष टिचिङ अस्पतालको मुटुरोग युनिटमा उप-प्राध्यापकको रूपमा कार्य अनुभव संगालेका डा. लम्सालले भारतको चण्डीगढ स्थित पि.जि. आइबाट मुटुरोग सम्बन्धी तालिम तथा चीनको लियोनिन मेडिकल युनिभर्सिटिबाट कार्डियोलोजीमा फेनोसिप गर्नु भएको हो । सन् २०११ देखि निजामति कर्मचारी अस्पतालमा कार्यरत उहाँ NAMS अन्तर्गत सिभिल अस्पतालमै सहप्राध्यापक तथा एम.डी. विषयको प्राज्ञिक संयोजक हुनुहुन्छ । उहाँका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा विभिन्न अनुसन्धानमूलक लेखहरू प्रकाशित छन् । गीत, कविता तथा साहित्य क्षेत्रमा पनि रूचि राख्ने डा. लम्सालको "मैले फूल रोपे पनि उनका लागि काँडा भयो" भन्ने गीत चर्चित छ । प्रस्तुत छः अग्निचक्रसँग डा. लम्सालको संवाद :*

# मृत्युको मुख्य कारण मुटुरोग भएको अवस्था छ

**डा. कमल शर्मा लम्साल**, सिभिल हस्पिटल

***सिभिल अस्पतालमा कस्ता कस्ता रोगीको उपचार हुन्छ ?***

- मुटु तथा रगत सम्बन्धी रोगहरू, नसा सम्बन्धी रोगहरू, कलेजो तथा पेट सम्बन्धी रोगहरू, मुत्ररोग, स्त्रीरोग सम्बन्धी, नाक, कान, घाँटी सम्बन्धी, जनरल सर्जरी लगायतका रोगीको उपचार गरिन्छ ।

***यहाँले कस्ता विरामीहरू हेर्नुहुन्छ त डाक्टर सा'ब ?***

- मुटुरोग सम्बन्धी, आई.सि.यु. का सबै खालका विरामीहरू हेर्नुपर्छ किनकी यहाँ सिकिस्त विरामीहरू राखिन्छ । आइसीयूमा मुटुसम्बन्धी, फोक्सो सम्बन्धी, रक्तचाप अति कम वा अति बढि वा अन्य कारणहरूले जीवन जोखिममा भएका सबै बिरामीहरू हेर्नुपर्छ ।

***नेपालमा मुटुरोगीहरूको अवस्था कस्तो छ ?***

- बढ्दो औद्योगीकरण सहरीकरण एवं सामाजिक आर्थिक विकासले ल्याएको परिवर्तित जीवनशैलीका कारण नेपालमा मुटुरोगको प्रकोप बढ्दो छ । सँग-सँगै बढ्दो क्रममै रहेको औसत आयु, मानसिक तनाव तथा मोटोपनाले मुटुरोगी तथा उच्च रक्तचापका बिरामी दिनानुदिन बढ्दै गइरहेका छन् । हाल २५% जति मानिसहरू उच्च रक्तचापका रोगी छन् । आजकल मृत्युको मुख्य कारण भनेकै विकसित राष्ट्रहरूमा जस्तै नेपालमा पनि मुटुरोग भएको अवस्था छ ।

***मुटु बारे जानकारी दिदै मुटुले कसरी काम गर्छ भनि प्रश्न गर्दा डा. सा'बको भनाई के छ ?***

मानव शरीरका अङ्गहरू मध्ये मुटु जटिल प्राकृतिक अङ्ग हो । यो हरपल चलि रहन्छ । छाती भित्र धड्किरहने यो सानो अङ्गले शिरदेखि पैतालासम्म महत्वपूर्ण प्रभाव पारेको हुन्छ । शरीरको माथिल्लो भागको अशुद्ध रगत सुपेरिएर भेनाकाभा हुँदै दायाँ एट्रियममा पुग्छ । त्यस्तै शरीरको तल्लो भागको अशुद्ध रगत इन्फेरियर भेनाकाभा हुँदै दायाँ एट्रियममा पुग्छ । दायाँ एट्रियमबाट अशुद्ध रगत ट्राइकस्पिड भल्भलाई पार गर्दै दायाँ भेन्ट्रिकलमा जम्मा हुन्छ । मुटु खुम्चिने बेलामा दायाँ भेन्ट्रिकलमा जम्मा भएको रगत पल्मोनरी भल्भलाई पार गर्दै पल्मोनरी आर्टरीमा जान्छ । यसरी शरीरको विभिन्न अंगहरूबाट जम्मा भएको अशुद्ध रगत पल्मोनरी आर्टरी हुदै हुदै फोक्सोमा पुग्छ । फोक्सोमा अशुद्ध निलो रगत शुद्ध भएर चारवटै पल्मोनरी भेन हुदै मुटुको बायाँ भागमा पुग्छ ।

***मुटुरोगका लक्षण र कारणहरू के के हुन सक्छन् त ? सावधानी कसरी अपनाउने त ?***

- मुटुरोगका लक्षणहरूबारे यसरी बुझौं : देब्रे छाती दुख्ने, ढक्क फुल्ने वा भारी हुने छातीमा बेचैनी हुने वा भारीपन महसुस हुनु, श्वास फेर्न कठिनाइ हुनु, धेरै पसिना आउनु, नियमित रूपमा वाकवाक लाग्नु, हात झमझमाउने तथा चेतनाविहीन बन्ने, शरीरको कुनै अंगले काम गर्न छाड्नु, बोल्दा कठिनाइ हुने, जिब्रो लरबरिने, कमजोर यौन गतिविधि भएमा, घुर्ने तथा निन्द्रामा असन्तुलन हुने, काँध र घाँटीमा दुखाइ हुने, खुट्टा वा पैताला सुन्निएमा, अपच, मुटुमा जलन भएमा, जिब्रो लरबरिनु, मुटुको चाल बढ्नु, घाँटी दुख्नु टन्सिल हुनु जस्ता लक्षणहरू देखिन्छ।

सूर्ती चुरोटको सेवन नगर्ने वा त्याग्ने, नियमित शारिरीक व्यायाम गर्ने, फलफूल तथा सागसब्जी प्रशस्त मात्रामा सेवन गर्ने तर बोसो युक्त मासु, जंकफूड कम गर्ने, साथै मोटोपन बढ्न नदिने, अर्थात तौल ठीक राखी मानसिक तनाव कम गर्ने र नियमित रूपमा मुटु सम्बन्धित चिकित्सकसँग परीक्षण गराई आवश्यक सर-सल्लाह लिने बानी बसाल्ने हो भने यस्ता रोगबाट सजिलै बच्न सकिन्छ ।

***मेरो मुटु दुख्यो, अब के गरौं भन्नेहरू हाम्रो समाजमा धेरै छन्, किन दुख्छ मुटु डाक्टर सा'ब ?***

- मुटु दुख्ने धेरै कारणहरू हुन सक्छन् । विशेष गरि मुटुको वरिपरि छातीको बीच भागमा दुख्नु मुटु रोगका कारण हुन् । मुटु रोग विभिन्न किसिमका हुन्छन्- भल्भ मुटु रोग, बाथ मुटु

रोग, मुटु फेल्योर, कोरोनरी मुटुरोग र हृदयघात, जन्मजात मुटु रोग, उच्च रक्तचाप, मस्तिष्कघात, र हृदयघात मुख्य हुन् । तसर्थ मुटु दुख्ने, प्रमुख कारण भनेकै विभिन्न प्रकारका मुटुका रोग हुन् । अन्य कारणहरूमा मानसिक तनावसँग सम्बन्धित मुटु हल्लिने रोग जसलाई हामी एन्जाइटी भन्छौं । यो पनि मुटु दुख्ने अर्को कारण हो त्यस्तै गरेर छातीको मांशपेशी खुम्चेर, फोक्सोको बाहिरी झिल्ली च्यातिएर, मानसिक तनाव बढी लिएमा छाती टाइट हुने र मुटु दुखेको महसुस हुन्छ अर्को कुरा मुटुको भल्भ थुनियो भने अथवा सानो भयो भने पनि मुटु दुख्न थाल्छ । मुटुको धमनीमा ब्लक भयो भने पनि छातीको बिच भागमा बेस्सरी मुटु दुख्छ र त्यस्तो बखत हिडडुल गर्दा झन् धेरै बेस्सरी दुख्न थाल्दछ । शरीरमा रक्तसंचार कमी भो भने पनि मुटु दुख्छ । एन्जिना अर्थात् छातीको पीडाले पनि मुटु दुख्छ अर्थात मुटु रोगकै कारणले मुटु दुख्ने हुनाले मुटुरोग प्रति झन् बढी सचेत हुन जरूरी देखिन्छ । अर्थात् हरेक मान्छेले आफूमा मुटु रोगको समस्या छ कि छैन भनेर जान्नका लागि समय-समयमा ईसीजी गरेर हेर्ने गरे राम्रो ।

***त्यसो भए मुटु रोगबाट बच्न के गर्ने त ?***

– मैले यहाँ माथि भनेका सबै कुराहरूको ख्याल गर्ने गरौं । यदि कसैलाई एक पटक मुटुमा गम्भिर समस्या देखियो भने उसले जीवन भर दुःख पीडा पाउन सक्छ अर्थात् मुटुको भल्भ नै फेर्नु पर्ने पनि हुन सक्छ र एकपटक उपचार गरेपछि पनि जीवनभरी नै औषधी खानु पर्ने बाध्यता हुन सक्छ, जुन महंगो पनि हुन्छ त्यस कारणले गर्दा मुटुरोगको प्रारम्भिक अवस्थामा नै उपचार गर्ने गरौं, यसो भो भने मात्र जोखिम कम हुन्छ तर रोग छिप्पीदै गए उपचारै कठीन हुने र महंगो मूल्य चुकाउनु पर्ने बाध्यता पर्दछ । यसकारण पुरानो जमानामा उमेर पाको भएकालाई लाग्ने रोग भनेर चिनिएको मुटु रोग, जो आजकल केटाकेटी उमेर र किशोर किशोरीमा देखिएको छ, यसबाट बाँच्नका लागि खानपानमा ध्यान दिने, हरियो तरकारी र फलफूल नियमित खाने, धुम्रपान, मदिरापानबाट टाढा रहने, सन्तुलित भोजन मात्र गर्ने, नियमित व्यायाम, योग, प्राणायाम, ध्यान गर्ने, तनाव मुक्त रहने, ब्लडप्रेसरको जाँच एवं ख्याल गर्ने एवं समय समयमा आफ्नो स्वास्थ्य स्थिति के छ भनी जाँच्ने गरे मुटुरोगबाट बच्न सकिन्छ । अन्तर्वार्ताका लागि अग्निचक्र मासिक परिवारलाई धन्यवाद ॥ ००


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी अत्यन्त जरूरी सूचना**

**मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्यरुपमा विजक दिनुपर्ने र क्रेताले पनि विजक लिनु पर्ने व्यवस्था रहेको छ । विजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोली खटाइएको छ । विक्रेताले तोकिए बमोजिम विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५,०००.०० (पाँचहजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्य रुपमा विजक जारी गर्नहुन र वस्तु तथा सेवा खरिद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिनहुन अनुरोध छ ।**



**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

**आयकर ऐन, २०५८ ले रोजगार दाताले पारिश्रमिक समेतको रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा, आकस्मिक लाभको भुक्तानी गर्दा र ठेक्का वा करारको भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भुक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा ब्याज लाग्ने कानुनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानुनी व्यवस्था बमोजिम भुक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानुनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।**



**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिहरूले आफ्नो कारोबार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना**

**मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४(ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, विक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको विक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन/प्रशारण गरिएको छ ।**

**"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"**



# मान्छेको जीवनमा निद्राको महत्व र सपनाको आनन्द

**निद्रावस्थामा चेतन मन हराउँछ**

हरेक दिन बिहान सबेरै उठेदेखि बेलुकी सुत्नु अगाडिसम्म मान्छे कुनै न कुनै रूपले सक्रिय जीवनशैली मै समय बिताउँछ तर जब राती सुत्छ तब उसले चेतनाका ४ वटा स्तरहरू : जागृत अवस्था, सुषुप्तावस्था, स्वप्नावस्था र तुरीयावस्थाको भोगमा मस्ती लिन्छ । चेतनाका विभिन्न स्तरहरू रहेको कुरा वेद, उपनिषत्का साथै चिनिया विचारधारा लगायतका विभिन्न मुलुकका भिजनहरूले पनि आ-आफ्नै ढंगले व्याख्या गरेको पाइन्छ । कसैले स्वप्नलाई दृश्यको रूपमा लिएका छन् भने कसैले स्वप्न अप्ठेरा प्रश्नहरूको जवाफ मिल्दछ भन्ने जापानीजहरूको पनि व्याख्या छ ।

साधारण स्वप्न, डर देखाउने- तर्साउँने स्वप्न, अनेक विचार भरिएको स्वप्न, बिउँभाउने खालको स्वप्न, आनन्ददायक र डरलाग्दो स्वप्न गरी विभिन्न ६ खालका स्वप्नहरू बारे समाजमा गनथन सुन्न पाइने गरेको तथ्य नेपालीहरूमा व्याप्त छ । अर्को कुरा भगवान् बुद्ध जन्मनु अघि रानी मायादेवीले एकरात सपनामा सेतो एउटा ऐरावत हात्ती देखिन् । उनैको माध्यमबाट पृथ्वीमा एउटा महामानव रूपको देवताको अवतरण हुनेवाला थियो र त्यसैरात रानी गर्भवती भइन् र पछि बुद्धको जन्मभयो र आज हामी उनलाई भगवान् बुद्ध भन्ने गर्छौ । हो यस्तो खालका दैवीशक्ति र सन्देश भरिएका ज्यादै रोचक कथाहरू, सपनासँग सम्बन्धित दन्त्य कथाहरू आज पनि अचेतनको उत्पादन हो भनेका छन् । ज जसले जे जे भने पनि स्वप्न मनकै एउटा अवस्था विशेष हो । परम्परागत रूपबाट आजसम्म आइपुग्दा परम्परागत विचार कुनै रहस्यमय शक्तिहरूको स्वप्नमा समावेश रहन्छ र व्यक्तिको व्यक्तित्व पनि सपनासँग सम्बन्धित रहने हुनाले अहिलेको आधुनिक युगमा आइपुग्दा पनि पुराना विचार वर्तमान अवस्थामा मान्य बन्दै आएको हो ।

निद्रा मान्छेका लागि महत्वपूर्ण मानिन्छ । सुतेको मान्छेलाई हत्तपत्त उठाउँनु हुदैन किनभने सुतेपछि मान्छेको शरीरको एउटा भाग अन्यत्र घुम्न जान्छ र जब मान्छे मस्तीको मध्ये निद्रामा हुन्छ (स्वप्नावस्था) तब उ स्वप्नमा रमाई रहने समय भएकाले मस्तनिद्रामा भएको मान्छेलाई उठाउनु हुदैन । स्वप्नका कारणहरू के के हुन सक्छन् भन्ने विषयमा मान्छे आजसम्म पनि कन्फ्यूज नै छ । जुनसुकै मुलुकमा बस्ने भएपनि आखिर मान्छे त मान्छे नै हो नि ! विश्वभरका मान्छेले आफ्नो जीवनमा अनेक अप्ठ्यारा र असहज, दु:ख परिस्थितिको सामना गरिरहेको हुन्छ । दिनभर घटेका घटनाहरूको र समस्या समाधानका प्रश्नहरूको जवाफ स्वप्नमा मिल्ने गरेको भनाई समाजमा व्याप्त छ । कसैकसैले त स्वप्नबाट पितृहरूको दर्शन पाउने र संवाद गरेको कुरा पनि सुन्न पाईन्छ, त्यस्ता सपनाबाट नेपाली र भारतीय समाजमा व्याप्त छन् । जस्तो भगवान् राम, भगवान् कृष्ण लगायत अन्य धेरै दैवीशक्तिका उदय हुँदा सपनाबाटै पूर्व जानकारी दिएको मान्यता पनि हाम्रा सामु छ । प्लेटोले पनि स्वप्नका विषयमा यसो भनेका थिए- "रातमा पनि हामीसँग एउटा जंगली जनावर (अवचेतन मन) हुन्छ र त्यो हाम्रै भित्रपट्टि घुमिरहन्छ ।"

नेपाली र भारतीय सनातन हिन्दु परम्परामा मानिसको भविष्य मानिसले जान्न सक्दैन, इश्वरको हातमा छ भन्ने मान्यता आजपनि यथावत नै छ । यसको मतलब सपनालाई विश्वास गर्ने मानिस भण्डै ८५ प्रतिशत आज पनि छन् । क्रिश्चियनहरूले पनि सपनालाई सुपर नेचुरल इलिमेन्टसँग तुलना गरेको पाइएको छ । पृथ्वीबाट स्वर्गसम्म जाने भऱ्याङ सपनामा प्राप्त गर्न सकिने विश्वास आजको वैज्ञानिक युगमा पनि उत्तिकै छ । एरिष्टोटलले सपनाबारे यसो भनेको पाइन्छ- "स्वप्न आफ्नै शरीरका रोगहरूको सन्देश हो, यो कुरा अचेतन मनले पहिल्यै नै जानिसकेको हुन्छ ।" यसबाट के कुरा बुझ्न सकिन्छ भने प्रत्येक मान्छेका स्वप्नहरू अलग अलग हुन्छन्, प्रत्येक मान्छेको व्यवसाय, परिवेश, पद, सामाजिक स्तर, रहनसहन र स्वास्थ्यले स्वप्नमा असर पार्दछ अर्थात जसको आत्मा स्वच्छ र सफा छ त्यसले सपनामा पनि आनन्द प्राप्त गर्दछ ।



निद्रा र स्वप्नको जानकारी गराउने यन्त्रलाई इलेक्ट्रोइन्सेफेलोग्राम भनिन्छ । हरेक सपनाहरू त्यसै आएका हुदैनन्, निद्रावस्थामा दिमागमा रेकर्ड भएका सबैजसो भावनाहरूलाई हेर्ने र केलाउने कार्य हुन्छ । मस्तिस्कले सुतेको बेलामा मुटुको चाल एवं श्वास-प्रश्वासलाई नियन्त्रण गर्ने गर्दछ, अर्थात् सुतेको समयमा मस्तिष्कले काम गरिरहेको हुन्छ, मन भनेको मस्तिस्कको अति सूक्ष्म चेतन प्रक्रिया हो, मन-मस्तिस्कका कार्यहरू जागा बेलामा भन्दा फरक प्रक्रियाले संचालन भएका हुन्छन्, रक्तसंचार तथा श्वासप्रश्वासको काम पनि सुतेको बेलामा सुचारू रूपले भइरहन्छ । अन्य जनावरलाई जस्तै मान्छेलाई पनि निद्रा आवश्यक छ, विश्राम पनि आवश्यक छ, मान्छे ठीक समयमा सुत्न पाएन भने लामो आयू बाँच्न सक्दैन । पृथ्वीले २४ घण्टामा आफ्नो परिक्रमा पूरा गरे जस्तै मान्छेको शरीरले पनि पृथ्वीको चालसँग सम्बन्धित भएर आफ्नो काम गरेको हुन्छ त्यसैले प्राकृतिक तवरले निद्राको महत्व बुझि बेलामै सुत्ने र बेलामै उठ्ने बानी बसाऔं । वास्तविकता र मनको जोड नै माया हो ।

मानिसको सोचाई भन्दा सपना धेरै शक्तिशाली र अर्थपूर्ण हुन्छ, निद्रावस्थामा चेतन मन हराउँछ त्यसपछि सपना शुरू हुन्छ, सपना अचेतन मनको कार्य हो । यस्तो हुने भएकाले सपना व्यक्तिको जीवनको मार्गदर्शन बनिरहेको हुन्छ त्यसैले तपाइहरू पनि म जस्तै बेलुकी १०-११ बजेभित्र सुत्नुस् र बिहान ५ बजे भित्र उठिसक्नुस्, निद्राको महत्व बुझ्नुस् र सपनामा रमाउनुस् । ००

# बहुउपयोगी प्रयोगका लागि महिन्द्रा युवो कृषि ट्याक्टर



महिन्द्रा एण्ड महिन्द्राको एकमात्र अधिकृत विक्रेता अग्नि ग्रुपको अग्नि इन्कर्पोरेटेड प्रा.लि. ले महिन्द्रा युवो कृषि-ट्याक्टरको विक्री शुरू गरेको छ । युवो ट्याक्टरको नयाँ रेन्ज अनावरण कार्यक्रममा युवो ट्याक्टरबाट किसानले हार्भेष्टिङ देखि ल्याण्ड प्रिपरेसन र पोष्ट - हाभेष्टिङ्का आवश्यकतासम्म छिटो र उत्कृष्ट रूपमा सेवा लिन सक्ने कुरा महिन्द्रा एण्ड महिन्द्राका भाइस प्रेसिडेन्ट सञ्जय जादवले बताउनु भयो । वहाँले महिन्द्रा भोल्युमका आधारमा विश्वकै नं. १ ट्याक्टर ब्राण्ड रहेको र यसले विश्वभरका किसानलाई नविनतम टेक्नोलोजीका कृषिमुखी समाधान पस्कने र युवो डिजायन विश्वभरका कृषि पेसा अपनाउदै आएका किसानको आवश्यकतालाई ध्यानमा राखी निर्माण गरिएकाले कृषि विशेषज्ञ ट्याक्टरका रूपमा यो ट्याक्टर रहेको कुरा पनि बताउनु भयो ।

यो युवोमा इन्जिन तथा ट्रान्समिसनका लागि महिन्द्रा जेन्यूइन आयल, एमस्टार राखिएकाले बढी समय सम्म पनि कम अपरेशन खर्च, ट्याक्टरको लाइफ र पर्फमेन्स दिने कुरा कार्यक्रममा बताइएको थियो । गत जुनमा अर्जुन नोभोको अनावरणपछि एक वर्ष भित्रै नेपालको ट्याक्टर सेग्मेन्टमा दोस्रो ठूलो अनावरण रहेको कुरा अग्नि ग्रुप अफ कम्पनीजका सञ्चालक प्रवन्ध निर्देशक क्याबिनेट श्रेष्ठले बताउनु भयो । पूर्णतया नयाँ प्लेट फर्ममा निर्माण गरिएको युवोमा औद्योगिक वर्गमै पहिलो १२ फर्वार्ड र ३ रिभर्सफुल कन्स्ट्यान्ट मेस गियर बक्स, बहुउपयोगी र ३० भन्दा बढी कृषि प्रयोगमा ल्याउँन सकिने छ ।

धेरै खाले विशेषता बोकेको यो ट्याक्टर ३०-४५ हर्सपावर सेग्मेन्टमा उत्कृष्ट टेक्नोलोजी सहितको युवो ट्याक्टरले थप कभरेज, छिटो अपरेशन तथा उत्कृष्ट गुणस्तरको कार्यक्षमता प्रस्तुत गर्ने कुरा बताउदै प्रबन्ध निर्देशक श्रेष्ठले कम्पनीका मुलुकभरका डिलर मार्फत युवो विक्री गरिने कुरा पनि कार्यक्रममा जानकारी दिनुभयो । कार्यक्रममा अग्नि ग्रुप अफ कम्पनिजका डाइरेक्टर तथा कम्पनी सचिव दुर्गा प्रसाद आचार्य पनि उपस्थित हुनुहुन्थ्यो । ००

**स्वस्थ जीवनका लागि दुग्ध विकास संस्थानका उत्पादनहरू सेवन गर्ने बानी बसालौं ।**



# संविधानको भाग सात संघीय कार्यपालिका



डा. विश्वदीप अधिकारी

संविधानको भाग सात अन्तर्गत पर्ने धारा ७४ देखि ८२ सम्म मुलुकको संघीय अर्थात केन्द्रीय कार्यपालिकाको कुरा उल्लेख छ । यस अनुरूप धारा ७४ मा राज्यको शासकीय स्वरूप गणतन्त्रात्मक संसदीय शासन प्रणालीयुक्त हुने कुरा छर्लङ्ग पारिएको छ । धारा ७५ ले देशको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा रहने प्रावधान गरेको छ । यो संविधान र यस अन्तर्गतको कानुनको अधिनमा रही केन्द्रीय मन्त्रिपरिषद्ले सम्पूर्ण देशको शासन व्यवस्था सञ्चालन र नियन्त्रण गर्नुपर्ने हुन्छ । यसको अर्थ आफू मातहतका लाई निर्देशन दिनु पनि हो । यसरी मन्त्रिपरिषद्ले सम्पूर्ण देशको हर्ताकर्ताको हैसियतले गर्ने जुनसुकै काम नेपाल सरकारको नामबाट हुनेगर्छ । यस अर्थमा मन्त्रिपरिषद् भनेको नेपाल सरकार हो । नेपाल सरकारको नाउँबाट हुने निर्णय, आदेश र अधिकारपत्रको प्रमाणीकरण संघीय कानुनमा उल्लेख भएको तरिका बमोजिम हुन्छ ।

प्रतिनिधिसभामा बहुमत भएको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गरेपछि प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुन्छ । प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएको अवस्थामा अरू दलको समर्थन लिई बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त हुन्छ ।

प्रतिनिधि सभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको ३० दिन भित्र प्रधानमन्त्री नियुक्त हुन सक्ने अवस्था नभएमा वा नियुक्त भए पनि विश्वासको मत पाउन नसकेमा प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नुपर्छ । यी दुवै अवस्थाका प्रधानमन्त्रीले नियुक्त भएको ३० दिनभित्र प्रतिनिधि साभाबाट विश्वासको मत लिनुपर्छ । यस प्रावधान अनुरूप विश्वासको मत नमिलेको अवस्थामा प्रतिनिधि सभामा स्पष्ट बहुमत नभएका दलको कुनै सदस्यले विश्वासको मत पाउने आधार देखाएमा त्यस्तो सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्छ र उसले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । यसरी पनि विश्वासको मत प्राप्त हुननसकेको अवस्थामा प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सकिने गरी निर्वाचनको मिति तोक्नुपर्ने अवस्था आउँछ ।

प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको ३५ दिन भित्र प्रधानमन्त्री नियुक्ति प्रक्रिया सक्नुपर्छ ।

समावेशी सिद्धान्त बमोजिम संसद सदस्यहरूबाट प्रधानमन्त्रीसमेत जम्मा २५ जनासम्मको मात्र मन्त्रिपरिषद्को संख्या कायम गर्नुपर्छ । यो संख्या राज्यमन्त्री, सहायक मन्त्री सहितको हो । प्रधानमन्त्रीले सिफारिश गरेमा राष्ट्रपतिले संघीय संसदको सदस्य नभएको व्यक्तिलाई पनि मन्त्री बनाउनुपर्छ । तर सोही प्रतिनिधिसभाको निर्वाचनमा हारेको व्यक्ति भने सो ५ वर्ष मन्त्री पदको लागि अयोग्य हुन्छ । प्रतिनिधिसभाको गैरसदस्यको रूपमा मन्त्री हुनेले नियुक्त भएको ६ महिनाभित्र संसद सदस्यता लिन नसकेमा सो प्रतिनिधिसभाको कार्यकालभरीको लागि त्यस्तो व्यक्ति मन्त्रीको लागि योग्य हुन सक्तैन । प्रधानमन्त्री र मन्त्री सामुहिकरूपमा संघीय संसदप्रति उत्तरदायी हुनुपर्छ भने मन्त्रीहरु प्रधानमन्त्रीप्रति पनि उत्तरदायी हुनुपर्छ ।

प्रधानमन्त्री लगायत मन्त्रिपरिषद्का सदस्यहरूको पारिश्रमिक र सुविधा संघीय ऐनले नतोकेसम्म नेपाल सरकार अर्थात् मन्त्रिपरिषद्ले नै तोके बमोजिम हुन्छ ।

आफ्नो पदीय कार्यभार शुरू गर्नु अघि प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीले राष्ट्रपति र राज्य र सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष संघीय कानुन बमोजिम पद तथा गोपनियताको शपथ लिएको हुनुपर्छ ।

मन्त्रिपरिषद्को निर्णय, संघीय संसदमा पेश हुने विधेयक, समसामयिक परिस्थिति र बैदेशिक सम्वन्धका विषयमा राष्ट्रपतिलाई प्रधानमन्त्रीले जानकारी गराउनु पर्छ ।

मन्त्रिपरिषद्द्वारा स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्यविभाजन र कार्यसम्पादन हुने गर्छ । यस्तो नियमावली पालना भएनभएको कुरा अदालतमा उठाउन पाइन्न ।

धारा ७४ को प्रारम्भमा "नेपालको" शब्द उल्लेख भए पनि त्यो आवश्यक थिएन किनकि सबै कुरा नेपालकै भइरहेको छ । सोही वाक्यमा "बहुलबाद" शब्द परेको छ जसको परिभाषा संविधानको धारा ३०६ लगायत अन्यत्र कतै पनि गरिएको छैन । यो शब्दको परिभाषा अनेक हुनसक्ने समस्या टड्कारै देखिन्छ । वास्तवमा यो शब्द संविधानमा अवश्यक नै थिएन । अमूर्त शब्दावली प्रयोग गरी संविधानलाई कठिन बनाउनु मस्यौदाको सिद्धान्त हुन सक्तैन । शायद धारा ७५(२) मा "सामान्य" भन्ने शब्द आवश्यक थिएन । यो शब्द राख्ने वित्तिकै जटिल वा विशेष भनेको के हो भन्नुपर्ने हुन्छ । जटिल निर्देशन चाहिं कसले दिने हो सविधान मौन छ । धारा ७५(३) मा "नेपालको संघीय" नभनी राज्यको मात्र भन्दा प्रशस्त पुग्ने थियो ।

धारा ७६ मा उल्लिखित मन्त्रिपरिषद् गठन प्रक्रिया अनुरूप राज्यले गति लिन सक्ने देखिदैन । यसको पुष्टि एक वर्षको प्रयोगको अनुभवले समेत गरिसकेको छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति कार्यकारी प्रमुख हुने अमेरिकी प्रणालीजस्तो प्रावधान हाम्रो जस्तो देशमा एकदमै जरूरी छ । अनिमात्र भ्रष्टाचार र पदलोलुपताजस्ता विषयलाई ठेगान लगाउन सम्भव हुन्छ । बारम्बार वर्ष दिन पनि नपुगी कार्यकारी प्रमुख फेर्नमा नै समग्र राजनीति तल्लिन भइरहने हुंदा देशले गति नै लिन सक्तैन । प्रधानमन्त्रीले लिने विश्वासको मतको लागि हुने किनबेचको पद्धति हटाउन पनि प्रतिनिधि सभाबाट प्रधानमन्त्री छान्ने पद्दति अनुपयुक्त छ । पूरै ५ वर्ष काम गर्न नपाउने प्रधानमन्त्रीले देशको लागि केही गर्न सक्तैन । उसको काम घुर्कि र धम्की सुनिरहनु मात्र हुनेछ । प्रधानमन्त्री संसदप्रति र मन्त्रीहरु प्रधानमन्त्री र संसदप्रति उत्तरदायी हुने भन्ने


कुरा लेख्नसम्मको लागि मात्र हो । आजसम्म कोही पनि उत्तरदायी भएको देखिएको छैन र देशको हित भन्दा अहित गर्नेहरूकै बोलवाला छ । कार्यपालिकामा व्यवस्थापिकाको सदस्य नभएको व्यक्ति पनि बढीमा ६ महिना मन्त्री हुन सक्ने प्रावधानले त संसद विघटन र सरकार परिवर्तन सामान्य कुरा भइरहने छ । यो संसदीय व्यवस्थाको विकृति हो । संसद सदस्य नभएका व्यक्ति पनि मन्त्री हुन पाउने भए पछि संसदको के महत्व भयो ? यसो गर्न हुने भएपछि प्रत्यक्ष निर्वाचित राष्ट्रपति पद्दतिमा नै किन नजाने ? राजनीतिक स्थिरताको हिसावले यो पद्दति एकदम नै उचित पद्दति हो ।

वास्तवमा सरकार अर्थात् नेपाल सरकार भनेको के हो ? यसले केलाई बुझाउँछ ? भन्ने कुराको औपचारिक पुष्टि यो संविधानले गरेको छ । यो भन्दा अघिका संविधानमा मन्त्रिपरिषद् नै नेपाल सरकार हो भन्ने बोलि परेको थिएन । यो कुरा यस संविधानको अत्यधिक सवल पक्ष हो ।

यसभन्दा अघिका संविधानहरूमा झैं यस संविधानमा पनि प्रधानमन्त्री तथा मन्त्रीको पारिश्रमिक संघीय सञ्चित कोषमाथि व्ययभार हुने प्रावधान छैन । संसदले बनाएको ऐन बमोजिम मात्र उनीहरूले तलव भत्ता पाउंछन् । यस तर्फ भने मस्यौदाकार सचेत नै रहेको पाइयो । संचित कोषमाथि व्ययभार हुने रकम खर्च गर्न संसदीय स्वीकृति नचाहिने हुनाले पनि यो प्रावधान आवश्यक हुने गर्छ । नत्र भने अस्थायी प्रकृतिको मन्त्रिपरिषद् जसको हातमा मुलुकको कोष जिम्मा हुने गर्दछ आफ्नो लागि मनपरी खर्च गरेर कोष नै रित्तो पारिदिने अवस्था समेत आइनपर्ला भन्न सकिन्न ।

संविधानमा राम्रा कुरा उल्लेख भए पनि उही पुरानो ड्याङ्कै मुलास्मी राजनीतिक प्रवृत्तिको बोलवाला भएको हुनाले संविधान र कानुनलाई पछारेर भए पनि आफ्नो कामकुरा गराउने चिन्तन बलियो रहेको पाइन्छ । यसको अर्थ हो संविधानको पालना हुन नसक्नु । हाम्रो जस्तो थोत्रो राजनीतिक चिन्तन बोकेको दलहरूको बोलवाला भएको ठाउँमा संघीय कार्यपालिकाको स्वरूपमा परिवर्तन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको प्रावधान अवलम्वन नगरेसम्म देशको आर्थिक, सामाजिक एवं राजनीतिक उन्नयन हुने सम्भावना विलकुलै छैन ।००

## भावपूर्ण श्रद्धाञ्जलि



जन्मः १९८७ असार १३ स्वर्गारोहणः २०७३ कार्तिक १४

**स्व. कृष्णप्रसाद भट्टराई**

हाम्रा आत्मीय मित्र, समाजसेवी तथा बुद्धिजीवी एवं दुग्ध विकास संस्थानमा सेवारत बन्धु दुर्गाप्रसाद भट्टराईका पुजनीय पिता कृष्णप्रसाद भट्टराईको ८७ वर्षको उमेरमा स्वर्गारोहण भएकाले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं र यस दुःखद् घडीमा शोक सन्तप्त परिवारमा संयमित हुने शक्ति प्रदान गर्न ईश्वरसँग प्रार्थना गर्दछौं ।

**अग्निचक्र राष्ट्रिय मासिक परिवार**

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म : २०१५ जेठ २२ स्वर्गारोहणः २०७३ कार्तिक २९

**स्व. यज्ञप्रसाद बडाल**

हाम्रा अनन्य मित्र, कामनपाका पूर्व अधिकृत एवं दुग्ध विकास संस्थान कर्मचारी संघकी निर्वाचित महासचिव इन्दिरा ढुंगानाका श्रीमान् यज्ञप्रसाद बडालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं र यस दुःखद् घडीमा शोक सन्तप्त परिवारमा संयमित हुने शक्ति प्रदान गर्न ईश्वरसँग प्रार्थना गर्दछौं ।

**बिमेज परिवार, महांकाल, काठमाडौं**

**अग्निचक्र राष्ट्रिय मासिक परिवार**

# नेविसंघमा गुटबन्दी हुनै पर्छ

## सबै दलको केन्द्रविन्दु भनेकै नेपाली कांग्रेस हो



**कुन्दनराज काफ्ले**

***महामन्त्री, नेपाल विद्यार्थी संघ***

> ***वैदेशिक हस्तक्षेप हुनु हुँदैन र हुन दिनु पनि हुँदैन । नेपाल रहेमात्र म नेपाली कांग्रेस हुन्छु । नेपालै रहेन भने नेपाली होईंदैन ।***

***नेविसंघको महामन्त्री भइसकेपछिको तपाईको यात्रा र आगामी राजनीति बारे के भन्नु हुन्छ ?***

- नेपाल विद्यार्थी संघको लामो समयसम्म महाधिवेशन नभएको कारणले प्रथम कुरा हाम्रो संगठनलाई विधिविधान पद्धति अनुसार हिडाउनु पर्नेछ । लामो समय सम्म स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन नभएको कारण त्यो निर्वाचन गराउनु पर्ने दायित्व पनि नेविसंघको हो । देशमा रहेका यावत समस्या संविधानका विषयमा, संघीयताका विषयमा र राजनीतिक पार्टीहरूको दुरी घटाउनको निमित्त पनि सम्पूर्ण विद्यार्थी संगठनको नेतृत्व गर्दै अग्रसर लिनु पर्ने आवश्यकता छ । शैक्षिक क्रान्तिको आँधि-बेहरी सिर्जना गर्दै आवश्यकता, रोजगारमूलक आर्थिक क्रान्ति उन्मूख प्रयोगात्मक शिक्षा मार्फत मुलुक सम्वृद्धि गराउनु नै हाम्रो प्रमुख दायित्व हो ।

***हालै सम्पन्न नेपाल तरूण दलको महाधिवेशन पछिको अवस्था र जटिलता बारे तपाईको बुझाई के छ ?***

- लोकतन्त्रमा सर्वमान्य नेतृत्व भनेको संगठन निर्माण गर्नको लागि सुन्दर पक्ष हो । तर सर्वसम्मत नेताहरूको बिचमा हैन तरूण दलका देश भरका प्रतिनीधि र पार्षदहरूको बिचमा हुनुपर्थ्यो, त्यसमा पार्टी नेतृत्व चुकेको हो ।

***नेपाल विद्यार्थी संघ पनि गुटबन्दी राजनीतिमा होमिएको प्रस्टै देखियो नि, अबको बाटो कस्तो रहला ?***

- नेपाल विद्यार्थी संघमा गुटबन्दी हुनै पर्छ र संगठनभित्र समस्या रहिरहने, समस्याको समाधान नहुने रीतिले संगठन गुमराहमा पर्छ । यसबाट संगठन चलायमान हुन सक्दैन । संगठन भित्रको समस्या पछिको गुटबन्दी संगठन निर्माणका लागि, राजनैतिक, शैक्षिक एजेण्डाका लागि मुलुकको अग्रगामी परिवर्तनका लागि आ-आफ्नो रोडम्याप निर्माण गरी त्यसमा गुटबन्दी हुनु पर्ने हो, आ-आफ्नो एजेण्डामा मत र फरक मतको बिचमा गुटबन्दी हुनुपर्ने हो, हुन सकिरहेको छैन ।

***पार्टी नेतृत्वसँग तपाइहरूका चित्त दुखाई केहि छन् कि ?***

- नेपाली कांग्रेस स्थापनाकालदेखि नै नेपाल र नेपालीको जात, लिङ्ग, भाषा, भाषी, भुगोलको एजेण्डा बोकेको ऐतिहासिक पार्टी हो । यो जसरी सबै उपग्रहको केन्द्रबिन्दु ग्रह हुन्छ, सबै ग्रहको केन्द्रबिन्दु सूर्य हुन्छ, त्यसैगरी नेपालमा सबै राजनीतिक दलहरूको केन्द्रबिन्दु नेपाली कांग्रेस हो र हुनुपर्छ । त्यो दिशामा कही कही चुकेको हो कि जस्तो देखिन्छ, नेतृत्वले यस विषयमा विचार पुऱ्याउनु पर्छ ।

***भारत लगायतका देशहरूको वैदेशिक हस्तक्षेप बारे के भन्नु हुन्छ ?***

- वैदेशिक हस्तक्षेप हुनु हुँदैन र हुन दिनु पनि हुँदैन । नेपाल रहेमात्र म नेपाली कांग्रेस हुन्छु । नेपालै रहेन भने नेपाली होईंदैन । वीपी कोइरालाले भारतको नेतृत्वलाई र चीनको तत्कालीन नेतृत्वलाई नेपालको सार्वभौम सत्ताको विषयमा प्रधानमन्त्री भएका बखत दुवै तत्कालीन उदयमान विशाल यी दुई राष्ट्रहरूलाई माफी मगाएको कुरामा वर्तमान नेतृत्वको चेत खुलोस् । नेपाल मुलुक हाक्ने नेपालीले नै हो, यो विषय नेतृत्व पंक्तिले पक्कै बुझ्नु हुनेछ, यहाँ भित्रका समस्या हाम्रै कमी कमजोरीले उब्जिएका हुन्, समस्याको समाधान हामीले नै गर्नुपर्छ ।

***नेपालको भविष्य कस्तो देख्नु हुन्छ ?***

- नेपालमा सबै कुरा भरीभराउ छन् । हामीले धार्मिक एवं सांस्कृतिक रूपले, पर्यटकीय हिसाबले, जलस्रोतका हिसाबले, खनिज एवं जडीबुटीका हिसाबले, प्राकृतिक मनोरमको दृष्टिले विश्वमा नै नेपाल चिर परिचित छ तर यी कुराहरूलाई व्यवस्थापन नगरी राजनीतिक दल र नेतृत्व पंक्तिले मुलुक अगाडि बढाउन सकिरहेका छैनन्, हाम्रो कमजोरीलाई, हामी भित्रको समस्यालाई समाधान गर्नुपर्छ, विश्वमा भविष्य नेपालको नै छ ।

***नेपालको संविधान संशोधन गर्नै पर्छ त ?***

- संविधान के का लागि : संविधान नेपाली जनता र नेपालको सम्वृद्धिका लागि, संविधान कसले बनाएको ? नेपाली जनताले । नेपाली जनता नै पक्ष-विपक्ष हुने गरी राजनीतिक द्वन्द्व अगाडि जसरी बढिरहेको छ, यसले द्वन्द निम्त्याउने खतरा छ । यो मेची महाकाली, हिमाल-पहाड-तराई, जात, लिंग, धर्म सबैलाई मान्य हुने गरी बनाउनु पर्छ, व्यक्ति, समुदाय, धर्म, भुगोल, पार्टी भन्दा माथी उठेर अगाडि बढ्नुपर्छ । होइन भने संविधान एक-दुई-तीन कार्यान्वयन गराउनु पर्छ, त्यसको लागि सरकार आफै अग्रसर हुनुपर्छ ।

***अन्त्यमा के भन्नुहुन्छ ?***

- अन्तमा नेपाल विद्यार्थी संघको महामन्त्रीको हिसाबले संगठन भित्रका समस्या समाधान गर्दै शैक्षिक क्रान्तिको आधीबेहरी सिर्जना गर्दै सम्पूर्ण विद्यार्थी संगठनको नेतृत्व गर्न सक्ने संगठन निर्माणमा देश भरीका लोकतन्त्रप्रेमी साथीहरूले नेपाल विद्यार्थी संघलाई सहयोग र साथ दिनुहुन म अपिल गर्दछु । अग्निचक्रलाई धन्यवाद । ००

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## काठमाडौ उपत्यका सडक विस्तार आयोजना

सचेतमार्ग, नयाँ बानेश्वर काठमाडौ

- सडक प्रयोग गर्दा अपाङ्ता भएका (शारीरिक कमजोरी तथा दृष्टि विहीन) नागरिकलाई प्राथमिकता सहयोग गरौं ।
- सवारी चलाउँदा र सडक फुटपाथ प्रयोग गर्दा ध्यान राख्नु हुनु सबैमा अनुरोध छ ।
- दुई वा दुई भन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
- बाटो काट्दा, लेन क्रसिङ, आकाशेपुल, सव-वे अथवा पेलिकन बत्ती वा कुनै नभएको ठाउँमा सुरक्षित तवरबाट बाटो काटौं ।
- सडक बत्ती भएको ठाउँमा पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा मोवाइल फोनको प्रयोग नगरौ ।
- जथाभावि ओभरटेक नगरौं, दाइनेपट्टीबाट आफू अगाडिको गाडीले संकेत दिएपछिमात्र ओभरटेक गरौं ।
- विपरित दिशाबाट आउने साधनको लेनमा प्रवेश नगरौं ।
- पैदलयात्रीले जान अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔ ।
- निश्चित तोकिएको ठाउँ (वस स्टप, ट्याम्पो स्टप) बाट मात्र यात्रु चढाउने र ओराल्ने काम गरौ ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमताभन्दा बढी यात्रु/ओजन नबोकौं ।
- हामी सबैले ट्राफिक नियमको पालना गरौ र गर्न लगाऔ । दुर्घटनाबाट बचौं बचाऔ ।

**राष्ट्रिय पहिचानको जगेर्नाका लागि नेपाली सांस्कृतिक परम्पराको प्रबर्द्धन र सम्बर्द्धन गर्नु हामी सबैको नैतिक दायित्व हो ।**

हिन्दुस्तान पेट्रोलियम
HP

**राजकुमार गोयल**
तथा
**कन्काई आयल सप्लायर्स**

नागपोखरी, नक्साल, काठमाडौं । फोनः ०१-४४१६०३०/३१

**डिभिजन सडक कार्यालय काठमाडौंको अनुरोध**

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण एवं संवर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो । विभिन्न सडक खण्डको अनाधिकृत रूपबाट सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होडिङ बोर्ड राख्ने, निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिसाउने एवं फोहोर फाल्ने इत्यादी कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकुल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरू नगर्न नगराउनु हुन सम्बधित सबैलाई यस डिभिजन सडक कार्यालय हार्दिक अनुरोध गर्दछ ।

**डिभिजन सडक कार्यालय**
काठमाडौं ।



## सुनिता राणा

*आत्मज्ञानी ध्यानसाधक*

# सुख दु:खको साक्षात्कार गराउने मन नै हो

*बैतडीमा जन्मनु भएकी सुनिता चन्द (राणा) पूर्वप्रधानमन्त्री एवं राप्रपाका शिर्षस्थ वरिष्ठ नेता लोकेन्द्र बहादुर चन्दकी माइली छोरी हुनुहुन्छ । बाल्यकालको शिक्षा बैतडी मै प्राप्त गरेकी वहाँले राजधानी आएर थप शिक्षा अध्ययन गर्नु भएको हो । पिता प्रधानमन्त्री भएकै समयमा ०४१ सालमा प्रधानमन्त्री निवासबाटै प्रहरी निरीक्षक प्रबल शम्शेर राणासँग विवाह बन्धनमा बाधिएकी सुनिताका दुई पुत्र अहिले अमेरिका र बंगलादेशमा उच्च शिक्षा अध्ययनको क्रममा रहेका छन । विवाह भएको २१ वर्षमा हृदयघातका कारण एसएसपी श्रीमानको स्वर्गवास पछि उहाँ विपस्यना ध्यान साधनामा लिप्त हुनुभयो । दु:खकष्ट र तनावबाट मुक्त भई शान्ति र आनन्दका लागि विपसना ध्यान गर्दै गएपछि बाँच्न सजिलो भएको बताउने वहाँ अहिले 'आत्मज्ञानी ध्यानसाधक' बनी सक्नु भएको छ । वहाँसँग अग्निचक्र मासिकले गरेको कुराकानी यहाँ प्रस्तुत गरिएको छ :*

***तपाईंको पारिवारिक जीवनलाई अग्निचक्र मार्फत प्रष्ट पारिदिनुहुन्छ कि ?***

- वरिष्ठ राजनीतिज्ञ तथा पूर्वप्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दज्यूका दुई जना धर्मपत्नी सुभद्रा चन्द र दिव्येश्वरी चन्दका हामी ७ जना छोराछोरी हौं । जयन्त दाई जन्मिएपछि सुशीला दिदी जन्मनु भएको हो अनि म र मीरा पछि भाई अरूण, विनोद र भुपेन जन्मिएका हुन् । हामी ४ जना जयन्त दाई, म, मीरा र भुपेन चाहिँ कान्छी आमातिरका हौं । ०४१ सालमा मेरो बिहे भएको हो र ०४४ मा जेठो छोरा अनि ०४८ मा कान्छो छोरा जन्मिएका हुन् । प्रहरी प्रधान कार्यालयमा बहालवाला एसएसपी भएका बखत मेरो श्रीमानको हृदयघातका कारण वीर अस्पतालमा निधन भयो । त्यसपछि मलाई भगवान् छैनन् कि क्या हो जस्तो भो अनि म अध्यात्म ध्यान विपस्सना तिर लागेँ र अहिले ध्यान साधक भई बाँच्न सिकिरहेकी छु आत्मज्ञानी बनेर । अहिले मलाई भगवान्को कृपा छ भन्ने कुरा अध्यात्म मार्फत बाँच्न जान्ने कला सिकेकाले विश्वास लागिरहेको छ ।

***विपस्यना - ध्यानबाट के के प्राप्त गर्नु भो, विस्तारमा बताइदिनुस् न ?***

- पारिवारिक माया र प्रेममा मिलेर बसेको मेरो सुखी परिवारमा जब मैले जीवनसाथी गुमाएँ, त्यतिखेर जेठो छोरा अमेरिका गएको थियो र सानो छोरा म सँगै थियो । त्यो दु:खको क्षणमा मलाई बाँच्न धेरै गाह्रो परिरहेको थियो तर जब मैले ध्यान गर्न थालें तब मलाई विस्तारै सजिलो हुदै गयो । दश-दश दिनको ध्यान गर्न ६ चोटी गईसकेकी छु । ध्यानले धेरै कुरा दिन्छ । बाँच्ने कला सिकियो, शान्तिले बाँचेकी छु अहिले । म को हुँ भनेर चिन्ने मौका पाएँ । हामी कहाँ अल्मलिएका रहेछौं, संसार के रहेछ, सबै बुझें, महसुस गरें, हिजोको बेहोसी र अचेत जस्तो जीवन अहिले पूर्ण होसमा छ, आन्तरिक रूपमा बलियो भइयो, जे भो राम्रै भो, जे भइरहेछ राम्रो भइरहेको छ र जे हुनेछ राम्रै हुनेछ भन्ने कुरा प्रष्ट बुझें । पोजेटिभनेस भएपछि अरूको मंगलकामना र आत्मा एवं परमात्मालाई चिन्ने अवसर ध्यानद्वारा पाएँ । हरेक दिन बिहान एकघण्टा ध्यान र योगा गर्दै रूटिङ लाइफमा जीवन बताइरहेकी छु अर्थात जीवनलाई राम्रोसँग बुझेकी छु, सुखमय जीवन छ मेरो ।

***भनेपछि तपाईको जीवन अहिले अध्यात्ममय छ ? कसरी ?***

- समर्पण र भक्ति बुझेर शान्त बस्नुको आनन्द नै बेग्लै छ । अध्यात्म अँगालेको हुनाले म सन्तुष्टीले बाँचेकी छु । आफूलाई चिन्नु, संसारलाई चिन्नु र आनन्दले शान्तिका साथ बाँच्नु नै अध्यात्मिक जीवन हो । शाकाहारी जीवनशैली छ मेरो । भगवान्को कृपाले मेरो दुवै छोराले राम्रो बाटो लिएका छन्- सोचेभन्दा राम्रो । मेरो मालिक 'म' नै हो भन्ने बुझेकी छु । सरल र अनुशासित जीवन बिताउँन पाइएको छ । चारधाम गइसकेकी छु, केही बाँकी छन्- भोलिका दिनमा जाने सोच छ- मानसरोवर जाँदा जानेछु । अध्यात्म भनेको बाँच्न जान्ने कला पनि हो । श्रीकृष्ण मुखारविन्द गायन गरिएकी गीताको सहाराले अझ सजिलो भएको छ । शुद्ध बनेर मनलाई पवित्र बनाई क्रोध, लोभ, मोह, अहंकार त्यागेकी छु र योगका यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि बुझेपछि मेरो जीवन अध्यात्ममय भएन र ?



***मन भनेको के हो र दुःखको नाश कसरी गर्न सकिन्छ त ?***

- सुखदुःखको साक्षात्कार गराउने मन नै हो । जाग्रत्, स्वप्न र सुषुप्ति ३ अवस्थामा मनको सत्ता रहिरहन्छ । इच्छा, द्वेष, ईर्ष्या, अभिमान, प्रयत्न, दुःख, सुख, शरीर, इन्द्रीय, ज्ञान, आत्मा र बुद्धि सबै मनका रूप हुन् । ईश्वरभक्तिले मनको स्थिरता प्राप्त हुन्छ र मनको एकाग्रता भएमा सबै दुःखको नाश हुन्छ किनभने सुख र दुःखको कारण मान्छेको आफ्नै मन हो अर्को कुरा प्रत्येक आत्मामा मनको निवास रहन्छ, मन सुक्ष्म छ, देख्न सकिँदैन तर गतिशील छ ।

***एक्काइसौं शताब्दीको वैज्ञानिक युगमा अध्यात्म आवश्यक छैन भन्नेहरूलाई तपाईको जवाफ के छ ?***

- आजको यो भौतिक संसारमा सबै थोकले परिपूर्ण भएतापनि मान्छेलाई शान्ति छैन त्यसकारण अहिलेको संसारमा अध्यात्म झनै आवश्यक छ । विश्वभर जहाँ सुकै बसेका मान्छेलाई पनि आराम ले स्वतन्त्रता पूर्वक बाँच्न चाहन्छ भने उसलाई शान्ति चाहिन्छ त्यसका लागि अध्यात्म आवश्यक छ अहिलेको समाजलाई । मनबाटै सिद्धि प्राप्त हुने भएकाले ईश्वर भनेकै मान्छेको मानसिक दृष्टि हो, चित्रवृत्तिको एकाग्रता ध्यान हो भने धारणा ध्यानबाट हुने संयम नै समाधि हो । त्यसैले यी कुराहरू अध्यात्मबाट मात्रै पाइन्छ भन्ने मेरो बुझाई हो ।

***अग्निचक्र मासिक मार्फत भन्नु पर्ने तपाईका अन्तिम भनाई वा इच्छा के छ त ?***

- लक्ष्मीनारायण जी, मेरो भन्नु यति मात्रै हो, ल सुन्नुस् :

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग्जनः ॥
ॐ शान्ति, ॐ शान्ति, ॐ शान्ति ॥ ००



आत्मज्ञानी ध्यान साधक सुनिता चन्द (राणा)का दिवंगत श्रीमान् नेपाल प्रहरीका तत्कालीन एसएसपी प्रवल शमशेर राणा




आत्मज्ञानी ध्यान साधक सुनिता चन्द (राणा) श्रीमान् एवं छोराहरूका साथमा

# मसान्त



– लोकेन्द्रबहादुर चन्द

रिस उठेको बखत कसैकसैले नन्दीलाई फेरकल्ली पनि भन्ने गर्दछन्, यस शब्दका दुइटा अर्थ हुन्छन् एक घुमन्ते र अर्को यस क्रममा धेरै पति बनाइसकेकी आइमाई । नन्दी पक्कै घुमन्ते हो तर भ्रष्टचरित्रकी होइन । उसले आफ्नो इच्छाले अर्को पुरूषलाई वरण गरेकी छैन । बलात्कारको शिकार भएकी रहिछे भने त्यो चाहिँ उसको आफ्नो इच्छा र चाहनाको कुरो होइन । भगवान् अन्तर्यामी छ । त्यसैले उसलाई विश्वास छ कि मरेपछि भगवान्को अदालतमा ऊ निष्कलङ्क ठहरिने छे । हो, ऊ एक ठाउँमा अड्केर बस्न भने सक्तिन, यताउता डुलिरहन्छे, स्थिर भएर बस्न उसको खुट्टामा बसेको शनि चक्रले दिँदैदिन्न । कसैको आश्रयमा बस्न हुँदो रहेनछ भन्ने कटु अनुभव ऊसित छ । सनातनी कर्मकाण्डी पिताको घरमा ऊ जान सक्तिन । आफू जन्मेका यी केही गर्खाहरू छोडेर अन्त कतै जान उसको मन लाग्दैन । महाकाली र सेती नदीका बीचको भूभाग नै उसको भ्रमण स्थल हो । ऊ दुइटै नदीको उद्गमस्थलसम्म पनि पुगेकी छे, ऊ सोभन्दा उत्तरतिर भने हिउँ र विष (हावापातलो हुँदा दम लाग्नु)को कारणले जान सक्तिन । ऊ यसै भू-भागका कुना काप्चा खोला-रोडा डाँडा-काँडामा घुम्दै रहन्छे । मानिसको भनाइ छ दिन-दुःखी नन्दी उपर ग्रामबासी देवताहरूको ठूलो करूणा छ । जब ऊ यी गर्खाहरूको सिमाना नाघ्न खोज्छे । उसका आँखा पट्ट बुझिन्छन् । आँखा नदेखेपछि उसले सिमानाबाट फर्किनुपर्ने हुन्छ । मानिसहरूको भनाइ छ- यस्तो यस कारण हुन्छ कि नन्दी सीमा पारी मुगलानतिर गई भने कसैले उसलाई फकाएर बेचिदिन सक्थ्यो र त्यहाँ उसलाई वेश्यावृत्ति गर्न बाध्यता पर्नसक्थ्यो होला । ब्राह्मण कन्या कुन्नि कुन-कुन जातका पुरूषहरूसँग उसको सम्बन्ध (सम्पर्क) हुनसक्थ्यो होला र ब्राह्मण कन्याका कुन्नि कति जन्महरू यसै पापको फल भोग्न बिग्रेर जान सक्थे होलान् । ग्रामवासी देउताहरू निर्धा र दुःखीमाथि दया गर्ने हुनाले नन्दी यी गर्खाहरूभन्दा बाहिर जान सक्तिन अथवा जान खोज्दिन । जे होस् नन्दी भने सोच्छे- आफ्ना भनाउँदा मानिसहरूको बीचमा त आफ्नो सत्य सुरक्षित राख्न यतिको गाह्रो पर्छ भने पराइहरूका बीचमा के होला ? यस कारण ऊ ती सीमाहरू बाहिर खुट्टा राख्दिनथिई ।

उसलाई राम्री भन्न सकिन्छ । बाटुलो अनुहार, पातला गुलाबी ओठको हाँसो चञ्चले लाम्चा आँखा, ठीक्क मिलेको जीउ । उसको उन्मुक्त चौछल्लेपन र घुमन्ते बानी कुनै पनि कामुक पुरूषको लागि पर्याप्त आकर्षण हुन सक्छन् । बेला मौकामा यस्ता आक्रमणकारी नरबाँसाहरूसँग जोगिनु कहिले ऊ 'मलाई त गर्मी (राजव्यथा) को रोग छ, सर्ला अनि थाहा पाउलास्' भनी फुत्किन्छे । उसको सबभन्दा ठूला सहायक आङ्रो (चोलो) को माथि गर्दननिर आई चियाई रहने सेता दाग छन् । केटाकेटीमा तातोदूधको छीटाले यो दाग बसेको हो, तर ऊ आफ्नो असुरक्षित अवस्थामा यसलाई देखाउँदै- 'हेर यो कोढको दाग हो, मसित लसपस गरिस् भने कोढिन्छन् अनि देख्लास् तेरा बाबुको बिहे' भन्छे तब त्यो कामुक मान्छे कुकुरले पुच्छर लुकाए झैँ गरी भाग्छ, ऊ हाँस्छे खित्का छोडेर ।

तर ऊ बौलाही होइन । बढीमा उसका दिमागका पेच केही बढी कसिएका अथवा खुस्केका हुन सक्छन् । अलि असामान्य भने छे ऊ । असामान्य यस मानेमा कि वन-जङ्गलमा कुनै पुरूष वा नारीको दोहोरी गीतको कुनै टुक्रा गाएको सुन्नासाथ ऊ हातको गाँस हातैमा थामेर वा जस्तै कचहरी (कछहरी) बीच बसेकी भए पनि जबाफी गीत गाइहाल्छे, आफूलाई रोक्न सक्तिन । यो उसको विवशता हो या विद्रोह, उसैलाई मात्रै थाहा छ । यहाँ सामाजिक मर्यादा छ कि आइमाईहरू वनमा घास पात काट्ने बेला मात्र आपसमा दोहोरी गीत गाउन पाउँछन्, कि त चाडपर्वमा त्यो पनि आइमाईहरूका बीचमा मात्र, अन्त कतै पनि पाउँदैनन् । नन्दी यस मर्यादालाई हाँक दिँदै गाइरहन्छे । उसको कण्ठ साह्रै सुरिलो छ, यसैले खुलेआम पुरूषहरूको भेलाबीच गाएको बेला आइमाईहरू झ्यालबाट लुकी लुकी सुन्छन् र मन्त्रमुग्ध भई 'कठै बरी !' भन्छन्, तर यसरी चोरी चोरी गीत सुनिराखेको बेला कुनै वयस्क पुरूषले उनीहरूलाई पक्रिहाले छन् भने 'कस्ती लाज नभएकी बौलाही' भनी काम धन्दातिर लाग्ने उपक्रम गर्छन् । यस बाहेक पनि ऊ लोग्ने मान्छेहरूले गरेको ठट्टा र व्यङ्ग्यको दुईहातमाथि भएर नै जवाफ दिन्छे, उदाहरणार्थ कसैले उसको पुष्ट वक्ष उपर कटाक्ष गरेको खण्डमा- 'एकपल्ट चुसी हाल्न मोरो ! त्यै उमेर छ त तेरो, अझै होस् फिऱ्या छैन ?' भन्दै खित्का छोडेर हाँस्छे, यस्तै यस्तै कारणहरूले उसलाई असामान्य भन्न मिल्छ ।

खेतीपाती काट्ने याममा अथवा रोप्ने गोड्ने याममा नन्दीलाई कुनै समस्या पर्दैन । ज्याला नलिकनै खाली दुई छाकको भरमा खेतीपातीको काममा मद्दत गरीदिने भएकीले जताततै उसको स्वागत हुन्छ । हो, आरू फुल्ने र पाक्ने बेला अर्थात् चैत्र र साउनतिर भने केही समस्या पर्छ । यी महिनाहरूमा गाउँ घरमा धेरै गाउलेहरूसँग आफूसँग खाने अन्न पनि हुँदैन । त्यस्ता घरधनीहरूलाई लज्जित पार्न ऊ तिनको दैलोमा जाँदिन । ऊ सैकडा दश जति खानलाउन पुग्ने घरहरूलाई चिन्दछे र त्यहाँ पुगिहाल्छे । ती घरहरूमा पनि उसको तिरस्कार भने हुँदैन । परिआएको कम सगाइदिन्छे र रातितिर मीठो भाषामा रतेडा, भैन, चाँचरी आदि गाई रात कटाउन घरधनीहरूलाई मद्दत गर्छे ।

ऊ घुमन्ते त छ नै यसर्थ केही रमाइला घटनाहरू पनि ऊसँग घटित हुन्छन् र ऊ निसङ्कोच सबैलाई सुनाउँछे । तीनचार वर्षअघिको एउटा हिउँदको साँझ पख ऊ सप्तशृङ्गको गोरेटोमा एक्लै हिँडिरहेकी थिई, एक जना पुरूष उसलाई पछ्याउँदै आइपुग्यो । यसो हेर्दा तल्लाघरे लुते रहेछ । मितेरी साइनो

पनि पर्ने भएको हुनाले ऊ ढुक्क भएकी थिई तर लुते भने टन्न रक्सी पिएकोले मात लागि लरखराउँदै थियो । अब भयो ? प्रणयको याचना गर्दै लुते लुटपुटिन थाल्यो र हातपात गर्न पो तम्सियो । नन्दीको पालो लुतेलाई भुइमा पसारी मुखभरि त्यहाँ मिल्किरहेको घोडाको लिदी कोचेर दुई थप्पड हिर्काएर सरासर हिंडी । त्यतिले के पुग्थ्यो नन्दीले यो कुरो आमबजार पनि गरिदिई, खेप्न नसकेर बिचरो लुते मुग्लान पस्यो र हाल भर्खर मात्रै घर फर्केको छ । अब रक्सी पिउँदैन, हातमा पैसो पनि छ र भलाद्मी पनि हुन खोज्छ, तर भेट हुनासाथ नन्दी 'अहिले तँ भलाद्मी भइछस् घाँस मात्र खाए त के हुन्थ्यो, पेटभित्र पाकेको घाँसको क्वाँथ मैले खुवाएकी हुँ अनि पो सप्रेछस्' भन्दै हास्छे । यसैले बीचरो लुते नन्दीले हिँडेको बाटो नै हिँड्दैन् र जम्काभेट भए पनि बाटो काटी टाप कस्छ ।

गए जेठ महिनाको कुरा हो ऊ एक साँझ ठुटे पण्डितको घरमा बास बस्न पुगेकी थिई । पण्डितले ठूलै भलाद्मी आइपुगे जस्तै गरी खानपानलगायतमा स्वागत गऱ्यो । अलग्गै कोठामा बाक्लो ओछ्यान मिलाउँदै 'तपाईंसँग मेरी छोरी पनि सुत्न आउनेछ ।' भन्दै आफ्नी श्रीमती अहिले कि तहिले बच्चा पाउने भएकीले छोरीलाई सुतकमा न डुबाउन उसलाई पनि अलग्गै सुताउने कुरो गऱ्यो । रात निक्कै परेपछि धोती चोलो लगाएको एक आकृति कोठामा पस्यो । विचित्रको गन्ध त आएकै थियो उसले आफूसित सुत्न त दिई तर एक्कै छिनपछि उसलाई बुझ्न बेर लागेन कि त्यो छोरी न भएर बैँस पुगेको छोरो थियो । सलाई कोरेर हेर्दा त्यहाँ त ठूटे पण्डित आफै पो देखापऱ्यो । बल्ल उसले ठूटेको आगत् स्वागत र सटपटको अर्थ बुझी, रिस रोक्न नसकी तथानाम गाली गर्दै छेउमा पर्सेको आग्लोले ठूटेलाई बजार्न थाली । छरछिमेकी जम्मा भए गर्भिणी स्वास्नीले समेत प्याच्च थुकी । ठूटेको हुर्मत गयो र ऊ अब गर्खा छोडेर दुई बास टाढाको खर्कमा बस्छ आफ्नो सम्पूर्ण परिवारलाई लिएर ।

२

नन्दीले बत्तीस शिशिर पार गरेर सकेकी छे । एकपल्ट हिँड्दा-हिँड्दा अग्लो डाँडामा वनेको धर्मशालामध्ये कुनै एकमा ऊ बास बस्न पुग्छे । ऊ एक तमासले टाढा चारैतिरका घरहरूमा उज्यालो टल्किरहेको हेरिरहन्छे, साह्रै रमाइलो लाग्छ उसलाई । आफू केटाकेटी छँदाको बखत याद आउँछ । ऊ सम्झन्छे कि उसको निन्द्रा खुल्दा धेरैजसो भुकभुके उज्यालो भइसकेको हुन्थ्यो । कहिलेकाहीँ झ्यालबाट एक दुई धमिला तारा पनि देखा परिरहन्थे । उसका पिताजी न बुझिने भाषामा मीठा मीठा भाकामा केही गाइरहेका हुन्थे फेरि शङ्ख घन्टको ध्वनि गुञ्जायमान हुन्थ्यो यो उसलाई साह्रै रमाइलो लाग्थ्यो । ऊ ओछ्यानमै पल्टेर आनन्दले यी ध्वनिहरू आत्मसात् गरिरहेकी हुन्थी । अलि ठूली भएपछि पिताले पाटीमा लेखाए-पढाएको पनि सम्झन थाल्छे । अलिक अझै ठूली भएपछि ऊ साह्रै सबेरै उठेर पूजाको लागि फूल चन्दन अछेता राख्ने अनि पञ्चपात्रमा पूजको पानी राख्ने काम गर्थी । एक किसिमले यो काम उसकै जिम्मा थियो । यो काम गरेपछि ऊ दिनहुँ ओछ्यानमा पसारिन्थी र पिताजीले गरेको स्तुतिपाठ र शङ्खध्वनि पल्टी-पल्टी आनन्दसाथ सुत्ने गर्थी ।

बाहुनकी कन्या दश वर्षको उमेरमा बिहे भयो केटाकेटीहरूले खेल गरेजस्तै गरी एक दिनका लागि पोइको घरमा बसी अर्को दिन माइतीघरमा नै फर्केर त्यहीँ बसिरही । उसलाई आफ्नो लोग्नेको अनुहार पनि याद थिएन । ऊ सुन्ने गर्थी उसको लोग्ने आर्मीमा (सेनामा) भर्ना भएको छ । 'पल्टने पोसाक क्या राम्रो देखिन्छ ?' केही पोइली र माइतीहरू भन्थे अनि नन्दी घिच्रो निहुँराइ लजाउँथी । बिस्तारै कहिले नदेखेको त्यस पल्टने लुगा लगाएको मानिसप्रति भने उसलाई माया लाग्न थालिसेकको थियो । ऊ सोह्र वर्षमा टेक्न थालेकी थिई कि पोइलबाट उसलाई बोलाउन मानिसहरू आए उसको लोग्ने पनि बिदामा भर्खरै घर आइपुगेको खबर लिएर । बाबु र भाइहरूसँग बिछोड हुने पीडाले गाँजेकै थियो । आँसु पनि झरे नै तर मनमा एउटा खुल्दुली बोकेर ऊ पोइल पुगी, सुहागरात मनाइयो तर अर्को दिन लोग्ने बिरामी पऱ्यो । धामी, झाँक्री, ज्योतिष, बैध कहाँ धाउँदा पनि निको नभएर तीन दिनको बिरामीमै उसको लोग्ने मरिहाल्यो, नन्दीलाई सधैको लागि अलच्छिना र हत्यारिणीको तक्मा भीडाएर । उसको लोग्ने मधेसबाट पहाडमा फर्केको थियो त्यो पनि जेठको महिनाको टन्टलापुर घाममा । यसरी मधेसबाट पहाड आएर सरासर आठ-दशदिनसम्म अमिलो खानुहुन्न, सहबास गर्नुहुन्न, अरु के के जाति संयम गर्नु पर्छ भन्ने कुरो गाउँघरमा गरिन्छ । नन्दीको लोग्नेले संयम राखेन । त्यसैले जिब्रो फाटी सन्निपात भएर ऊ मऱ्यो भने यसका लागि संसारभरिमा नन्दीबाहेक अरु को दोषी हुनसक्थो ? भर्खरको कलकलाउँदो बैश र घरभरि नगद कमाउने एकमात्र युवकको मृत्यु घरपरिवारका लागि जति बढी दुःख दायक थियो घरपरिवारको दृष्टिमा नन्दीको अपराध त्यतिकै बढी ठहरिन जान्थ्यो ।

नन्दीले माइतीघर गई आफ्ना बाबुका आजा-पूजाका लागि फूल टिप्न र सानो भाइको स्याहार गरीदिने कल्पना नगरेकी हैन, यसले उसको पीडा पनि कम हुनसक्थ्यो होला तर सासू र जेठाजीउले छोड्न मानेनन् । आखिर भाँडा मस्काउने, घाँस काट्ने, पानी भर्ने, जातरी-ओखती गर्ने अर्थात् सबेरैदेखि राती अबेरसम्म काममा जोतिने र पेटभरि खाना नदिए पनि पुग्ने खालको जन्तु कहाँ फेला पर्थ्यो र ? यसैमा थप यदाकदा अलच्छिनी, पोइ टोकाही भनी अरूमाथि उठेको रिस पनि खन्याई मन हलुङ्गो पार्न काम लाग्ने अलभ्य जीनस पनि कहाँ पाई ल्याउन सकिन्थ्यो र ? नन्दीले बाबुको मुखबाट स्वस्थानीमा चन्द्रावतीले बालुवामा गाडिन परेको कथा, द्रौपदीले झन्डै निर्वस्त्र हुनुपरेको र जम्मै छोराहरू गुमाउन परेको कथा सुनेकी थिई । दमयन्तीको कथाका केही अंश ऊ जान्दथी भने सीताको कथा त उसलाई कण्ठ नै थियो । अतः ती दुःखका कथाहरू सम्झी-सम्झी ऊ आफ्नो अथवा एक नन्दीको नियति बुझ्थी र बाँचेकी नै थिई अनुभूति र भावविहिन मेसिन जस्ती भएर ।

३

सबै सुतिसकेपछि पनि गाईगोरूलाई घाँस-पराल हाली भाँडाकुँडा मस्काई सक्दा आधारात गइसकेको हुन्थ्यो । सुत्ने कोठामा पस्नासाथ आग्लोहाली पल्टिन्थी । धन्य निन्द्रादेवी दाइने थिइन् र ऊ भुसुक्क निदाउँथी । यता केही दिनदेखि उसको ढोका कसैले ढक्ढकाएजस्तो लाग्न थालेको थियो । 'को हो हँ' अर्धनिन्द्रामा ऊ बरबराए जस्तै गरी कराउँथी । छेउको कोठाबाट उसकी सासू 'केभो मेरी लच्छिनकी बुहारीलाई' खोक्दै भन्दथी र त्यो खटपट बन्द हुन्थ्यो । त्यस दिन उसको लोग्नेको पैँतालिस दिनको क्रियाकरम थियो । सासुको आज्ञाअनुसार नुवाइधुवाइ बसेकी थिई । अलि ढिलो तर

एकपल्ट मात्र खाना खाने परिपाटी भएकोले भोजका भाडाहरू मस्काई अरू दिनभन्दा चाँडै ऊ पनि सुत्न गएकी थिई । आज भने निन्द्रा परिराखेको थिएन, घरि घरि लोग्नेको अन्तिम बेलाको अनुहार सम्झनामा आई आँसु टलबलाउन थालेका थिए । एक्कासि उसलाई कोठामा कोही अरूभए जस्तो लाग्यो । आग्लो त उसले लगाएकी नै हो । सायद कोही अघिदेखि नै कोठामा लुकी-ढुकी बसेको थियो क्यारे ! हत्तारिएर उठ्न लागेकै थिई कि उसको मुख च्याप्प च्यापेर एउटा बलिष्ट पुरुषले उसको वैधव्यको सत्य बिगारिदिएको थियो । नन्दीले त्यस अन्धकारमा समेत कुकर्मीलाई ठम्याइहाली, प्रत्येक पुरुषहरूको जीउ अथवा लुगाबाट एउटा विशेष किसिमको छुट्टाछुट्टै गन्ध निस्किन्छ र आइमाईहरूले त्यसलाई सहजै छुट्टाउन सक्छन् रे ! नन्दीले छुट्याई हाली कि त्यो पापी अरू कोही नभएर निधारभरि चन्दन थुपार्ने देउताको पुजारी कहलाइने उसको आफ्नै जेठाजु हो । त्यस हुतीहाराको लुगा धुनुपर्दा अथवा उसको छेउबाट यताउता जानु पर्दा यस गन्धसित ऊ परिचित भइसकेकी थिई । त्यस घटनाकै अर्को दिन बिहानै ऊ घरबाट निस्केकी थिई र अब फेरकल्ली भएर घुम्दै छे ।

चैत्र महिनाको अन्तिमतिर र जेठको आधाआधीसम्म धुर पहाडहरूमा मौसम रमाइलो हुन्छ । तराईतिरबाट सकिँदै गएको वसन्त आएर पहाडतिर पुगी डेरा हाल्दछ । नन्दी डुल्दै आफ्नो लोग्नेको गाउँको धर्मशालामा आईपुगी, के सुर चढ्यो कुन्नि ! ऊ धर्मशालाको सर-सफाई र घेर-पर्खाल लगाउने कामको थालनी गर्न थाली । धर्मशाला मूल बाटोको छेउमै थियो र गाउँहरू अलिक परै थिए । छिमेकी भनेको एउटा अनिवाल थियो जो तराईबाट आफ्नो भेडाको बथान ब्याँस लैजाने क्रममा केही दिनको लागि यहाँ डेरा गरी बसेको थियो । ऊ आफ्नो ठूलो हँसियाले रूखको पालुवाहरू काट्दै भेडाहरूलाई खुवाउँथ्यो । गोठालो र भेडाहरू दुवैथरीलाई रमाएको देख्ता 'निक्कै दिन बस्छ कि क्या हो' नन्दी मनमनै सोच्ने गर्थी । बिहान उठी छेउ-छाउका गाउँहरूमा गई नन्दी ढोग सलाम गरी धर्मशालाको मर्मतका लागि चाहिने ढुङ्गा खसाल्दिन केही गाउँलेहरूलाई ल्याउँथी र साताको एक दिन दुई जना चिनाइ गर्ने सिपालुहरूलाई पनि ल्याउँथी । उतैबाट माँगेर ल्याएको गहुँ, जौ को पीठो मिची, रोटी पकाई खाने गर्थी, ठीक पन्ध्र वर्ष पहिले यस्तै मौसममा त हो ऊ बेहुली भई आउँदा जन्तीले यसै धर्मशालाको पटाङ्गिनीमा विश्राम लिएको थियो । यसै महिनामा त हो उसले फगत एक चोटि मात्र आफ्नो लोग्नेलाई छोएकी थिई । हुनसक्छ जुन चित्तवृत्तिबाट प्रेरित भई मुगल बादशाह शाहजहाँले मलिका मुमताजको सम्झनामा ताजमहल बनाएको थियो त्यसै चित्तवृत्तिबाट प्रेरित भई उसले पनि यस धर्मशालाको मर्मत सम्भार गरी राखेकी थिई होला । उसप्रतिको करूणाजन्य मायाले गाउँलेहरू निक्कै सङ्ख्यामा आएर यस काममा उसलाई सगाइरहेका थिए, केही दिनपछि उसको जेठाजु पण्डित पवित्रनाथ पनि आउन थाल्यो । उसलाई देख्ने बित्तिकै पहिले-पहिले त नन्दी मुख फर्काई थुक्ने गर्थी, तर के सम्झेर हो पछि जेठाजुले केही कुरा सोधिहाल्यो भने जवाफसम्म दिने तर घृणा भाव नदेखाउने गर्न थाली ।

धर्मशाला मर्मतको काम लगभग सिद्धिइसकेको थियो । चैत्रको मसान्तको दिन झल (साँझ) पर्न आँटेको थियो, नन्दीको जेठाजु खीर दही आलुको तरकारी बोकी आयो । नन्दीलाई खान भनी दिँदा 'पछि खाउँला' जस्तो गरी नन्दीले परिकार थन्क्याई । कुरा गर्दागर्दै नजिक आई जेठाजूले नन्दीको हात समात्यो, नन्दीले हात झड्कारेर छुडाई अनि 'एकै छिनमा आउँछु है' भनी ऊ बाहिर निस्की र सोझै अनिवाल कहाँ पुगी । अनिवालको ठूलो हँसिया मागेर ल्याई र जेठाजू पण्डित पवित्रनाथको गर्दनमा ताकेर हानेर उसलाई ढालिदिइहाली ।

नन्दी कतै नभागी बसी रही, उसको अनुहारमा न कुनै भय थियो, न कुनै पछुतो । पुलिसले हत्कडी पहिराउने बेला पनि ऊ एकदमै शान्त थिई मानौ 'म यत्तिका वर्ष डुल्दाडुल्दा धेरै थाकिसकेकी छु । अब जहाँ बसालिदिन्छौ मजाले बसिदिन्छु' भनी रहे भैँ । ००

*(शब्दार्थ प्रकाशनद्वारा प्रकाशित मेरो कथासङ्ग्रह 'लेमिङहरू' मा संग्रहित 'मसान्त' कथालाई पाठकवर्गको अनुरोधमा 'अग्निचक्र'मा प्रकाशित गरिएको हो -लेखक)*


**आकर्षक ब्याज र उचित प्रतिफलका लागि सधैं सम्झनुहोस्**

**बचत खातामा**
**५.५० प्रतिशतदेखि ६.००**
**प्रतिशतसम्म**
**पाँच वर्षे मुद्दती खातामा**
**१०.०० प्रतिशतसम्म**
**"एकमुष्ट ब्याज" पाइने**
**तपाईंको आफ्नै**
**सिनर्जी फाइनान्स**

**सिनर्जी फाइनान्स लिमिटेड**
**Synergy Finance Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**केन्द्रीय कार्यालय**
मिलनचोक, बुटवल १०, रुपन्देही
पो.ब.नं. २५, फोन: ०७१-५५१५९०/९१
फ्याक्स: ५५१५९२

**कर्पोरेट अफिस**
कमलादी, काठमाण्डौ
पो. ब. नं. २१५०७, फोन: ४४४२४६१/६२/६३
फ्याक्स: ४४४२४६०

साबिक बुटवल फाइनान्स लि., एल्पीक एभरेष्ट फाइनान्स लि. र सिएमबि फाइनान्स लि. एक आपसमा गाभिएर बनेको संस्था



EUROPE BUSINESS ASSEMBLY
"BEST ENTERPRISE AWARD 2016"
LONDON, UNITED KINGDOM



"THE BIZZ 2016"
BUSINESS EXCELLENCE AWARD
WASHINGTON DC, USA

**On the Auspicious Occasion**
**of**
**Completion of 9th Year Operation**




Privileged we are to extend
our heartfelt thanks and gratitude to all of you
**Depositors, Entrepreneurs, Industrialists, Stakeholders and Well wishers**
for your perennial invaluable support and association that helped us elevated to a **Billionaire Net Profit Club** upon singly bank performance
and
being awarded **"Best Enterprise Award 2016"** by European Business Assembly, UK and **"The Bizz 2016" Business Excellence Award** by World Confederation of Business, USA.

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

# नेपालमा लघुवित्तको भविष्य झनै उज्वल छ

## – प्रकाशराज शर्मा, सीईओ, लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.



दाङको मौलीमा २०१४ मा जन्मनु भएका प्रकाश राज शर्माले दाङबाटै २०२९ सालमा एसएलसी उत्तीर्ण गरेर नेपालगंजबाट २०३२ मा आइएस्सी उत्तीर्ण गरी राजधानी काठमाडौं आउनु भएको थियो । राजधानीको अस्कल क्याम्पसमा बिएस्सी पढ्न भर्ना हुनु भएका शर्मा कृषि प्रधान देशमा जन्मेपछि कृषि क्याम्पस पढ्नुपर्छ भन्ने सोचले रामपुर गएर बिएस्सीएजी अध्ययन गरी २०३७ सालमा विएस्सीएजी उत्तीर्ण भएपछि २०३८ साल भदौ देखि नेपाल बैंक लिमिटेडमा कृषि अधिकृतको रूपमा जागिरे जीवन शुरूवात गर्नु भएको थियो । साई बाबाको भक्त भई आफ्नो अन्तरमनको निर्णयलाई फाइनल डिसिजन मान्ने शर्मा २०५१ सालसम्म लगातार नेपाल बैंक लि. मा सेवा गरेपछि ५ वर्ष सुदुर पश्चिमाञ्चल ग्रामीण विकास बैंकमा काम गरिसकेर केही नयाँ गरूँ भन्ने लागेर ०५६ देखि डा. हरिहरदेव पन्त प्रमुख संचालन अधिकृत रहनुभएको निर्धन उत्थान बैंक लि. मा डीजीएम तथा डीसीईओ हुदै एघार वर्षसम्म (०६७ साल सम्म) सेवा गर्नु भएपछि अझ नयाँ केही गरूँ भन्ठानेको बखत मै लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. को संस्थापक सिईओ हुनुभयो र हाल पनि वहाँ लक्ष्मी लघुवित्त कै सीईओ भएर दोस्रो कार्यकालको दोस्रो वर्षमा सेवा गरिरहनु भएको छ । लघुवित्तको क्षेत्रमा सफल सीईओको रूपमा चर्चा पाउनु भएका शर्मासँग अग्निचक्रले गरेको कुराकानी यहाँ प्रस्तुत गरिएको छ :

***लक्ष्मी लघुवित्तको परिचय र उद्देश्य बारे प्रकाश पारिदिनुहुन्छ कि ?***

– ०३८ साल देखि २०५१ सालसम्म नेपाल बैंकमा काम गरेर ग्रामीण बैंक छिरें, त्यहाँ ५ वर्ष काम गरेपछि ०५६ देखि लगातार ११ वर्ष निर्धन उत्थान बैंकमा डा. हरिहर देव पन्तज्यू पछिको सेकेन्डमेन पोजिसनमा डेपुटी कार्यकारी प्रमुख भएर सेवा गरिसकेर मैले यो लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. को संस्थापक सीईओको रूपमा सेवारम्भ थालेको हुँ । अहिले दोस्रो कार्यकालको पहिलो वर्ष पार गरिसकेको छु। नेपालमा वाणिज्य बैंक "लक्ष्मी बैंक लि." बाट प्रवर्द्धित पहिलो राष्ट्रिय स्तरको लघुवित्त संस्थाको रूपमा लक्ष्मी बैंक लि. को सहायक कम्पनी यो लक्ष्मी लघुवित्त वित्तीय संस्था नेपालका पिछडिएको वर्गको आर्थिक अवस्थामा सुधार ल्याउन समावेशी तथा दिगो लघुवित्त सेवा प्रदान गर्न प्रतिबद्ध रही नेपालकै एक अग्रणी लघुवित्त संस्था बन्ने परिकल्पनाका साथ स्थापना भएको हो । लक्ष्मी बैंकको उच्च साख, सञ्जाल, प्रविधि तथा सेवामा पहुँच पुऱ्याउँन लघुवित्त क्षेत्रमा पहिलो केन्द्रीकृत सफ्टवेयर पद्धति प्रयोग गरी कारोबार संचालन गर्ने हाम्रो मुलुकमा वित्तीय सेवा नपुगेका एवं कम सेवा पुगेका क्षेत्रमा ग्राहकमुखी लघुवित्तीय सेवा तथा सुविधा मार्फत पिछडिएका समुदायको आर्थिक अवस्था सुधार गर्न दिगो रूपमा वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले नै यो लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. को २०६८ फागुन देखि राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी ०६९ जेष्ठ महिनादेखि कारोबार शुभारम्भ गर्दै स्थापना गरेका हौं । ३२ जिल्लामा ४० वटा शाखा छन् हाम्रो अहिले ।

***कुन कुन जिल्लामा तपाईहरूको कार्यक्षेत्र र शाखा छन् नि ?***

– ५ वटै विकास क्षेत्रमा हाम्रा शाखा फैलिएका छन् अर्थात् राष्ट्रिय स्तरको वित्तीय संस्था भएकाले हाम्रो कार्य क्षेत्र नेपाल भरि नै रहेको छ भन्न मन लाग्छ । पूर्वमा भोजपुर पश्चिममा बझाङ, बैतडी, उत्तरमा मुस्ताङ र दक्षिणमा भारतको सिमा भएका जिल्लाहरूसम्म हामी फैलिएका छौं । पहाडी जिल्लाबाटै शाखा कार्यालय शुरूवात गरेका हौं । दुर्गम-पहाडमा छन् धेरैजसो हाम्रा शाखा । नुवाकोट, दोलखा, सिन्धुपाल्चोक, धादिङ, बाँके, दोलखा, धनकुटा, इलाम, नवलपरासी., पाल्पा, तनहुँ, लमजुङ्, कञ्चनपुर, अछाम, मकवानपुर, दाङ्, काठमाडौं, रूकुम, सल्यान, पाँचथर, भक्तपुर, ललितपुर, बारा, रूपन्देही, सर्लाही, कास्की, सुर्खेत, प्युठान र तेह्रथुम लगायतका ३२ जिल्लामा ४० शाखा मार्फत् लामो समय लघुवित्तमा अनुभव प्राप्त दक्ष कर्मचारीको व्यवस्थापनमा लघुवित्तमा उच्च तथा नविनतम आयामहरूको प्रयोग गर्दै ग्राहक सन्तुष्टिमा विशेष जोड दिदै हाम्रो यस लक्ष्मी लघुवित्तले देशैभर लघुवित्त सेवा पुऱ्याई रहेको छ । हाम्रो संस्थाको स्थापना नै आधुनिक लघुवित्त सेवा विस्तार र बैकिङ् जनचेतना फैलाई आत्मनिर्भर बनाउने सोच स्वरूप भएको हो ।

***शुरूवात गर्दाको क्षण र अहिलेको प्रगति देख्दा र सम्झदा कस्तो लाग्छ ?***

– धेरै नै ठूलो चुनौती थियो किनभने निर्धन, छिमेक, डिप्रोक्स र स्वावलम्बन जस्ता नाम कहलाएका लघुवित्तले सेवा विस्तार गरेर काम गरिरहेका बखत यो लक्ष्मी लघुवित्तलाई मैले जन्माएको थिएँ । विस्तारै हुर्काउदै, बढाउदै, विस्तार गर्दै लगेको छु । ४० जिल्ला भ्याएँ अब हरेक वर्ष कम्तीमा पनि दशवटा शाखा विस्तार गर्ने लक्षका साथ नै अघि बढ्दैछु । एक पटक अन्तरमनले डिसिजन गरिसके

- **हामी लाभांश दिन सफल छौं, अर्को उचाइ छुने प्रयास जारी छ।**
- **लक्ष्मी लघुवित्तका पाँचै विकास क्षेत्रका ३२ जिल्लामा ४० वटा शाखा छन्।**
- **हरेक वर्ष कम्तीमा १० शाखा विस्तार गर्ने लक्ष्य छ।**
- **गरिबी निवारणमा रेमिटेन्स र लघुवित्तले भूमिका खेलेका छन्।**
- **अबका दिनमा कमर्सियल बैंक र लघुवित्त संस्थाको नै भविष्य उज्वल छ।**
- **जीवनमा धेरै चीज पाएँ, नाम, भिजीविलिटी र आत्मसन्तुष्टि।**
- **राष्ट्र बैंकले नियमनकारी साथै प्रोत्साहन गर्ने भूमिका खेल्नुपर्छ।**



पछि त्यो नै मेरो फाइनल डिसिजन हुन्छ, मेरो सोच र भिजन अनुसार काम गर्न पाएकाले साथै संस्थापक कार्यकारी प्रमुख आफै भएकाले सफलता प्राप्त गर्न सजिलो भएको हो। ४८ हजार ग्राहक छन्, लगानीमा रहेको कर्जा एक अर्ब ६० करोड छ। डिपोजिट उठाएको रकम ४७ करोड जति छ, लक्ष्मी बैंकको स्वामित्व ७० प्रतिशत र सर्वसाधारणको ३०% हो। राइट सेयर भर्खर क्लोज भो, २२ करोड पुऱ्यायौं, सेयर होल्डरलाई लाभांश दिन सफल छौं, अर्को उचाई छुने प्रयास जारी छ। नयाँ नयाँ शाखा खोल्ने र भइरहेका शाखाबाट अभ्र बढी सेवा प्रदान गर्ने लक्ष छ।

***गरिबका लागि नै लघुवित्त संस्था जन्मिएका हुन् त ? कस्तो सेवा दिदैं हुनुहुन्छ त ?***

– नेपालको गरिबी निवारणमा रेमिटेन्स र लघुवित्तले नै प्रमुख र अहम् भूमिका खेलेका छन् भन्नै पर्दछ। हाम्रो यस वित्तीय संस्थाले ग्रामीण, विपन्न, गरिब तथा न्यून आय भएका, बैकिङ् पहुँच नभएका घर परिवारलाई सरल एवं सुलभ तरिकाले घरदैलोमा गई कर्जा प्रदान गरी उनीहरूको आय आर्जनमा वृद्धि गर्न सहयोग गरिरहेको छ। लघुकर्जा मार्फत यस लक्ष्मी लघुवित्तले बिना धितो तथा धितोमा आधारित भएर आय आर्जन कर्जा, सामाजिक उपभोग्य कर्जा, मौसमी कर्जा, बैकल्पिक उर्जा कर्जा, लघुउद्यम कर्जा, व्यक्तिगत लघुउद्यम कर्जा लगायतका लघु कर्जा सेवा प्रदान गरिरहेको छ। कर्जा, बचत, बीमा र विप्रेषण सेवा पनि सहकार्य मार्फत सेवा दिइरहेका छौं। अब बाँकी रहेका जिल्लाहरूमा पनि क्रमशः शाखा विस्तार गर्दै सेवा दिनेछौं, गरिबी निवारणका लागि माइक्रोफाइनान्स र रेमिटेन्स नै रामवाण हुन् भन्नु चाहिँ हुँदैन होला कि ! स्थानीय स्तरमा रहेको स-सानो रकमलाई घरदैलोमा गएर संकलन गरी बचत गर्ने बानीको विकास गराउँने, उचित प्रतिफल प्रदान गर्ने, उक्त पूँजीलाई पूँजीकृत गर्न मद्दत गर्ने र बैकिङ् बानीको विकास गराउने उद्देश्य स्वरूप हाम्रो यो संस्थाले विभिन्न खाले बचत कार्यक्रम संचालन गरिरहेको छ।

***ब्याजदर महंगो भयो भन्छन्, राष्ट्र बैंकसँग चित्त दुखाई छ त ?***

– ब्याजदर भन्ने कुरा सधै एकै नासको रहदैन र निरपेक्ष होइन। कुनै बेला २५% सम्म थियो पछि २०% मा भ्रृयो अब १८% हुदै १६% सम्म हुनसक्ला। कस्ट अफ फ्रन्ट, अपरेसन कस्ट, स्केल अफ अपरेशनसँग हेरेर वैज्ञानिक आधार हेर्दै ब्याजदर निर्धारण हुने भएकाले र दुर्गम पहाडी-हिमाली जिल्लामा काम गर्नुपर्ने भएकाले ब्याजदर केही महंगो देखिएको हो। संचालनमा रहेका सबै लघुवित्त संस्थाले सहज ढंगले संचालन भइरहन पाउने गरी ब्याजदर निर्धारण गर्दा राम्रो होला। नेपालमा लघुवित्तको विकास र विस्तार हुनुमा राष्ट्र बैंकको ठूलो सहयोग साथ छ त्यसैले लघुवित्त फेण्ड्ली छ राष्ट्र बैंक भन्नै पर्दछ। अबको जमानामा कमर्सियल बैंक र लघुवित्त संस्थाको नै भविष्य उज्वल छ जस्तो मलाई लाग्छ। क्यापिटल मार्केटको कारण हल्ला धेरै हुने गर्छ। हाम्रो यस संस्थाले ब्याजदर घट्दोमा १६% देखि २०% सम्म लिने गरेका छौं।

***तपाईको सफलताका पछाडी कस्को हात छ ? पाँचपटक अमेरिका पनि जानु भो नि ?***

– मेरो आफ्नै प्रयास, सिकाई-भोगाई, इमान्दारिता, आत्मविश्वास हो प्रथम कुरा। त्यस्तै परिवारको साथ र डा. हरिहर देव पन्त ज्यूको योगदानले गर्दा पनि मैले सफलता प्राप्त गर्न सकेको हुँ जस्तो लाग्छ। १९९७ मा नै अमेरिका गएको थिएँ, ५ पटक पुगेको छु अमेरिका। ६० वर्षको भएँ, चीन, भारत, बंगलादेश, श्रीलंका, फ्रान्स लगायतका मुलुकको भ्रमण गरिसकेको छु।

***तपाई कुन खालको मान्छे हो ? जीवनमा के पाउँनु भो ?***

– लक्ष्मीनारायण जी, मन भित्र लागेका कुरा तुरुन्तै भनिहाल्ने बानी छ मेरो। वैज्ञानिक अध्यात्ममा विश्वास गर्ने धार्मिक प्रवृत्तिको मान्छे हुँ म। नेपाल र भारतका प्रायजसो अधिकांश तिर्थ स्थल गएको छु। बिहान सबेरै उठ्ने र मर्निङ्वाक जाने र हयाप्पी लाइफ जिउने बानी छ मेरो। चिया र नेपाली खाना मन पर्छ। भगवान्को कृपाले ३७ वर्षको जागिरे दौरान र ६० वर्षको उमेरमा पनि स्वस्थ र व्यस्त हुन पाएको छु। सक्रीय जीवनशैलीका कारण म सन्तुष्ट छु। धेरैले मलाई आदर्श पुरुष मान्छन्, म मख्ख पर्छु जीवनमा धेरै चीज पाएँः नाम, भिजिविलीटी र आत्मसन्तुष्टी। श्रीमती, छोरा बुहारी र नातिका साथमा भैसेपाटी घरमा बस्दै आएको छु। लक्ष प्राप्त भएकाले होला म नेपालमै राष्ट्रभक्त सेवक भएर जीवन बिताउदै आएको छु त्यसैले म दंग छु।

***कुन भगवान्को भक्त हो तपाई ? र, अन्तमा के भन्नुहुन्छ ?***

– जन्म र मृत्युलाई नेचुरल प्रोसेस भन्न रूचाउने म मंगलबार जन्मिएको हुँ। गणेश, भगवती र दुर्गा अनि साईबाबा प्रति विश्वास लाग्छ। सफलता प्राप्त गर्न केही महत्वाकांक्षा राख्नु पर्छ भन्छु। सुपरनेचुरल पावर प्रति विश्वास गर्छु। वित्तीय स्रोत नै आय आर्जनको प्रमुख माध्यम हो। रेस्पोन्सिबल हुनुपर्छ, रेगुलेसन चाहिन्छ, राष्ट्र बैंकले नियमनकारी भूमिकाको साथमा प्रोत्साहन गर्ने भूमिका खेल्नु पर्छ र सबैपक्ष इमान्दार भई काम गरेर यो देशलाई गरिबी मुक्त बनाई संसारमै नमूना देश बनाउन सबै लागि परौं, नेपाली एकजुट हौं र हासेर बाचौं असल कर्म गरेर भन्छु। धन्यवाद ॥ ००




**नागरिक लगानी कोषद्वारा संचालित निम्न कार्यक्रमहरुमा सहभागी भई भविष्यको लागि बचत गरौं**

**कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी भई बचत गर्दा पाइने फाइदाहरू**

- वर्षिक ६.५ प्रतिशत ब्याज पाइने,
- बचत गरेको २ वर्षपछि बचत रकमको ८०% सापटी लिन पाइने,
- सहुलियत ब्याजदर वार्षिक १० प्रतिशतमा धितो मुल्यांकनले खामेसम्मको बढिमा रु. ४० लाखसम्म (उपत्यकाभित्रका नगरपालिकामा घर निर्माण गर्ने) आवासकर्जा सुविधा लिन पाइने,
- वार्षिक आयको एकतिहाई रकममा आयकर छुट सुविधा पाइने,
- सेवाबाट अवकाशपछि एकमुष्ठ रकम पाइने,
- सबै वाणिज्य बैंकका शाखा कार्यालयहरुबाट रकम जम्मा गर्न सकिने,
- ब्यालेन्स सर्टिफिकेट लिन सकिने ।
- दुर्घटनावस मृत्यु भएमा रु १ लाख सम्मको दुर्घटना बीमाको व्यवस्था भएको ।


*आजैदेखि सहभागी भई बचत गर्ने बानी बसालौं ।*


**नागरिक लगानी कोष**

**नयाँबानेश्वर, काठमाडौं । पोष्ट बक्स नं ५८२३**

**फोन : ०१-४७८५७१९, ०१-४७८५७२५, फ्याक्स: ०१-४७८५७१९**

ई-मेल: info@nlk.org.np वेबसाइट : www.nlk.org.np



# नानुको एक्लो जीवन

भवानी न्यौपाने "भावना"



नानु पूजा गर्दै हुन्छे । आफ्नो घर माथि छतमा अवस्थित मन्दिर भित्र ! त्यसदिन सोमवारको दिन परेको हुनाले ब्रत बसेकी हुन्छे ! फोनको घन्टी बज्छ धेरैबेरसम्म लगातार पटक-पटक घन्टी बजिरहेको हुन्छ । नानुले पूजा गर्दा गर्दै उठेर फोन रिसिभ गर्छे ।

के छ नेप्टी ? के गर्दैछयौ ? हजुर प्रणाम काला हृदयश्वर ! नानु बोल्छे प्रत्युत्तरमा ! म पूजा गर्दै थिएँ, आज सावन महिनाको अन्तिम सोमबार, त्यसैले सोमबारे ब्रत अनि शिव जी को पूजा अर्चना र प्रार्थना गर्दैछु । हजुर त कति भाग्यमानी आज यो महत्वपूर्ण एवम् अमृत प्रहरमा हजुरको फोन आयो, शायद म पनि धन्य रहेछु । भाग्यमानी नभएको भए तिमीलाई पाउँथे त ? हो म पनि साह्रै भाग्यमानी छु, त्यसदिन त्यही मन्दिर परिसर हो, जहाँ तिमीलाई मैले आफ्नो जीवनात्मा समर्पण गरेको थिएँ । मेरो न्यानो वात्सल्यताले छोपेको त्यो मन्दिर जहाँ तिमी पूजा गर्दैछयौ, ऋतेष बोल्दैछ । नानुलाई मुटुको धड्कन केही बढ्दै गरेको आभाष महशुस हुन्छ । अनि अदृश्य प्रेमको हुरीले गहभरी सम्झनाका नुनिला ढिकाहरू भरिन्छन् । र नानु धेरै बोल्नै सक्दिन । ऋतेष बोल्दै जान्छ । धेरै खन्याउँछ स्वप्निल प्रेमका पवित्र भावहरू बोल्दा बोल्दै उ पनि गम्भीर बन्न पुग्छ । त्यत्तिकैमा मधूर आवाज आउँछ ल पूजा गर अहिले राख्छु, यति भन्दै फोन राख्यो । नानुले पूजा गरेर सक्छे । र उसले ऋतेषलाई पनि आफ्नो जीवनको भगवान हो भन्ने लागेर केहीबेर ऋतेषलाई नै सम्झेर पूजा गर्दै आत्मा सन्तुष्टी लिन्छे । यसो त नानु स्वयम नै दयाकी खानी र करूणाकी प्रतिमूर्ति पनि थी । धार्मिकतामा निहालेर हेर्ने हो भने उ आफैमा पूज्जित छे । यसरी उसले पूजा गरिसके पछि प्रेमिल विन्दुहरू नयनभर छताछुल्ल पोखिदै हुन्छन् । अनि सुइय गर्दै विस्तारै मन्दिरबाट उठेर तल आएर खाना पकाउँछे र बालबच्चालाई खुवाउँछे र त्यसैमा उ मख्ख पर्छे । किनभने उ आफु ब्रत बसेकी हुन्छे । यत्तिकैमा उसलाइ हाजिर हुँन जानु छ कार्यालयमा भन्दै तल झर्छे र आफ्नो झोला काँधमा भिरेर सधैं झै फटाफट अफिस पुग्छे । उसको अफिस खुल्लै हुन्छ । हाजिर हुन्छे र आफ्नो दैनिकी काम गरिरहन्छे । ५ बजे अफिस सकिए पछि घर फर्कन्छे नानु । कहिल्यै त्यत्तिकै खाली हात बस्दिन उ, केही गरिरहन मन पराउँछे र क्यै न क्यै काम गर्न मन लाग्छ नानुलाई । अनि तल कोठामा झरेर कलमका डोबिला पङ्तिहरूमा सिर्जनाका लहर चलाउन थाल्छे ।

यत्तिकैमा सँगीसाथीहरूको आवाज कानमा पर्छ । हलो सिस्टर तल ओर्लनु होस् न हो, दिनभर थन्किएर बोर भएको हुने, घुम्न जाऔं भनेर साथीहरूले बोलाएपछि हस् म आएँ ल भन्दै तल ओर्लिन्छे र उनिहरूसँगै घुम्न जान्छे नानु । नानु आफ्नो अध्ययन र जागिरे जिन्दगीका कारण सधैंभरी एक्लै बसेकी हुन्छे । केवल भित्ता, भुइँ, खाट, कापी-किताबजस्ता शैक्षिक र साहित्यिक सामाग्री भन्दा बाहेक उ बसेका डाउँ (आफु बस्ने तला) मा अरू कोही हुँदैन ।

नानु कार्यभारमा केही हल्का बनाउने उद्देश्यले आफ्ना बाल बच्चालाई पनि होस्टेलमा नै राखेकी हुन्छे । दिनभरी उनको घर खालीरहन्छ । अर्थात घरमा कोही हुँदैनन् । बच्चाहरूसँग पनि बेलुकीमात्र भेट हुन्छ । त्यसपछि बल्ल पारिवारिक भलाकुसार र बेलुकाको खानपिन पछि केहीबेर अध्ययन गर्छे र त्यसपछि मात्र सुत्छे नानु । सुतिसके पछि जति रात चढ्दै जान्छ उसको मनको छटपटाहट पनि उतिनै बढ्दै जान्छ । अनि आफुलाई नितान्त एक्लो अनुभूति गर्छे । र ऋतेषको सम्झनामा बगिरहन्छे । कतिबेला फेरी मन-मनै बोल्छे, बर्बराउँछे र अवाज निस्कन्छ । "ए ऋतेष काला । तिमीले मलाई आफ्नो बनाएर कहाँ गयौ ? म देखि धेरै टाढा भयौ । किन ? यहाँ म सधैं एक्लै छु । म को सँग मनको भारी बिसाउँ ? को सँग बोलुँ ? काला मलाई दिन भरीको व्यस्तताले राम्रो सँग सास फेर्ने फुर्सद हुन्न । जब रातले डेरा जमाउँन थाल्छ अनि मलाई तिम्रो माया र सम्झनाले सताउँन थाल्छ । के म तिमीसँग कहिल्यै सँगै नबस्ने ? मलाई पनि तिम्रो काखमा बसेर रून मन छ काला । मेरो ऋतेष !! म के गरौं ? नारीको जीवन लिएर जन्मनु आफैमा दिक्क लाग्दोरहेछ । पढे लेखेका जानिफकारहरूले पनि बुझ पचाउने हाम्रो समाजसँग प्रतिकार गर्दै बाँच्न अत्यन्त मुस्किल रहेछ । यहाँ लैंगिक समानताका कुराहरू त भाषण र नारामामात्र सिमित हुँदा रहेछन् ।

तिनै मञ्चमा ठूल्ठूला स्वर निकालेर कुर्लनेहरूका नै घरभित्र नारी दमन र नारी माथि गरिने व्यवहारमा धेरै फरक हुँदोरहेछ..... । ऋतेष तिमी त दिनभर व्यस्त भए पनि बेलुकी मस्त आराम गर्छौ । म अभागी अर्थात तिम्रो नानु यहाँ सधै एक्ली छे । ऊ बिरामी हुँदा पनि यहाँ तातोपानी दिने कोही छैन । काला घर व्यवहार, घर धन्दा र पारिवारिक संसार मिलाउनु, बालबच्चाको हेरविचार गर्नु, दिनभर जागिरमा व्यस्त रहनु अन्य सारा आन्तरिक भार बाह्य कामकुराको बोझले मेरो टाउको फुट्लाजस्तो गह्रौ हुन्छ । यति हुँदाहुँदै पनि तिमी सधैँ नै टाढा बस्दा मेरो जीवन सधै एक्लिएको अनुभव गरेकी छु । म बाँचुन्जेल तिमीसँग कहिल्यै नजिक हुँन सक्दिन किन कि म मेरो स्वर्ग जस्तो घर छोडेर त्यहाँ जान सक्दिन तिमीआँफु बसेको ठाउँ छोड्न सक्दैनौं । यस्तै यस्तै भोगाइमा बित्नेछ हाम्रो जीवन । उफ्फ कस्तो रहेछ मेरो जिन्दगी । के ईश्वरले मलाई यस्तै अभाव खेप्न पठाएका हुन् त ??

मन-मनले यस्तै बोली रहँदारहँदै धेरै बेर पछि कति बेला निदाउँथी नानुलाई पत्तै हुँदैन थियो । विचरी बिहान चार बजेसम्म एकै कोल्टेमा बिउँझिन्थी । त्यसपछि उठेर आफ्ना प्रातकालीन सम्पूर्ण कर्महरू गर्न परिहाल्थ्यो र गरि रहन्थिन् । आफ्नो दैनिकी कार्यमा साथमा सधै हातेमालो गर्ने देशप्रति निक्कै गहिरा चिन्ताहरू, स्थानीय सङ्घ, संस्थाका बोझहरू सदैव बोकेर आफूभित्रका पीडालाई लुकाएर सदासर्वदा हाँसेर बाँचेकी थिइन् नानु । देश दुखेका कुरा र राष्ट्रको अति चिन्तन् गरिरहन्थिन् उनी । आफ्नो देशका बारे लेखिएका स्तम्भ वा समाचारहरू नियमित हेर्न रूचाउँथिन् र हेर्थिन् । ००

# निर्जीवन बीमाको क्षेत्रमा
# विश्वसनीय नाम

**राष्ट्रिय बीमा कम्पनी लिमिटेड**
**Rastriya Beema Company Ltd.**

सधैं तपाइको साथमा
always with you...


## भविष्यका लागि जीवन बीमा गरी निश्चित हुनुहोस् ।

हाम्रा सेवाहरूः सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभ समेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक, बात्सल्य, जीवन साथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"
**राष्ट्रिय बीमा संस्थान**
प्रधान कार्यालय, रामशाहपथ, काठमाडौँ, फोन : ४२६२५२०
पी.ओ. बक्सः ५२७, फ्याक्सः ०९७७-१-४२६२५२०
ईमेलः beema@wlink.com.np/rbsnlac@wlink.com.np
वेभः www.beema.com.np

लागु औषधको सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ । यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखि टाढा रहने प्रयत्न गरौँ ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**लागु औषध नियन्त्रण कार्यक्रम**
**बिजुलीबजार, काठमाडौँ ।**




## 'रेमिटेन्स कम्पनी अफ द इयर–२०१६' बाट आईएमई सम्मानित



आईएमई सर्वोत्कृष्ट रेमिटेन्स कम्पनी २०१६' बाट सम्मानित भएको छ । अमेरिकाको क्यालिफोर्नियास्थित केन्द्रीय कार्यालय रहेको अन्तर्राष्ट्रिय परामर्शदाता संस्था फ्रोस्ट एण्ड सुलिभानले आयोजना गरेको कार्यक्रममा आईएमई लिमिटेडका तर्फबाट प्रबन्ध निर्देशक हेमराज ढकाल उक्त सम्मानबाट सम्मानित हुनुभएको छ ।

सम्मान ग्रहण कार्यक्रममा अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलको उपस्थिति रहेको थियो । 'विकास, अन्वेषण र नेतृत्व सम्मेलन-२०१६' को समापनको अवसरमा हालै राजधानीको सोल्टी होटलमा आयोजित विशेष कार्यक्रममा उक्त सम्मान प्रदान गरिएको थियो । व्यावसायिक क्षेत्रको प्रवर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गरे बापत फ्रोस्ट एण्ड सुलिभानले विश्वका उत्कृष्ट कम्पनी तथा व्यावसायिक फर्मलाई यस्तो सम्मानबाट सम्मानित गर्दै आएको छ । सम्मान ग्रहणपछि कार्यक्रमलाई सम्बोधन गर्दै प्रबन्ध निर्देशक ढकालले यो सम्मानबाट आईएमईलाई रेमिटेन्सको संस्थागत विकासमा अझै बढी जिम्मेवार बनाएको धारणा राख्नु भएको थियो ।

स्थापनादेखि नै रेमिटेन्स सेवालाई प्रत्येक नेपालीको पहुँचसम्म पुऱ्याउन प्रतिबद्ध रहेको बताउने कम्पनीले सेवा आरम्भको १६औँ वर्षसम्ममा नेपालका सबै जिल्लाका पाँच हजारभन्दा बढी सव-एजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत् विदेशमा कार्यरत नेपालीहरूले कमाएको रकम देशका विभिन्न भूगोलमा वितरण गर्दै आईरहेको कम्पनीको दाबी छ ।

**रबिसा बुटिक टेलर**

हात्तीगौंडा, काठमाडौं । सम्पर्क : ९८६६८८५७१५

*यहाँ अर्डर अनुसारको लेडिज/जेन्स ज्याकेट तयार गरिन्छ । साथै लेदरको ज्याकेट स्प्रे, रिपेयरिङ तथा हरेक प्रकारको कपडा मर्मत गरिन्छ ।*






पुस्तक समीक्षा - महेश्वर राय

# "कफनचोर" : मधेशका आइना

आधुनिक मानव समाजके पास आज ज्ञान-विज्ञानकी जितनी सम्पत्तियाँ हैं, उनमें भाषा और साहित्यका अन्यतम स्थान है । साहित्य भाषाकी वह संतति है, जो रचयिता और उसके सम्पूर्ण परिवेशको अभिनिवेश तथा सरसताके साथ सम्पूर्णतामे अभिव्यक्त करता है ।

भाषा और साहित्य मानव समाजकी संस्कृतिके महत्वपूर्ण अंग है । साहित्य अपनी भाषा और संस्कृतिसे संपन्न होकर ही अपने समाजके लिए अंधेरेका प्रकाशपूंज और मानवताके महामार्ग का नायक बनता है ।

वर्तमान हिन्दी साहित्य हिमालयके शुभ्र कंधेसे लेकर विध्याचलके पगतलतक मानव जीवन, समाज और संस्कृतिको प्रस्तुत करता है । साथ ही रचनागत उत्कृष्टता ओर विधागत वैविध्यमे यह विश्व-साहित्यमे ऊच्च स्थान रखता है । संसारभरके साहित्यमे कहानी विधाने अपना महत्वपूर्ण स्थान बना लिया है । यही बात हिन्दी साहित्यमे कहानी विधाके लिए कही जा सकती है ।

कहानी, सार्टस्टोरीके जनक हैं एडगर एलेन पो, जिन्होने अपनी अंग्रेजी भाषा और संस्कृतिकी पृष्टभूमिमे अपने यहांके जनजीवनको प्रस्तुत किया था । आज सामाजिक व्यापारकी गति तेज हो गई है । मानवका चिन्तन और अनुभूतियाँ छोटी,गहरी और प्रभावकारी हुई है । इन सबोंकी साहित्यिक रचनात्मक प्रस्तुति कहानी सहज दीखती है, विधाके रूपमे पाश्चात्य साहित्यकारोने जिसकी विशेषता या पहचान– एक बैठकमे पाठ सम्पन्नता, एकही जानकारीपूर्ण विचार, तार्किक और स्वाभाविक परिणति एवं पाठकके मनमस्तिष्कपर तेज असर आदि कहकर गिनाये हैं । इन विधागत विशेषताओंका खयालकर ही कहानियोंके अंग्रेजी साहित्य समालोचक एलेरीने कहानीकी परिभाषा दी– वह घुडदौडके समान होती है, जिस प्रकार घुडदौडका आदि और अन्त महत्वपूर्ण होता है उसी प्रकार कहानीका आदि और अन्त ही महत्वपूर्ण होता है ।

कफन-चोर श्री चन्द्रेश्वर प्रसाद रौनियारकी हिन्दी कहानियोंका संग्रह है । यह हिमालयके पगतलमें बसा मधेश या तराईके नामसे जानेजानेवाले जन-जीवन, समाज, भाषा, और साहित्यकी कहानी है । कफन-चोर कहानी-संग्रह उस भाषा और साहित्यका प्रतिनिधित्व करती है, जो हिन्दी हैं जो मधेशके लोग बोलते और लिखते हैं, किन्तु जिसका नेपालके विद्यालयों-विश्वविद्यालयोंमे समुचित पठन-पाठन नही होता, सरकारी काम-काजमे जो पूर्णतः वर्जित है । इसलिए इस क्षेत्रकी हिन्दी रचनायें सामाजिक जीवन, संस्कृतिका गहन संस्कार और सहज सरल भाषिक अभिव्यक्तिके कारण लिखी जाती है । यह भाषा-साहित्य सरकारी स्तरमे पूर्ण अमान्य होते हुए भी इसमे रचनायें करना यहांके साहित्यकारोंको कितना कठिन और चुनौतीपूर्ण है, अंदाज किया जा सकता है । श्री चन्द्रेश्वर प्रसाद रौनियारने परिवेशके इन शिलाखंडोको तोडकर ही कहानियोंकी यह क्यारी सजाई है, यह हम समझ सकते हैं ।




चन्द्रेश्वरप्रसाद रौनियार

अभी मैं 'कफन चोर'के बारेमें अपने मनकी लगी कुछ कहना चाहता हूँ । यह श्री चन्द्रेश्वर प्रसाद रौनियारजी की एक सुन्दर, सफल कहानी भी है और दस कहायिनयोंके संग्रहका सटीक नाम भी । इसकी दस कहानियां हैं - १) तपसी बाबा २) मौतका साया ३) रंगभूमि ४) रसबंती ५) तीसरी प्रसिद्धि ६) बेवसी ७) कफन चोर ८) झमेला ९) मनचला तथा १०) उडान ।

'तपसी बाबा' एक ऐसे परिवारका सदस्य है, जो गरीबीसे उत्पन्न अनेकों कष्टोंकी परेशानी झेल रहा है । उस परिवारका रामनारायण नामका एक बेटा उन कष्टोंसे छुटकारेके लिए घरसे निकल भागता है और दूर किसी शहरमें एक सेठके यहां ड्राइभरी करने लगता है । काममें वह कुशल है, किन्तु मनमें उसके जल्दसे जल्द धनी बननेका लोभ चोर पैठ जाता है । एक दिन वही चोर सेठकी बहुमूल्य आभूषणेंसे सजीधजी महिलाओंको कहीं ले जाते हुए सुनसान जगह पर महिलाओंके आभूषण लूटकर, इस प्रकृयामें उन्हें घायल और मारकर ड्राइभर रामनारायणको एक लुटेरा और हत्याराका चोला पहना देता है । और यह लुटेरा हत्यारा रामनारायण लूट और हत्याका परिणाम लुटी हुई सम्पत्ति और प्राणोंकी रक्षाके लिए नेपाल-सीमाके भीतर किसी बडका मठके नजदीकवाले जंगलके एकान्तमें अपनी कपटपूर्ण आचरणोंसे तपसी बाबा कहलाने लगता है ।

लेकिन प्राणोंके मोह और धनके लोभमें चिन्तारत इसका मन अपनी शांति और अपने जीनेका अर्थ खो देता है । न वह अपने संवंधियोंसे मिलकर लूटके धनको सुरक्षित कर पाता है, न सरकारकी न्याय कानुनकी अपनी गर्दनपर अदृष्य पड़ी तरवारको ही हटा सकता है । वह अपनी कुकृत्योंका पूर्ण पश्चाताप करते हुए मानसिक रूपसे इतना बीमार हो जाता है कि प्राण-रक्षाके लिए आवश्यक अन्न मागने भी अब मन्दिरमे नहीं जाता । एक दिन बडका मठके बाबा ही उसको खोजते वहां पहुंच जाते हैं और उससे घटनाके पूरे यथार्थ, उसके अपने किएके आत्मिक पश्चाताप और उसकी अंतिम इच्छाओंको जानकर तद्नुरूप उसे मन्दिरपर लाकर सम्पूर्ण ग्रामवासियोंके सामने उससे माफी मगवाते हैं । सेठकी सम्पत्ति सेठके जिम्मे लगवा अपने कर्मके मानसिक द्वन्द्व भारसे दबकर निस्प्राण हुए रामनारायणको अपराध स्वीकार करवाकर मानव-जीवनकी चाह स्वतंत्रता और मनकी शांति प्राप्त करनेवाला विजेता बना देते हैं । 'तपसी बाबा' समग्रतः एक आदर्शोन्मुख कहानी है । आदमी परिस्थिति और मनोवेगोंके चक्रमें नीचे गिरता है और फिर उन्हींका सदुपयोगकर बाहर ही नही निकलता, उँचाइयोकी शिखर भी चढ़ता है ।




'मौतका साया' हेमा नामकी अपने नैहर-ससुराल और समाजमें सौजन्यपूर्ण सुखद जीवन बितानेवाली एक मननशील महिलाकी दुखद कहानी है । हेमा अपनी एक पड़ोसनकी आपत्तिपूर्ण बातसे आक्रोशित हो उस पर थप्पड़ चला बैठती है । परिणाम स्वरूप पड़ोसन बेहोश हो जाती

है । लेकिन वह तो अस्पतालमें औषधि सेवन कर स्वस्थ घर लौटती है, किन्तु हेमा अपने अपराध-बोधकी अधिक चिन्ता और पश्चातापके कारण उत्पन्न ब्लडप्रेसर और मधुमेहकी आजीवन रोगी बन पलंगसे उतरते हुए एक दिन अपनी कमरकी हड्डी तोड लेती है और फलस्वरूप चारो ओरसे मौतके सायेमें आ जाती है ।

इस अपराध-बोध और मौतकी चिन्ताओंको दूर करनेके प्रयासमें इसकी देखभाल करनेवाली अच्छी सेवा करते हुए भी पीटी गई पड़ोसनके बारेमें बताती है, "वह तो डायन है ...... वह रातको श्मशानमें जाकर पूजा करती है ...... ।" पतिका स्नेह और प्रेमपूर्ण व्यवहार उसे प्रिय है किन्तु उसे स्वस्थ होनेका विश्वास नही दिला पाता । उसे अपने को रखे गए प्राकृतिक परिवेशसे संतोष है, किन्तु डाक्टरके उपचारपर विश्वास नहीं । परिणाम स्वरूप वह धीरे-धीरे मृत्युको चाहती सी गोदान कराने और तुलसी-गंगाजल पीनेके लिए भी अपने मनको तैयार कर लेती है । लेकिन जीवनके प्रति उसका प्रेम, जीजीविषा कमजोर नही हुई है । मौतकी नीरस प्रतिक्षाको तोडनेके लिए यमदूतका अहवान करते हुए भी उसका चिन्तन और चित्त अलविदा........ सदा........सदाके लिएपर नही रूकता । पुनर्जन्म होता है, तो फिर मिलेगे तक पहुंच जाता है । यह दुखोके बीच भी मनुष्यके जीनेकी अदम्य इच्छाकी जीती-जागती सफल कहानी है ।

'रंगभूमि' एक प्रतीक-कहानी है । जनकपुरधामकी पौराणिक रंगभूमि हमारी सोच और समझमें हम मिथिला बासियोंकी जीवनकी रंगभूमि है, लीलाक्षेत्र है । जनक, जानकी और जनकपुरसे जुड़ी यह रंगभूमि हम सबका इतिहास है । हम सबोंसे जुड़ी है - बाल, बृद्ध, युवा, नरनारी, साधुसंत, गृहस्थ, नेता और व्यापारी सबोसे । स्पन्दन ..... धड़कन...... चहलपहल का अखाडा । 'रंगभूमि' में स्रष्टा और सृष्टि, कहानीकार और कथ्य रंगभूमिमे मुझे एक हो गए लगते हैं ।

'रसवंती' एक भरीपूरी आकांक्षओंवाली, एक पति-पुत्रोंको प्रेम और सेवा करनेवाली नारीकी कहानी है, जिसकी आबरू बेटेके लिए डाक्टरके यहाँ दवा लेने जाते वक्त जवरदस्ती लूट ली जाती है । यह दुर्घटना पतिके विदेश होनेके कारण दबा लानेके लिए एक औरतके दरिन्देके हाथों चढ़ जाने से घटती है ।

रसवंती अपने पति और पुत्रकेप्रति समर्पित और निष्ठावान है । किन्तु गुण्डों के हाथों पड़कर हुई जबरदस्तीके लिए वह प्रचलित सामाजिक धारणके कारण अपने अपराध बोधसे दमित आत्महत्या करलेना चाहती है । लेकिन पुत्र-मोह उसे मरनेसे बचा लेता है । फिर वह घर आए पतिको सारा सच बताकर और बेटेको बापको सौप जीवनको समाप्त कर लेना चाहती है । लेकिन उसका मानवीय-संवेदना और सोचसे सम्पन्न पति इस घटनाके पीछे अपने विदेश जानेकी गलतीको समझकर अब पत्नीको अकेली छोड़ विदेश जानेकी भूल न करनेका संकल्प लेकर बलात्कृत नारीको अपराधी माननेकी धारणासे मुक्त हो प्रेमपूर्वक उसीके साथ अपनी गृहस्थी चलाता है ।

"तीसरी प्रसिद्धि" एक सामान्य खाते-पीते ग्रामीण परिवारके बेटेकी अपने माता-पिताके गलत लाड़प्यारके कारण हठी और खर्चीले स्वभावके बस परिवार और समाजके द्वारा प्रथमतः दुलरूआ फिर कुसंगतिमें पड़कर दारू और दोस्तोके चलते सेठजी और अंततः निर्धन निरीह होकर और कुटुम्ब और समाजके सद्भावसे चाय और चबेना बेचकर गुजर करनेसे दो कौड़ीका महत्व रहजानेवाले 'दोकौडिया' नामसे तीन प्रसिद्धयाँ प्राप्त करनेवाले, एक हमारे ही समाजके आदमीकी कहानी है । यह परिवारिक और सामाजिक परिवेशमें गिरने, बदलने और उठनेकी स्वाभाविक सफल कहानी है ।

'बेबसी' बताती है कि बचपनमें लड़कीका प्रेम माता-पिताके साथ और जवान हुए उसी लडकेकी राजीखुशी बिना असफल होता है । अक्सरहां कमाईके लिए बेटोंको विदेश भेजनेवाले परिवारमे सास-ससुर पुतोह एबं बेटेमे सम्पत्ति के लिए रिस्ते टूटते हैं । बहुएं संतान सहित अत्महत्या करती हैं । साथमे उसी घरमे विदेशमे काम कर रहा छोटा भाई कुछ दिनोके लिए घर आकर अपनी पत्नीको एचआइभी.के महायौन रोगका शिकार बनाता है । अनचाहे पतिके साथ पत्नीकी जिन्दगी बितानेवाली वह जब पुत्ररत्न प्राप्त कर अस्पतालसे सुबह-सुबह बाहर निकलती है तब उसके मनके घोर निराशा अंधकारको बडे ही प्रभावशाली शब्दोमे लेखकने व्यक्त किया है– प्रसूतिगृहसे जब मै बाहर निकली सूरज क्षितिजसे उपर आ गया था । पर वह चमकता सूरज मुझे काला दिखा और दुनिया ही अंधेरी.....घना अंधकार......... घोर अंधकार, कुछ नजर नही आता...मै कहाँ हूँ........रास्ता किधर है ?

इस 'कफन-चोर' कहानी-संग्रहकी 'रसवंती' और 'बेवसी' दोनों कहानियोंमें पैसेके लोभमें अपनी पत्नी और बालबच्चोको छोडकर विदेश जानेवालेकी स्त्री जातिपर होनेवाले अत्याचारोंकी बढ़ोत्तरी तथा स्त्रीके अभावमें विदेशमें रहनेवाले युवकोंके एचआईभी. जैसे जानलेवा रोगोंसे संक्रमित होकर परिवारोंके विखरनेका चित्र प्रस्तुत है, जो हमारे ही समाज-परिवारको क्षत-विक्षत किए जा रहा है । नागरिकों का विदेश पलायन सरकारके लिए आमदनी की भले ही खदान हो, लेकिन उन परदेशियोंके पारिवारिक जीवन विखरने, संततियोंके उच्छिृङखल चरित्र होने अपने, परिवारिक-सामाजिक परिवेसके सौजन्यसे विछड़ने गृहकलह में फंसने और विकट रोगों का शिकार होने की जड़ है । यह कहानी हमारे लोभको संयमित करनेकी चेतावनी देती है, सजग और संवेदनशील होने की प्रेरणा प्रदान करती है ।

यहाँ हैजा एक महामारी थी, जो अभी भी यदाकदा जहाँ तहाँ फैलती है, हजारों आदमियोंकी जाने ले लेती है । हैजेमें मुर्दोकी अधिकताके कारण उन्हें जलानेकी जगह गाडते हैं मिट्टीमें और इस प्रकृयाकी जल्दबाजीमें मृत जैसा दिखनेवाला कोई जिन्दा आदमी भी गाड़ दिया जाता है । लोकधारणा थी कि इन मृत जिन्दोंमें कोई-कोई अपने ओढाए गए कफनके कपडेको ही खाकर जीवित रहता है और रातके अंधेरेमें गांव-घरमे घूमकर हैजेके रोगाणु फैलाकर हैजेकी महामारीकी आगमें और ग्रामिणोंके प्राणोके आहुति देता है । ऐसेमें हैजा तभी रूकता है जब वैसे कफन खाकर जिन्दा रहनेवाले 'कफन-चोर'को गड़ी हुई जगहसे निकाल उसे टुकड़ी-टकड़ी काट कर नहीं मार देते । कहानीकारने ऐसे ही 'कफन-चोर' को एक जानकार और शुद्ध आचरणवाले साधुकी सलाह और सहयोगसे बूटी-बूटी काटकर मारने और फिर उन माँसोंको गीध, कौवोंको खिला हैजेसे ग्रामवासीयोंको राहत दिलानेकी घटना को याद किया है ।

वह भौतिक हैजा आज उतना नहीं फैलता, जितना लोभ, मोह, ईर्ष्या, द्वेष, क्रोध और अहंकारादिके व्यक्ति, समाज और मानवताविनाशी मानस महामारियों के हैजे पूरी मानव-जातिको लीलते जा रहा है । कहानीकारने मिट्टीमें गडी लासको निकाले जानेकी स्थितिका बडाही कलात्मक उपयोग किया है । वह लास एक साधारण उठाइगीरकी ठहरती है, किन्तु वहाँ विचार करनेवालोंका निष्कर्ष होता है हमारे वर्तमान सामाजिक परिवेशको देखते हुए झोला विद्यालय, झोला खोलाके उदाहरणके साथ शासन-प्रशासनकी अंधेरी गलीमे एकसे एक बडे कफनचोर हैं, जिनका उन्मूलन सामाजिक स्वस्थताके लिए अति जरूरी है । ऐसे कफनचोरोंसे समाजको सुरक्षित करनेके लिए, उन्हें पता लगानेको समाजके अच्छे साधु-चरित्रवानको ही आना, लाना

होगा । 'कफन-चोर' कहानीमें एक समाप्त हो चुकी लोक-धारणाके माध्यमसे वर्तमान समाजके रोगों, बुराइयोंका उपचार खोजा गया है । हम पूरे समाजको उन्हें पहचानकर पूर्ण सहयोग करना होगा और तभी समाजका ही दिया कफन खाकर जीते हुए समाजको श्मसानमें बदलनेवाली कफन-चोरों की जमात जड़मूलसे उरवाडी जा सकती है ।

लोक-धारणा समयके प्रवाहमें निश्शेष नही हो जाती, उनके सार-तत्व भविष्यमें अपना रूप बदल कर अपनेको जनोपयोगी बना लेती है । 'कफन-चोर'के माध्यमसे वर्तमान समाजके विनाशकारी स्थितिको पहचानते हुए कहानीकारने एक पुरानी लोकधारणाको वर्तमानकी सार्थक सांदार्भिकता प्रतिपादित की है । हिन्दी कहानी सम्राट मुंसी प्रेमचन्द्र की 'कफन' कहानी यथार्थवादी मानी गई है किन्तु चन्द्रेश्वर प्रसाद रौनियारकी इस कहानीको प्रगतिवादी कहा जायेगा, क्रान्ति-बीज माना जाएगा ।

'झमेला' एक साधारण ग्रामवासी नौकरीहारे राघवकी सुख और सम्पन्नता भोगे हुए दिनोंकी स्मृतियोंकी पृष्ठभूमिमें आए अवकास, बुढाये और बेटे-बहू, बेटी दामादोंके विदेश-प्रवास और इन संबंधियोंके ममताहीन गैरजिम्मेदारीपूर्ण व्यवहारोंसे तंग आकार एक पूर्व, परिचिता से विवाह कर उसके बच्चों की देखभालको 'झमेला' भोगनेवाले एक सुलझे और समस्याका समाधान खोजनेकी क्षमता सम्पन्न आदमीकी आप-बीती है । संयुक्त-परिवारकी परम्पराके टूटने, पेट भरनेसे लेकर अर्थार्जनके शिखरपर पहुंचनेकी अभिलाषा पूरी करनेके लिए विदेश-प्रवाशनके कारण बूढ़े-माता-पिताओंको झेलने पड़ रहे अपमानकी और इसकी पृष्टभूमिमें एक स्वस्थ निदानकी एक कहानी है 'झमेला', जो हमारे समाजकी समय-परिस्थितिकी दी हुई समस्या है ।

'मनचला' एक मातृ-विहीन और अपनी संततिको पालनेमें लापरवाह, खुदगर्ज पिताका पुत्र है, जो जवान होकर चंचल बुद्धिका आदमी बन जाता है । कभी जामुन खानेके लोभमें पेडसे गिरकर तकलीफ झेलता है, कभी गड़ा धन खनकर निकालनेकी कोशिशमें घायल होता है और जवानीमें शादी कर वालबच्चे पैदा कर उनके पालन-पोषणके लिए सार्थक कार्य न कर गांवके चुनावमें उम्मीदवार बन जीतके लिए मार दंङ्गा करवा, गोली चलवा, हत्याके अपराधमे कारागारका जीवन बिताता है ।

मरते समय वह अपने बेटे-बेटीको एक सही मानवीय जीवन जीनेवाली, परिवारको पूणः सेवा और प्रेम देनेवाली अपनी पत्नीकी आज्ञा माननेकी शिक्षा देते हुए उसे सौंप जाता है । वह पति-विहिना और अबला नारी अपने पतिके मित्रसे समुचित सहयोग पाकर अपने बेटेको एक सफल व्यापारी और बेटीको डाक्टर बना लेती है । इसमे बच्चोंके गलत और सही लालन-पालनके तरीको और उनके अच्छे-बुरे परिणामको स्पष्ट किया गया है ।

'उड़ान' एक अवकाश-प्राप्त वयोबृद्धके चिंतनका असरदार चित्रण है । यह बृद्ध, बूढ़ा होते हुए भी अपने ज्ञान और अनुभवमें पका हुआ है । यह मनुष्य और उसकी मनुष्यताके विकासका, समाजके अतीत और वर्तमानके विकासके इतिहासका जानकार है । वह सीधी रेखासे अंक और शून्य तक, बस्तु और उसका सापेक्षिक मूल्य, विशाल मानव-समाजमे परिवर्तन होनेके प्रेम, सेवा, धैर्य परिश्रम आदि अच्छे सकारात्मक तत्वोंको और अहंकार, ईर्ष्या, लोभ जैसे तोड़ने, छोटा करने वाले नकारात्मक तत्वोंको पहचानता है । और अवकाश और अकेलेपनकी रातको बिछावनपर पडा वह अनुभवी आदमी अपने एकान्त अकेलेपनकी सुबह विद्यालय जा रहे बच्चोंकी खुशी और उगते हुए सूर्यकी पहली किरणसे अपने हृदयके कमरेको भरलेनेमें समर्थ है । यह आदमी अपने अनुभव और ज्ञानका प्रकाश आगेकी पीढ़ीको दिए जा रहा है । यह एक चिंतन पधान कहानी है

अभी तक 'कफन-चोर'की कहानियोंके कथानकको बातें हुई । पाठकोका ध्यान उनके कथानककी ओर खींचा गया कि वे उनसे वर्णित परिस्थितियोंकी स्वामाविकता या कृत्रिमताको पहचान सकें । मेरे पाठकने इन कहानियोंको अधिकांश रूपमे स्वाभाविक लय (प्रस्तुति) में, मिला हुआ और समझ, चिंतन और आस्वादन शक्तिको अनुकूलतामे प्रभावित करनेवाला पाया है । एक दो जगह मात्र थोडी अस्वाविकता खटकी है, कथानाकमे जैसे जोड हो ।

समालेचकोंने कथानक, पात्र या चरित्र-चित्रण, संवाद, वातावरण, शैली और उद्देश्यको कहानीके विचारणीय पक्ष माना है । लेकिन इन सभी पक्षोंपर अलग-अलग विचार करनेकी समीक्षागत रूढ़ि आज उतना महत्व नही रखती । इनसबोंका समवेत्त प्रभाव पाठकोंके मनपर कितना, कैसा असर है, यह पक्ष अधिक विचरणीय है । इस अपेक्षाको ध्यान मे रखकर ही मुंसी प्रेमचन्द हिन्दीके कहानीकार सम्राट कहते हैं – कहानी ( गल्प) एक रचना है, जिसमें जीवनके किसी एक अंग या मनोभावको प्रदर्शित करना ही लेखकका उद्देश्य रहता है । उसके चरित्र, उसकी शैली तथा कथा-विन्यास-सब उसी एक भावको पुष्ट करते हैं । कहानीकी सारे पक्षोंकी प्रस्तुतिमे कहानीकारके मनोवैज्ञानिकता निर्वाहकी कुशलताको ही मुंसीजी ने उसकी सफलता मानी है ।

इस कसौटीके अनुसार ही मुझे 'कफन-चोर'की कहानियाँ अधिकतर ग्रामीण परिवेशको साफ-सुथरे, सच्चे ढंगसे प्रस्तुत करनेवाली, ग्रामीण युवा-युवतियों, विभिन्न पेशेके नर-नारियों, वयोवृद्धोंके सोच, कथनी और करनीको प्रतिबिबित करनेवाली, सही और गलतका परिणाम और पहचान देनेवाली, पाठकोंको अपनी सहज भाषा, और प्रस्तुतिकी सहज शैलीसे अनुकूल संवेदनाएं उत्पन्नकर आकर्षित करनेवाली सफल कहानियाँ लगी हैं । आजकी कहानियोंकी कसौटीपर गांवोंके मन, मस्तिष्क और वातावरणको सहजता और सरलतासे प्रस्तुत करनेवाले कहानीकार श्री चन्द्रेश्वर प्रसाद रौनियार जी निश्चित रूपसे मुझे एक सफल कहानिकार लगते हैं । ००


## सूचना सूचना सूचना

सरस्वती राजनारायण प्रतिष्ठानले **आनन्दीदेवी पुरस्कार** यसवर्ष साहित्यतर्फ भोजपुरीभाषा र समाजसेवातर्फ असहाय/ज्येष्ठ नागरिक सेवामा समर्पित व्यक्ति/निकाय/संस्थालाई प्रदान गर्ने निर्णय गरेको छ। यी राष्ट्रिय स्तरका प्रत्येक पुरस्कार **सम्मानपत्रसहित नगद राशि ५१ हजार** रहेको छ। अतः उत्कृष्ट तथा योग्यतम व्यक्ति वा संस्था छनौटमा सहयोगको लागि निजहरुबाट भएगरेका कामको विवरणसहितको आधारपत्र वा सूचना निम्न व्यक्तिलाई १५ दिनभित्र उपलब्ध गराई दिनुहुन आह्वान गर्दछौं ।

काठमाडौं : **कुमार विवेकानन्द मिश्र, अनामनगर,**
**मो.न. ९८५१०७७८२८**

जनकपुरधाम: **चन्द्रेश्वरप्रसाद रौनियार, रमानन्दचौक,**
**मो.नं. ९८४४२७६६६९**





# घलेको खोजमूलक सत्कार्य एवं हाम्रो धर्म-संस्कृतिको मूल चुरो र जरो


सुश्री भद्रकुमारी घलेद्वारा संकलित एवं सम्पादित आदिवासी जाति जनजातिहरू र तमूँहरूको आदिवासी तमुँ 'के' (आदिवासी तमुँको वेद) नामक बृहत् ग्रन्थ अध्ययन गर्ने सौभाग्य पाउँदा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश नेपालका हामी आदिवासीहरूको लोकसंस्कृतिको क्षेत्रमा अध्ययन, अन्वेषण र अनुसन्धानको क्रम चालू गर्न सक्यो भने अनेकन अमूल्य र दुर्लभ कुराहरू प्रकाशमा ल्याउन सकिने रहेछ भन्ने तथ्य टड्कारो रूपमा देखा पर्दछ र प्रस्तुत ग्रन्थ त्यसैको एउटा ज्वलन्त उदाहरण भएको छ । र, यो ग्रन्थ हाम्रा पिछडिएका शोषित र पीडित अन्य जाति जनजातिका बन्धुजनहरूका लागि पनि एउटा अनुकरणीय खोजमूलक सत्कार्य भएको छ । वास्तवमा हामीहरू जुन 'वेद' भन्दछौं, वेदको खास अर्थ त आत्मज्ञान प्राप्तिका लागि 'जान्नु' नै हो, धार्मिक ज्ञान तथा आध्यात्मिक दर्शन उपार्जन गर्नु नै हो । जुनकुरो सिर्जनाको प्रारम्भिक कालमा मौखिक श्रुति परम्परामा प्रचलन र संरक्षण भैरहेको हुन्छ र विस्तार विस्तारै पछि स्मृति र कृतिमा परिणत हुन पुग्छ । हुन त आजको विज्ञान र प्रविधि  को युगमा यस किसिमका कुराहरू सुन्दा वा प्रसङ्गवश चर्चा परिचर्चा गर्दा हामी मध्ये कतिलाई अपत्यारिलो पनि लाग्न सक्दछ तर मानव सभ्यताको इतिहासमा यस किसिमका तथ्यहरूको ठूलो भूमिका भने रहेकै हुन्छ । किनभने विश्व ब्रह्माण्डका सृष्टिक्रमहरूको प्रसङ्गमा जुनसुकै दर्शनको शाखा प्रशाखामा पनि यस किसिमका तत्वका विशेषताहरू रहेका हुन्छन् । अतः संक्षेपमा भन्नुपर्दा तमूँहरूका आदि-चिन्तक मननशील प्रातःस्मरणीय पुर्खाहरूले महान् गुरूहरूले 'के' (वेद) मा सुनाएर गएका कुराहरू विलुप्त हुन नपाउँदै संग्रहणीय र पठनीय भएका छन्, यसबाट समयसापेक्ष मार्गचित्र कोर्नुचाहिँ हामीहरूको सद्बुद्धिमा निर्भर गर्दछ । यस ग्रन्थलाई प्रकाशमा ल्याउनु हुने दूरदर्शी अनुसन्धाता विदुषी लेखिका भद्रकुमारी घलेको अथक परिश्रम प्रशंसनीय भएको छ । धन्यवाद !

# परोपकार गरेर तृप्त भई मर्न सक्नुपर्दछ

**– सुश्री भद्रकुमारी घले,** ***लेखक, आदिवासी तमुँको वेद***



सेवाको काम पनि देखावटी हुनुहुन्न भन्ने मेरो धारणा छ । भोकोको भोग मेट्न सक्नु, नांगोको नग्न ढाक्न सक्नुका साथै आवश्यकता र खाँचोको भारले चेप्टाएकाहरूलाई सहयोग पुऱ्याउन सकेमा ठूलो दान, ठूलो सेवा, ठूलो सहयोग ठहर्दछ जस्तो मलाई लाग्छ । खासगरी छोराको स्कुल फिस तिर्न नसकेका, वयस्क छोरीको विवाह गर्न नसकेका जस्ता आदि समस्यामा डुबेकाहरूलाई हामीले सहयोग गरी केही समस्या टार्न सके त्यो नै सेवा हो जस्तो लाग्छ ।




मैले यस किताबमा लेखेकी छु । यहाँ लोग्ने मान्छे र आइमाई दुई थरी छन् । यहाँ तँ धनी, म गरिब, त्यो ठूलो, म सानो छैन, हाम्रो वेदमा हाम्रो संस्कारमा जाति नै छैन । त्यसपछि छुवाछुत हुने कुरै छैन । हामी मान्छे हौं, मान्छेले मान्छे भई काम गरी सहयोग पुऱ्याइ सेवा, परोपकार गरेर तृप्त भई मर्न सक्नुपर्दछ । हाम्रो 'के' (वेद) मा यस्तै कुराहरू हामी पाउँदछौं ।

बैंकिङ्ग जगत्मा भिन्नै पहिचान एवं विश्वासिलो र भरपर्दो बैंक

आकर्षक
ब्याज र उच्च
प्रतिफलका लागि सधैं
सम्झनुहोस् ।

सिद्धार्थ
डेभलपमेण्ट बैंक लिमिटेड

प्रधान कार्यालयः तीनकुने, काठमाडौँ । पो.ब.नं. २१०९९
फोनः ४४८८४८०, फ्याक्सः९७७-१-४४८८४७०
Email: info@sdbl.com.np   Web: www.sdbl.com.np

# मस्तिष्कले निर्देश जारी नगरेसम्म मन पनि निष्क्रिय नै रहन्छ



**सङ्गीता आचार्य**

***कवयित्री / साहित्यकार***

***लेखनको आरम्भ कहिलेदेखि गर्नुभयो ?***


- लेखन तथा साहित्यमा किशोर कालदेखि नै विशेष लगाव र झुकाव थियो । विद्यार्थी जीवनमा थुप्रै शैक्षिक क्रियाकलापहरूमा विभिन्न विषयका कविता, गीत आदि रचना वाचन तथा गायनजस्ता प्रस्तुतिमा सहभागी हुने गर्थें । वैवाहिक जीवनमा प्रवेशसँगै साहित्यिक क्षेत्रमा केही समय अल्पविरामजस्तै लागेको थियो तर पनि मनमा उठेका भावनाहरु पोख्दै, कोर्दै घरको पुस्तक–र्‍याकको शोभा बढाउने क्रम चाहिँ चलेको नै हुन्थ्यो । समय अन्तरालसँगै लेखन कार्यलाई पूर्णता वा पुनः निरन्तरता दिने प्रयासमा लागेको भने करीब दुई वर्ष भयो ।

***अरू कुन विधा तपाईंलाई रूचि लाग्छ र किन ?***

- अन्य विधामा मलाई रोचक र प्रेरक लाग्ने विधा भनेको निबन्ध हो । निबन्धमा आफूले लेख्न खोजेको रोजेको विषयभित्र रहेर हरेक पक्षबाट उक्त विषयको लेखाजोखा गरी सामाजिक तथा अन्य सम्पूर्ण पक्षका कुराहरूलाई एकै ठाँउमा ल्याई बाँधेर कुरोको भित्री चुरोसम्म आफू पुगेर पाठकलाई रन्थनाउन सक्ने भएकोले निबन्ध विधा पनि मलाई अत्यन्त रोचक र लेखनीय लाग्छ ।

***अनि पहिलो कृति प्रकाशन गर्न कविता विधा नै किन छान्नुभयो ?***

- कवितामा नै भावहरु उतार्न सहज र सरल ठान्दछु । कविता एउटा यस्तो विधा हो जसमा




सीमित समयमा मनमा उर्लिएका असीमित भावनाका लहरहरूलाई सीमित शब्द लहरभित्र असीमित रूपमा प्रवाह गर्न सकिन्छ भन्ने लाग्छ । कविता आधा आज लेख्छु र आधा भोलि सोचेर लेखुँला भन्न सकिन्न, एक बसाइमै लेख्नुपर्छ । कलम उठाएर कोर्न सुरू गरेपछि स्वतः नै कोरिइरहन्छ जबसम्म त्यहाँ पोख्न खोजिएका आवेग, उद्वेग, संवेग पूर्णरूपमा छताछुल्ल हुँदैन । छोटो रूपमा लामो कुरालाई मिठास भरेर व्यक्त गर्न सकिने विधा भएकोले कविताको पुस्तक नै प्रकाशन गर्न रोजेँ कि भन्ने ठान्छु ।

***नेपाली कविताको स्वरूप कस्तो हुनुपर्छ भन्ने लाग्छ ?***

- कविता यस्तै हुनुपर्ने भन्ने त ठान्दिनँ किनभने कविता विधाभित्र पनि विभिन्न भाव र संवेगादि रहन्छ नै । विभिन्न किसिमले यसलाई व्यक्त गर्न सकिन्छ । कवितामा भाव पक्ष सर्वोपरी हुनुपर्छ भन्ने ठान्छु, सीमामा नबाँधिने विषयवस्तु कालजयी हुन्छन् भन्ने मान्छु, ध्वनि र लयको पनि उत्तिकै महत्त्व हुन्छ कवितामा, विम्ब र प्रतीकले कवितालाई मान्छे र तिनका स्वाभावसँग मिलाउँछ कि भन्ने लाग्छ, जे भए पनि जस्तो भए पनि कवितामा कविता तत्व भने हुनैपर्छ जस्तो लाग्छ किनभने कविता उपदेश, वृत्तान्त वा जीवनी त होइन नि ! मैले यी कुरा कति दिन सकँ हुँला यो त समीक्षककै कुरा भयो ।

***साहित्यमा लाग्नुमा कुनै कोही प्रेरणा स्रोत छ कि ?***

- मेरो साहित्य प्रतिको अभिरूचिको मुख्य आधारस्रोत त मेरो वाल्यावस्थाको भोगाइ नै हो । ग्रामीण निम्न वर्गीय परिवेशले देखाएका भोगाएका अनगिन्ती अभाव, उत्पीडन, बेमेल, भेदभाव, छोरीलाई अर्काको धन सम्झिने सामाजिक मानसिकता आदि कुराले एक्लोपन भित्र गुज्जिने चित्कारसँगै आफ्ना भावना कापी र कलमसँग साट्ने बानी परेको थियो । पछिल्लो समयमा मेरो गुम्सिएर थन्किन थालिसकेको साहित्यिक भावनालाई जुरमुराएर मनमा उर्जा र नयाँ जागरण दिएर पुनः नवयात्रा आरम्भ गराउने मुख्य प्रेरणा स्रोत चाहिँ म साहित्यकार **विनयकुमार शर्मा नेपाल**लाई मान्छु । वहाँबाट प्रेरणा, उत्साह, हौसला, जागरण र साथ नपाएको भए सायद अझै पनि मेरा भावनाहरु भित्रभित्रै मात्र थन्किने थिए होलान् ।

***तपाईंको विचारमा कविता मनबाट आउनुपर्ने हो कि मस्तिष्कबाट ?***

- मलाई लाग्छ साहित्य भनेको मन र मनको भावनाको सम्मिश्रण हो । हुन त मस्तिष्कले सोच्ने शक्ति नखर्चिएसम्म मन वा भावनाको कुनै अर्थ रहन्न । मेरो विचारमा मन र मस्तिष्क दुवै एक अर्काका परिपुरक हुन् । मस्तिष्कले निर्देश जारी नगरेसम्म मन पनि निष्क्रिय नै रहन्छ भन्ने म मान्छु । मान्छेको दिमागको मस्तिष्क भनिने तरङ्ग अलि कठोर, जालझेल वा सोचविचार गरेर काम गर्ने हुनाले निबन्धजस्तो विधामा मस्तिष्कले बढी काम गर्नु स्वभाविक भए पनि कवितामा संवेदनशील वा कोमलता बढी हुने गरेकोले मन भनिने तरङ्बाटै निस्किनुपर्छ भन्ने लाग्छ ।

***अनवरत पाइलामा के छ तपाईंको सन्देश समाजलाई ?***

**- अनवरत पाइला** एउटा प्रेरणा हो । जीवन अनवरत रूपमा चलिरहनु नै मानव जीवनको सार हो भन्ने कुराको सङ्केत हो यो । मान्छेले चाहेमा यो संसारमा नहुने वा गर्न नसकिने भन्ने केही छैन । सुख र दुःखको सङ्गममा रहेको मानव जीवनको बाच्नको लागि गरिने सङ्घर्ष नै मूल हो भन्ने कुरा **अनवरत पाइला**ले प्रस्ट्याउन खोजेको छ । खासगरी प्रेम के हो, प्रेमको स्वरूप के हो, प्रेमको सीमा के हो, एउटा सङ्घर्षरत नारीले जीवनमा के-कस्ता अवस्थाहरूको सामना गर्नु पर्दछ र ती समस्यासँग लडेर कसरी

# अनवरत पाइला

**– सङ्गीता आचार्य**

चकित पनि छु
थकितपनि छु
आश्चार्यजन कमोडहरू
अकल्पनीय परिस्थितिहरू देखेर
आफैं अलमल्लमा पनि छु ।

समयको रूपरेखाभित्र
डुबिरहेछु, तैरिरहेछु
तैरिरहेछु, डुबिरहेछु
नयाँ गति मिलेको देखेर
हर्षित भएको मन
अमिल्दा परिस्थितिहरूमा
अनायासै साँघुरिएर
निरासिन्छ
फेरि
क्षणमै निरासाभुलाएर
लक्षतिर अन्भरिन्छ ।

आफ्नाहरूबाट साथ नपाउँदा
अग्रजहरूको आशीर्वाद नपाउँदा
हिड्ने बाटो आफूले नै
सिर्जना गर्ने सङ्घर्षमा
एक्लो पनको आभाष हुँदा
विरक्तिँदो रहेछ मन
अनि
एक तमासको सुर्ता लागे झैं
हतासिँदो रहेछ मस्तिष्क ।

कताकता सम्झिन्छु
हिजोको त्यो दिन
जहाँ कोही मार्गदर्शक थिएन
एकोहोरो बन्दकोठाभित्र
कैदीजस्तो
अनेकानेक एकालाप गर्थे
कैयौं सयौं मनोयुद्वसँग लड्थें
जीवनयति नै रहेछ ठान्थें

अनि
त्यही बन्द पर्खाल नै
आफ्नो दुनियाँ मान्थें ।

तर
परिवर्तन भएको छ आज
नयाँ जागरण छाएको छ आज
नयाँ उत्साह पलाएको पनि छ आज
जीवनको गति
अनि
लक्ष्य मोडिएको पनि छ आज ।

म कसरी हार मान्न सक्छु ?
जस्तोसुकै परिस्थितिमा
लडेर युद्व जित्ने
प्रण कसरी भुल्न सक्छु ?
अन्धकारलाई चिरेर
जुनको ज्योतिले
मलाई बोलाइरहेछ सायद
'तेरो मार्ग खुल्यो' भन्दै
झक्झकाइ रहेछ सायद ।

हो
दुःख नै सुखको मार्ग रहेछ
दुःख नै जीवनको सहयात्री
अनि
दुःख नै भोलिको
उज्यालो पनि रहेछ
त्यसैले
सङ्घर्ष गरेर देखाउने छु
युद्व जितेर पनि देखाउने छु
अतिव्यस्त यो समयलाई
'तिमीभन्दा व्यस्त म छु'
भनेर पनि देखाउने छु
समयभन्दा छिटो हिंडेर
युग परिवर्तन गर्दै
क्रान्तिको दियो पनि जलाउने छु ।

# पाँच मुक्तक



**– तिलस्मा [illegible]**

**१**

गगनको कालो मेघलाई हेर अवश्य वर्षिन्छ
बलि दिन लागेको बोको हेर अवश्य पर्सिन्छ
अगुल्टोको झटारो धेरै खेपेको विक्षिप्त कुकुर
विजुलीको चम्काइले मात्रै पनि अवश्य तर्सिन्छ ।

**२**

फूल चढाएँ तिमीलाई काँडा दिएर गयौ
अमृत थाप्नलाई चुहुने भाँडा दिएर गयौ
काँडाको बयान के गरौं फूल मन नपर्नेसँग
प्रेमको बदलामा धोका गाढा दिएर गयौ ।

**३**

भनिन्छ यात्रा हो जिन्दगी कहिलेकाहीं जाम हुन्छ
भनिन्छ रमाइलो गर्नुपर्छ यदाकदा तामझाम हुन्छ
सोचे जस्तै त कसको हुन्छ र जिन्दगी स्वीकार्नु पर्छ
मुस्किलले दुई चारवटा काम अनि पूर्णविराम हुन्छ ।

**४**

मन भित्र उब्जिएको एउटा विचार पालेकी छु
मान्छेहरूको सङ्गत अचेल कम गर्न थालेकी छु
मान्छेहरूले नै पटक पटक मन च्यात्न थालेपछि
वैद्य आफैं बनी मलम र पट्टि लगाउन थालेकी छु

**५**

यात्रा रहेछ जिन्दगी एक्लै हिँडेर बिताइदिन्छु
जात्रा रहेछ संगम समूहमा हेरेर बिताइदिन्छु
गन्तव्यमा पुग्न त्यति सजिलो कहाँ छ र हजुर
क्षणभङ्गुर रहेछ संसार नियालेर बिताइदिन्छु ।

जीवन अनवरत रूपमा अगाडि बढाउँदै जानुपर्छ भन्ने कुराहरु समेट्ने प्रयास गरेकी छु । भौतिक अर्थात् शारीरिकदेखि शाश्वत अर्थात् पारलौकिक प्रेमसम्मको यात्रा हो **अनवरत पाइला** ।

***जीवनलाई के ठान्नुहुन्छ ?***

– जीवन सुख र दुःखको मेल हो । एउटालाई स्वीकार गर्नेले अर्कोलाई पनि सहज नै स्वीकार गर्न सक्नुपर्छ । सुख नभएमा वा दुःख नभएमा वा एउटा मात्र भएमा त्यसलाई कसरी जीवन मान्नु र ? सुख र दुःखको अनुभव र मापदण्ड मान्छेका आआफ्ना आवश्यकता, अनुभव र अवस्थाले फरक भने देखिएला तर दुवै त छ छ जीवनमा । मान्छेले एक जनाको निहित स्वार्थ हेरेर बाँच्नु भन्दा सके विश्वकै मानव समुदाय नसके पनि आफ्नो देश वा समाजको लागि केही उत्साह, प्रेरणा, जागरण आदि बाँडेर बाँच्नु जीवनको सार्थकता हो र त्यसैलाई जीवन ठान्छु म ।

***अब के लेख्ने तयारीमा हुनुहुन्छ र कहिलेसम्म आउला ?***

– मैले माथि नै भनेकी पनि छु कविता पछिको मेरो अर्को रोजाइको विषय निबन्ध हो भनेर । विभिन्न विषयका वैचारिक आत्मापरक निबन्ध लेख्ने मेरो धोको पनि छ र म यसमा लागिरहेकी पनि छु । हुनसक्छ मेरो अर्को कृति निबन्ध नै होस् ।

***अग्निचक्रलाई के भन्नु हुन्छ ?***

– अग्निचक्र कहिले बैंकिङ पत्रिका हो कि भनेजस्तो लाग्दछ भने कहिले धार्मिक । यसले साहित्यिक बनेर राष्ट्रको विद्वान्हरूको चिन्तन र विचार प्रस्तुत गरोस् भन्ने चाहन्छु र अन्तमा अग्निचक्रलाई विचार राख्ने अवसर दिएकोमा धन्यवाद दिन्छु । ००

**(१) परिचय :** गरीब, विपन्न, पिछडिएका तथा राज्यको मूलधारमा नसमेटिएका समुदाय तथा परिवारको आर्थिक, सामाजिक तथा चेतना स्तर उठाई गरिबी न्यूनिकरण गर्ने लक्ष्य र उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रूपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा सम्भाव्य उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने कार्यका लागि सर्वसाधारणलाई गुणस्तरीय वित्तीय तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराउनुका साथै आवश्यक पर्ने साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणको कार्यमा सहयोग पुऱ्याउने उद्देश्य लिएर मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को स्थापना वि.सं. २०६९ कार्तिक २६ गते भएको हो । यो संस्था नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । यसको अधिकृत पूँजी ४० करोड, जारी पूँजी र चुक्ता पूँजी २० करोड रहेको छ । यसको प्रवर्द्धक ८ वटा वाणिज्य बैंक र २ वटा विकास बैंकहरू रहेका छन् ।

**(२) कानुनी मान्यता :** यो वित्तीय संस्था नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति वि.सं. २०६९ कार्तिक २६ गते पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता (दर्ता नं. १०७२१४) भएको र नेपाल राष्ट्र बैंकबाट मिति २०७० आषाढ ३० गते वित्तीय कारोबार गर्ने स्वीकृति प्राप्त गरेपश्चात् नुवाकोट जिल्ला स्थित बट्टार शाखाबाट मिति २०७० श्रावण ३ गतेदेखि वित्तीय कारोबार प्रारम्भ गरेको हो ।

**(३) बैंकको कार्यक्षेत्र :** यस संस्थाको कार्यक्षेत्र नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ७५ वटै जिल्ला रहेको छ । यस संस्थाको कर्पोरेट कार्यालय नुवाकोटमा रहेको छ ।

**(४) ग्राहक :** कार्यक्षेत्रमा स्थायी बसोबास गरेका नेपाली नागरिक मध्ये विपन्न वर्गका व्यक्ति आयमूलक कार्यमा सक्रिय रूपले भाग लिन इच्छुक एक परिवारबाट एक जना महिला मुख्यतः यस बैंकको सदस्य बन्न सक्दछन् । सदस्य बनाउनु अघि ५ देखि ७ दिनसम्मको अनिवार्य समूह तालिम दिई संस्थाको नीति नियम र कार्यविधि एवं प्रकृयाबारे जानकारी गराइन्छ । तीन वा सोभन्दा बढी समूह गठन भएपश्चात् केन्द्र गठन गरी लघुवित्त कार्यक्रमको शुरूवात विधिवत रूपमा गरिन्छ । केन्द्र नै कार्यक्रम सञ्चालन गरिने थलो हो । केन्द्रको बैठक सामान्यतः मासिक रूपमा सञ्चालन गरिन्छ ।

**(५) संस्थापकहरू :** यस बैंकमा संस्थागत संस्थापकहरू र सर्वसाधारण शेयर लगानीकर्ताहरू रहेका छन् । स्वामित्व संरचना यस प्रकार रहेको छ ।

| क्र.सं. | शेयरहोल्डर विवरण | % |
|---|---|---|
| **१.** | **समूह "क" संस्थापकहरू** | **६९.४** |
| क. | ग्लोबल आइ.एम.ई. बैंक लि. | ७.०० |
| ख. | सिटिजन्स बैंक इन्टरनेशनल लि. | ६.९० |
| ग. | एन. आइ. सि. एशिया बैंक लि. | ७.०० |
| घ. | प्रभु बैंक लि. | ७.०० |
| ङ. | सिद्धार्थ बैंक लि. | ६.५० |
| च. | एन. एम. बि. बैंक लि. | ७.०० |
| छ. | प्राइम कमर्सियल बैंक लि. | ७.०० |
| ज. | जनता बैंक नेपाल लि. | ७.०० |
| झ. | भिबोर सोसाईटी डेभलपमेण्ट बैंक लि. | ७.०० |
| ञ. | देव : विकास बैंक लि. | ७.०० |
| **२.** | **समूह "ख" सर्वसाधारणहरू** | **३०.६०** |
| क. | सर्वसाधारण शेयर होल्डर | ३०.६० |
| | **जम्मा** | **१००** |

**(६) प्रशासनिक व्यवस्थापन :** सञ्चालक समितिले बैंकका उच्च पदस्थ कर्मचारीहरूलाई बैंक सञ्चालनमा आवश्यक पर्ने नीति निर्माणमा सुझाव दिने कार्य गर्दछ । यस बैंकको प्रमुख कार्यकारी अधिकृतले बैंकको दैनिक कार्य सञ्चालनलाई चुस्त दुरूस्त बनाउने जिम्मेवारी बहन गर्ने व्यवस्था रहेको छ । प्रमुख कार्यकारी अधिकृतको मातहतमा यस बैंकको कर्पोरेट कार्यालयमा निम्न विभागहरू रहेका छन् ।

(क) मानव संशाधन तथा सञ्चालन विभाग
(ख) वित्त विभाग
(ग) कर्जा विभाग
(घ) सूचना तथा प्रविधि विभाग
(ङ) योजना, अनुगमन तथा सुपरीवेक्षण विभाग

फिल्ड स्तरको कार्य सञ्चालन, सुपरीवेक्षण तथा निरीक्षणको लागि शाखा कार्यालयको व्यवस्थापन गरिएको छ । आन्तरिक नियन्त्रण प्रणालीका लागि बाह्य श्रोतबाट आन्तरिक लेखा परीक्षण गराउने व्यवस्था रहेको साथै विभागहरूबाट पनि समय समयमा निरीक्षणको व्यवस्था गरिएको छ ।

**(७) लगानीका मुख्य स्रोतहरू :**

- शेयर पूँजी र सञ्चित मुनाफा
- विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्राप्त लघुवित्त थोक कर्जा
- सदस्यहरूबाट संकलित बचत

## सूचना

**मिति २०७३ साल मङ्सिर ९ गते बसेको यस मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को सञ्चालक समितिको ४७ औं वैठकको निर्णय अनुसार यस मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. को चौथो वार्षिक साधारण सभा २०७३ साल पौष १५ गते शुक्रबार बिहानको ११:४५ बजेबाट होटल वाटर टावर, विदुर-३, बट्टार, नुवाकोटको सभाकक्षमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**(८) लगानी प्रक्रिया :**

- व्यक्तिगत लगानी (धितोमा आधारित)
- सामूहिक/व्यक्तिगत लगानी (धितो र सामूहिक जमानीमा आधारित)

**(९) यस संस्थाबाट प्रदान गरिने मुख्य सेवाहरू :**

**(क) निक्षेप सेवाहरू :**

| क्र.सं. | बचतका प्रकारहरू | वार्षिक ब्याजदर |
|---|---|---|
| १. | गृहिणी पेवा बचत | ८ % |
| २. | मासिक क्रियाशील बचत | ८ % |
| ३. | आपतकालिन बचत | ८ % |
| ४. | केन्द्र बचत | ८ % |
| ५. | जीवन सहारा बचत | ९ वर्षमा डेढी र १४ वर्षमा दोब्बर |
| ६. | सिर्जनशील बालयुवा बचत | ८ % |

**(ख) कर्जा सुविधा :** विपन्न वर्गका सदस्यले आफ्नो आवश्यकता अनुसार स्वरोजगारीका माध्यमले आयस्तर वृद्धि गर्नका लागि सरल एवं सहज तरिकाले निम्न प्रकारका कर्जाहरू आफ्नै घरदैलोमा प्राप्त गर्न सक्नेछन् :

**(१) बिना धितो कर्जा**

| क्र. सं. | कर्जाका प्रकारहरू | अधिकतम कर्जा रकम | अधिकतम भुक्तानी अवधि | ब्याजदर % |
|---|---|---|---|---|
| १. | साधारण कर्जा | २ लाख | २ वर्ष | १८ |
| २. | मौसमी कर्जा | ३० हजार | १ वर्ष | १८ |
| ३. | वैकल्पिकऊर्जा कर्जा | १.५ लाख | ३ वर्ष | १६ |
| ४. | विशेष कर्जा | २५ हजार | १ वर्ष | १६ |
| ५. | सामाजिक कर्जा | १० हजार | १ वर्ष | १८ |

**(२) धितो कर्जा :** यस संस्थासँग आवद्ध सदस्यहरूको आर्थिक क्रियाकलापमा टेवा पुर्‍याउँदै उनीहरूको व्यावसायिक गतिविधिलाई अझ सुदृढ पार्न, परियोजना सञ्चालन गर्न तथा उनीहरूको भइरहेकै उद्यम तथा व्यवसायको स्तरोन्नति गर्नका लागि उनीहरूमा बैकिङ सेवा सुविधा प्रदान गर्न ग्राहक सदस्यहरूलाई धितो कर्जा प्रदान गरिने छ । धितोअन्तर्गत सदस्यहरूलाई लघुउद्यम कर्जा, वैदेशिक कर्जा, शैक्षिक कर्जा र घर निर्माण कर्जा प्रदान गरिने छ । लघुउद्यम कर्जा पहिलो रू. ३ लाखदेखि ५ लाख (महिला उद्यमीलाई ७ लाख), सम्म वा नेपाल राष्ट्र बैंकले समय समयमा तोके बमोजिम प्रदान गर्न सकिन्छ ।

धितो कर्जाहरूमा १५% (घट्दो) ब्याजदरको व्यवस्था गरिएको छ ।

**(ग) बीमा योजना :**

**(१) पशुधन सुरक्षण बीमा :** यस अन्तर्गत खरिद गरेको पशुको खरीद मूल्य र कर्जा रकममध्ये जुन कम छ, त्यसको ३% रकम सुरक्षण शुल्क बुझाई बीमा गराउन सकिनेछ । सुरक्षण गरिएको पशुको १ वर्ष भित्रमा मृत्यु भएमा ८०% क्षतिपूर्ति उपलब्ध गराइनेछ ।

**(२) सदस्य संरक्षण तथा कल्याणकारी कोष :** यस अन्तर्गत ऋणी सदस्यले आफूले लिएको कर्जा रकमको ०.५ प्रतिशत शुल्क तिर्नुपर्नेछ । सुरक्षण अवधि भित्रै कर्जा सदस्यको मृत्यु भएमा बाँकी कर्जा (साँवा र ब्याज समेत) मिनाहा गरिनेछ साथै काजक्रिया वापत एकमुष्ठ रू. १५ हजार प्रदान गरिनेछ । श्रीमान् वा मूख्य अभिभावकको हकमा भने एकमुष्ठ रू. ७ हजार ५ सय उपलब्ध गराइनेछ । अन्य सुविधाहरू कार्यविधि बमोजिम हुनेछ ।

**(घ) विप्रेषण सेवा :** संस्थाले आफ्ना सदस्यहरूका लागि आइ. एम. ई., वेस्टर्न युनियन, प्रभु मनी ट्रान्सफर, हिमाल रेमिट र मेगा रेमिट जस्ता विप्रेषण प्रदायक कम्पनीसँग मिली विप्रेषण सेवा समेत सञ्चालन गरेको छ । यस अन्तर्गत स्वदेश तथा विदेशबाट सजिलोसँग पैसा पठाउन सकिनेछ ।

मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
MERO MICROFINANCE BITTIYA SANSTHA LTD.
कर्पोरेट कार्यालय
बट्टार, नुवाकोट
फोन नं. ०१०-५६१७४६/५६१७४७
सम्पर्क कार्यालय
ज्वागल, कुपण्डोल, ललितपुर
फोन नं. ०१ -५५२७४७२/५५२८१३६

# पेसाप्रतिको इमान्दारिता नै हाम्रो सफलता हो

*नेपाली कांग्रेसको राजनीतिबाट पहिले राजनीतिक दलसँग आबद्ध हुनु भएका **सन्तोष बस्नेत** पछि गएर खस क्षेत्री समावेशी पार्टी हाल संघीय समाजवादी फोरमका युवा नेता हुनुहुन्छ । वि.सं. २०४२ साल वैशाख ९ गते जन्मनु भएका बस्नेतको स्थायी घर उदयपुर जिल्लाको सुन्दरपुर-९ हो । उदयपुर जिल्ला क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार भई चुनाव लडेका बस्नेत हाल काठमाडौं चप्पल कारखाना चोक चण्डोलमा रहेको **'अवसर म्यानपावर सर्भिसेज' का संचालक अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत** समेत हुनुहुन्छ । वैदेशिक रोजगारमा जान चाहनेहरूको रोजाईमा "अवसर म्यानपावर सर्भिसेज" सबैको आकर्षणको केन्द्र बनिरहेका बखत अग्निचक्र मासिकले बस्नेतसँग कुराकानी गरेको छ । जसको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ :*

***आजकल र पहिले काम गर्न कत्तिको सजिलो छ र थियो ?***

- वैदेशिक रोजगार व्यवसायी भएर विगत ३ वर्षदेखि म सक्रिय रूपले काम गरिरहेको छु । हिजोको अवस्थामा काम गर्न धेरै सजिलो थियो, प्रोफिट पनि चित्तबुझ्दो नै हुन्थ्यो तर आजकल फ्रि भिसा र फ्रि टिकटले गर्दा काम गर्न धेरै गाह्रो परिरहेको महसुस हामीजस्ता व्यवसायीले गरेका छौं । इट्टाभट्टा, ठेक्कापट्टा गर्दै युवा उद्यमीको रूपमा काम गरेर राजनीतिकर्मीको अनुभव समेत गरिसकेको मैले समाजसेवाका लागि म्यानपावर व्यवसायी बनेको हुँ । नेपाल सरकार 'वैदेशिक रोजगार व्यवसायी' मैत्री भई दिए राम्रो हुन्थ्यो भन्ने लाग्छ ।

***तपाईको यो "अवसर म्यानपावर" ले कामदार कुन कुन देश पठाई रहेको छ त ?***

- दुबई, मलेसिया, साउदी, कतार, ओमन, बहराइन लगायतका मुलुकहरूमा कामदार पठाइ रहेका छौं । भोलीका दिनमा अन्य नयाँ नयाँ गन्तव्य खोजेर पनि काम गर्ने लक्ष लिएका छौं ।

***धेरै व्यक्तिको रोजाईमा "अवसर म्यानपावर" पर्छ, किन होला ?***

- यस "अवसर म्यानपावर" मा चेयरमेनलाई सोझै भेट्न सकिन्छ । कामदारहरू जुन मुलुकको कम्पनीमा काम गर्न जान्छन्, त्यस कम्पनीको मैले पहिल्यै नै भिजिट गरिसकेको हुन्छु । हामी प्रस्ट कुरा भन्छौं र चित्त बुझाएर मात्र पठाउछौं किनभने गरीबका छोराहरू ठगिनु हुँदैन भन्ने हाम्रो मान्यता छ । समाजसेवा गर्ने क्रममा मानवसेवा पनि गरौं भन्ने अभिप्रायले मैले "अवसर म्यानपावर" को नेतृत्व सम्हालेको हुँ । हामीले पठाएका कामदार सुखी छन् त्यसैले एक कान दुई कान हाम्रो मार्केटिङ्ग कामदार आफैले गरिरहेका छन् अर्थात हामी एक असल म्यानपावर व्यवसायी भएकैले होला आजकल अवसर म्यानपावर सबैको आकर्षणको केन्द्र बन्न सकेको छ ।



**सन्तोष बस्नेत**

*अध्यक्ष*

**अवसर म्यानपावर सर्भिसेज प्रा.लि.**

***तपाई एक सफल युवा व्यवसायी भनेर यस क्षेत्रमा प्रख्यात हुनुहुन्छ, यसको श्रेय कसलाई दिनुहुन्छ ?***

- मेरो इमान्दारिता, आफ्नो मेहनत र परिश्रमलाई नै पहिलो श्रेय दिनु पर्छ होला । त्यस्तै साथीभाईको साथ, सिताराम दाईको मार्गदर्शन अनि मेरा पारिवारिक सदस्यहरूको कारण नै म सफल भएको हुँ जस्तो लाग्छ अर्को कुरा दुबई प्रहरीमा सेवा गरी आएको मान्छे हुँ म । त्यस्तै मेरो पृष्ठभूमी इमान्दार र कर्तव्य निष्ठ राजनीतिक युवा नेता तथा युवा उद्यमी एवं समाजसेवी भएकाले पनि म सफल हुँदैछु ।

***नेपाल सरकारले के गरिदिए हुन्थ्यो भन्ने लाग्छ ?***

- नेपाल सरकार "वैदेशिक रोजगार व्यवसायी" मैत्री भइदिए हुन्थ्यो भन्ने आवाज उठ्न थालेको छ र यो कुरा जायज नै छ किनभने फ्रि भिषा र फ्रि टिकटको कारणले हामी व्यवसायीलाई काम गर्न धेरै गाह्रो भइरहेको छ । हेर्नुस् लक्ष्मी नारायण जी, अहिले एक हजार चौतिसवटा मेनपावर संचालनमा छन् । ठूला र नाम कहलाएका मेनपावर होस् वा सानो खालका मेनपावर हुन् जसले ठग्छ गल्ती गर्छ उसलाई कारवाही गर्ने र राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने परिपाटीको थालनी राज्यले गरे राम्रो हुन्थ्यो । कामदार आफ्नै कारणले फर्केर आयो भने पनि हामीले क्षतिपूर्ति तिर्नु परिरहेको छ, यस्ता कुरामा सत्य तथ्य पत्ता लगाएर मात्र कारबाही वा पुरस्कृत गरे हुन्थ्यो । वैदेशिक रोजगार व्यवसायी संघको भूमिका र सरकार सँगको सामिप्यताबाट यस क्षेत्रका समस्याको समाधान हुनुपर्छ भन्ने लाग्छ ।

***स्माइलिङ फेस भएको युवानेताले अन्त्यमा के भन्नुहुन्छ ?***

- टाइमटेबल अनुसार हिड्ने र सबैसँग मिल्ने स्वभावको म रेगुलर जीम जान्छु । शारीरिक तन्दुरुस्तीका लागि व्यायाम र फुटबल खेल्छु । पत्नी र छोरा छोरीका साथमा सुखी जीवन बिताइरहेकाले म हँसिलो देखिएको हुँला । अन्तमा ९० प्रतिशत सभासद्ले हस्ताक्षर गरेर जारी गरेको संविधानमा पनि असहमति देखिएकाले संविधान संशोधनका लागि राजनीतिक सहमति गरी सबैको चित्त बुझाई संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त हाम्रो देशलाई लोकतन्त्रको मूल सिद्धान्त जनमतका आधारमा शासन गर्ने प्रचलन थाल्नु हुन म वर्तमान सरकार र प्रमुख राजनीतिक दलहरूलाई आग्रह गर्दछु, धन्यवाद । ००



# विज्ञापन व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा बढेको छ

**– खेमबहादुर छत्कुली (प्रशान्त)**, अध्यक्ष, सनमुन मिडिया प्रा.लि.

*चैनपुर-२, धादिङ्गमा २०४३ सालमा जन्मिनु भएका **प्रशान्त छत्कुली** १२ वर्षदेखि विज्ञापन व्यावसायमा संलग्न हुनुहुन्छ । २०६० सालमा कलेज जीवन बिताउँदै गर्दा २ वर्ष जति नेपाली विज्ञापन क्षेत्रमा जागिरे भएर बजार बुझेपछि केही गर्न सक्छु भन्ठानी जागिर छाडी आफै संचालक भएर SUNMOON मिडियाको संस्थापक अध्यक्ष बन्नु भएका छत्कुलीले आजसम्म पनि आफ्नै व्यवसायमा खुसीका साथ जीवन बिताई रहनु भएको छ । एक छोरा शुसान र धर्मपत्नी सुमिक्षाका साथ काठमाडौ बाँसबारी बस्दै आउनु भएका छत्कुली एक सफल युवा विज्ञापन व्यवसायीको रूपमा चिरपरिचित हुनुहुन्छ । हरेक वर्ष विदेश भ्रमण गर्ने छत्कुलीसँग अग्निचक्रले गरेको कुराकानीका सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ :*

***१२ वर्ष देखि विज्ञापन व्यवसायमा संलग्न हुनुहुन्छ, हिजोको अवस्था र आजको परिस्थिति देख्दा कस्तो लाग्छ ?***

- पहिले र अहिलेको विज्ञापन गर्ने तरिका परिवर्तन हुदै गएको छ । पहिले भन्दा अहिले विज्ञापन एजेन्सीहरूको संख्या धेरै बढेको छ । आजकल विज्ञापन व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा बढेको कुरा प्रस्टै देखिएको छ । विज्ञापन व्यवसायीहरूको ठूलो रकम बजारमा फसेको कारणले गर्दा केही ठूला मिडिया एजेन्सी र अन्य साना एजेन्सीहरूले दुखेसो महसुस गरिरहेका छन् भन्दा गलत नहोला । यथार्थ ढंगले वास्तविकता निहाल्ने हो भने नाकाबन्दी पछि घटेको विज्ञापनको बजार अझै राम्रोसँग माथि उठ्न सकेको छैन ।

***लगभग सबै खाले विज्ञापनको काम गर्ने सफल युवा उद्यमी तपाई कस्तो मान्छे हुँ भन्न रूचाउँनु हुन्छ ? र 'आन' बारे केही भन्नु हुन्छ कि ?***

- देशभक्त-राष्ट्र सेवक एक इमान्दार युवा उद्यमी प्रशान्त छत्कुली जी भनेर साथीभाईले तारिफ गरेको सुन्दा म दंग पर्ने गर्छु । मेहनत र परिश्रम नै सफलताको आधार हो, आफू मात्र कमाऊँ खाऊँ भन्ने मानसिकता राख्नु हुन्न र अरूलाई पनि निषेध गर्नु हुन्न भन्ने मान्छे हुँ म । आफू बाँच र अरूलाई पनि बाँच्न देऊ भन्ने मानसिकता बोकेर हिँड्छु, व्यवसायी भएर पनि समाजसेवामा केही रूची भएको एक मानवसेवी युवा हुँ म ।

विज्ञापन बिना कुनै पनि प्रोडक्ट बजारमा पठाउँन गाह्रो छ, आजकल व्यापार केही घटेको महसुस गरिरहेका विज्ञापन एजेन्सीहरूलाई नेपाल विज्ञापन संघ "AAN" ले पनि सबैलाई समेटेर लैजान र समस्या समाधान गर्न सकेको छैन । सबै एकजुट भएर प्रयास गर्ने हो भने विज्ञापन व्यावसायीहरूका समस्या समाधान गर्न सकिन्छ जस्तो मलाई लाग्छ ।



## हरेक वर्ष भ्रमणमा जान्छु

***ठूला-ठूला मुलुक घुमिरहनु हुन्छ, कहाँ कहाँ जानु भो र किन नेपालमै बस्नु भएको हो नि ?***


- वर्षमा एकपटक नयाँ नयाँ ठाउँ घुम्न जाने गरेको छु । विदेश तिर घुम्न मात्रै भ्रमणमा जाने होइन, केही नयाँ कुरा सिक्न जाने गरेको हुँ, यसले गर्दा आफ्नो व्यवसायमा मलाई थप उर्जा प्राप्त हुन्छ । मलेसिया, सिंगापुर हङ्कङ्, चीन र फ्रान्स लगायतका मुलुकको भ्रमण गरिसकेको छु । केही महिना अघि मात्र जर्मन गएको थिएँ, IFA–2016 कन्जुमर इलेक्ट्रोनिक्स एक्जिविशनमा सहभागी हुन बर्लिन गएको थिएँ । म एक देशभक्त-राष्ट्रसेवक नागरिक भएको हुनाले बाहिर अन्य मुलुकहरूमा अवसर देखेर, पाएर पनि स्वदेशमा नै केही गर्नुपर्छ भन्ने भावनाले गर्दा म स्वर्गजस्तो लाग्ने हाम्रै देश नेपालमा नै व्यवसाय गरेर बसेको हुँ ।

***देश-विदेशको समग्र अवस्थाको जानकारी राख्न जान्ने तपाईलाई के लाग्छ कि यो देशले किन प्रगति गर्न नसकेको होला त ?***

- हाम्रो देशमा राजनीतिक स्थिरता नभएर देश विकास हुन सकेको छैन । केही राम्रा नेता पनि छन् तर नालायक र भ्रष्ट्राचारी धेरै छन् । दरिद्र प्रवृत्तिका मान्छेहरू धन सम्पत्ति कुम्ल्याउनका लागि राजनीतिमा लाग्ने गरेका मान्छेहरू धेरै भएकाले भ्रष्ट्राचार बढेको छ । पदमा पुगेपछि कार्यकाल पुरा गर्न नदिने प्रवृत्तिले गर्दा पदमा पुग्ने बित्तिकै कमाऊँ - आफ्ना मान्छे बनाऊँ भन्ने सोचाई राख्नाले पनि यो मुलुकले विकासमा पछि पर्नु परेको हो । सबै पक्ष इमान्दार भई प्राकृतिक स्रोत-साधनले भरिपूर्ण यो मुलुकको उन्नति र प्रगतिका लागि आम नेपाली एक ठिक्का हुने हो भने नेपाल विश्वमै एक समृद्ध मुलुक बन्न सक्छ । मलाई यस्तै लाग्दछ ।

***अन्तमा तपाईको भन्नु के छ ?***

- व्यक्तिगत स्वार्थ र दलगत स्वार्थमा रूमलिएर मुलुकप्रतिको कर्तव्य भुल्दै गएका राजनीतिक दलहरू र सरकारमा सामेल दलहरूलाई मेरो एउटै अनुरोध छ- "मुलुक र मुलुक बासीलाई खुसी पार्ने काम गर, व्यक्तिगत स्वार्थ छोड, किनभने नेपाली हामी रहौंला कहाँ, नेपालै नरहे...भन्न चाहन्छु । धन्यवाद अग्निचक्र ॥ ००



 ■ **वसन्तकुमार शर्म्मा नेपाल**

# आर्षेयोपनिषत् – १७

*ॐ ऋषयो वै ब्रह्मोद्यमाह्वयित्वा ऊचुः परस्परमिवानुब्रुवाणाः। तेषां विश्वामित्रो विजितीयमिव मन्यमान उवाच। यदेतदन्तरे द्यावापृथिवी अनश्नुवदिव सर्वमश्नुवद्यदिदमाकाशमिवेतश्चेतश्च स्तनयन्ति विद्योतमाना इवावस्फूर्जयमाना इव तब्रह्मेति। तस्योपव्याख्यानम्। यदिदमग्निभिर्ज्वलयन्ति पोप्लूययन्तद्भिरभिषीवयन्ति वद्ध्रीभिरभिग्रश्नंति वरत्राभिरभिघ्नंत्ययोघनैर्विध्यंति सूचीभिः निखानयंति शंकुभिरभितृन्दन्ति पड्वीशिकाभिरभिलिम्पन्ति मृत्स्नया तक्ष्णुवंति वासीभिः कृष्णंन्ति फलिभिर्नहैव शक्नुवत इति नास्येशीमहि नैनमतीयीमहि।*

*तदु ह जमदग्निर्नानुमेने आर्तमिव वा एष तन्मेने यदिदमन्तरेणैनदुपयन्ति पर्यास इवैष दिवस्पृथिव्योरिति। स होवाच अन्तरिक्षं वा एतद्यदिद मित्थेत्थोपव्याख्ये इति। महिमानं त्वमुष्येह पश्यामीति यदिदमस्मिन्नन्वायत्तमिति। स यदिदमेतस्मिन्नन्वायन्त वेदाथ तथोपास्तेऽन्वायत्तो हैवास्मिन् भवति। तदेतद-विद्वानेवास्मिन्नन्वायत्तमुपास्ते वीवपद्यत् आर्तिमृच्छेत्। तस्मादेवमेवोपासीत।*

*तमितरः पप्रच्छ। कतमत् त्वमनार्ते मन्यस इति। तं होवाच। यदिदमिति द्यावापृथिव्योरनारंभमिव नोपयन्ति नाभिचक्षते नाश्नुवन्ति। तस्योपव्याख्यानम्। यदिदमितश्चेतश्चाण्डकोशा उदयन्ति नापद्यन्त इव न विस्रंसन्त इव न स्खलंतीव न पर्यावर्तन्त इव। न ह वा एनत्केचिदुपधावन्तो विन्दन्ति नाभिपश्यन्ति। यदिदमेक इदप एवाहुस्तम एके ज्योतिरेकेऽवकाशमेके परं व्योमैक आत्मानमेक इति।*

*तदु ह भरद्वाजो नानुमेने। यदिह सर्वे वेत्थेत्थेति द्यूदिरे नास्य तद्रूपं पर्याप्तमिति। स होवाच। आर्तमिवेदं ते विज्ञानमपि स्विदेनद्रोद स्योरेवं पर्यायेणोपवन्वीमहि यदिदमित्थेत्थोपव्याख्याख्यास्याम इति। महिमानं त्वेवास्योपासे। यदिदमन्त्रान्वायत्तमिति। स यदिदमन्त्रान्यायत्तं वेदाथ तथैवोपास्तेऽत्रैवान्वायत्तो भवति। स य इहान्वायत्तमिदमविद्वानेवैतदुपास्ते पापीयात् भवत्यार्तिमार्च्छत्यवम्रियते यदेवमवेतदन्वायत्तमुपास्ते सर्वमायुरेति वसीयान् भवति। स य एतदेनमुपास्ते।*

*तमितरः पप्रच्छ। कतमत् त्वमनार्ते मन्यस इति। स होवाच। यदेतस्मिन् मण्डलेऽर्चिर्दीप्यते बंभ्रयमाणमिव चाकश्यमानमिव जाज्वल्यमानमिव देदीप्य-मानमिव लेलिहानं तदेव मे ब्रह्म। तस्योपव्याख्यानं यदिदमद्धैव पराः परावतोऽ-भिपद्येव गृन्हीयादथो विस्फुरन्तीव धावन्तीवोत्प्लवंतीवोपश्लिष्यंतीव न हैवाभिपद्यन्ते। तदिदमन्तिके दवीयो नेदीय इव दूरतो न वा अस्य महिमानं कश्चिदेतीति।*

*तदु ह न मेने गौतमे यदिदमार्तमिव स्तिमितमिव पर्यायेण पश्यन्तीवेमं मोघं संविदाना इति। य इमे पुण्ड्राः सुह्माः कुलुम्भा दरदा बर्बरा इति। न ह वा असंविदाना एव द्रागिवाभि तत्पद्यन्त इति। महिमानं त्वेवास्योपासे। य एतदस्मिन्नन्तरे हिरण्मयः पुरुषो हिरण्यवर्णो हिरण्यश्मश्रुरानखाग्रेभ्यो दीप्यमान इव। स य एवमेनमुपास्तेऽतीव सर्वभूतानि तिष्ठंति सर्वमायुरेति वसीयान् भवति। न ह वा एष परंतीवोदेति। यस्त्वेनं परंतीवोद्यन्तं पश्यन्नुपास्ते पापीयान् भवति वीवपद्यत आर्तिमृच्छति। यस्त्वेनं परंनूद्यन्तं वेदाथ तथोपास्ते परम ज्योति रूपसंपद्यते सर्वमायुरेति वसीयान् भवति। स य एवमेनमुपास्ते।*

*तमितरः पप्रच्छ। मतमत् त्वमनार्तं मन्यस इति। तं होवाच। विस्फुरंतीरेवेमा लेलायन्तीरिव संजिहाना इव नेदीयसितमा इव दवीयसितमा एव दवीयसितमा इव नेदीयसितमा एवेति। यदपि बहुधाचक्षीरन्न किञ्च प्रतिपद्यत इति तन्मे ब्रह्मेति।*

*तदु ह वसिष्ठो नानुमेने। यदिमा विस्फूर्जयत एवाभिपद्यन्ते वीवयन्ति मिथु चेति विचक्षतेऽकाण्ड इवेम न ह वै परमित्था कश्चनाश्नोत्यसंविदान इव। अप ये संविद्रते तदेतदन्तविचक्षत इति। महिम्नः : पश्येमा विजान इति। स य एवामिमा महिम्न एवास्य पश्यन्नुपास्त महिम्न एवाश्नोति सर्वमायुरेति वसीयान् भवति। यस्त्विमा अवयतीरेवोपस्ते न परा संपद्यमाना नो एव परेति पापीयान् भवति वीवपद्यते प्रमीयते। अथ य इमाः परा संपद्यमाना एवोपास्ते परैव संपद्यते सर्वमायुरेति वसीयान् भवति।*

*तमितरः पप्रच्छ। कतमत् त्वमनार्ते मन्यस इति। महाविज्ञानमिव प्रतिपदेनाध्यवसायमिव यत्रैतदित्थेत्थेभिपश्यति। अथ नेति नेत्येतदित्थेत्थेति। स वा अयमात्मा अनन्तोऽजरोऽपारो न वा अरे बाह्यो नान्तरः सर्वविद्भारूपो विघसः प्रसरणोऽन्तर्ज्योतिर्विश्वभुक् सर्वस्य वशी सर्वस्येशानः सर्वमभिक्षिपन्न तमश्नोति कश्चन। परोवरीयांसमभिप्रणुत्यमन्तर्जुषाणं भुवनानि विश्वा। यमश्नवन्न कुशिकासो अग्निं वैश्वानरमृतजातं गमध्ययी।१। भरेभरेषु तमुपन्हयाम प्रसासहिं युध्ममिन्द्रं वरेण्यम्। सत्रासा (ह) मवसे जनानां पुरुहूतमृम्मिणं विश्ववेदसम्।२। अहिघ्नं तमर्णवे शयानं वावृहाणं तवसा परेण।३। तदु ह प्रतिपेदिरे। ते वाभिवाद्यैवोपसमीयुः। नमोऽग्नये। नम इन्द्राय। नमः प्रजापतये। नमो ब्रह्मणे। नमो ब्रह्मणे। ॐ नमः।*

*

ॐखास गरी ऋषिमुनिहरूले एक (पल्ट) ब्रह्मोद्य अनार्त ब्रह्मको मुख वेद हो भन्ने विषयमा चर्चा परिचर्चा गरे। तिनीरूमा विश्वामित्रले आफू विजितीय झैं ठानेर भनेः 'जो यो बीचमा स्वर्ग र पृथ्वीलाई निलुँला झैं गरेर बसेको सब थोकलाई पेटभित्र अटाइदिन्छझैं भएको आकाश जस्तै वल्ला छेउदेखि पल्ला छेउसम्म फैलिएको, झल्किरहेको, स्फूर्जित भइरहेको झैं जो छ त्यो नै ब्रह्म भनिन्छ। त्यसको उपव्याख्या पनि यसरी गर्न सकिन्छ। जो यो आगो आदिले बालिदिन्छन्, पानीहरूले पगालिदिन्छन्, चुच्चो वा सुइराहरूले छेडिदिन्छन् वा सियाहरूले गाँसिदिन्छन्, छाला आदिका डोरीले चौखर्याइदिन्छन्, घन आदिले किचिदिन्छन् वा फोरिदिन्छन्, हिलो माटोले लेपिदिन्छन्, बसिला आदिले ताछिदिन्छन्, फाली कामीहरूले ताछ्नु-फल्नु गरिदिन्छन्, तापनि जसलाई न काट्न सक्छौ न त टुक्रायाउनै सक्तछौं !'

त्यसपछि जमदग्निले अनुमोदनले भने - 'यो आर्त झैं रसमय झैं, ठाने हुन्छ, जो भित्रभित्रैबाट यसलाई जोडिदिन्छ र अलग्याइदिन्छ, यस पृथ्वी र स्वर्गलाई बुझ्नुपर्छ। उनले फेरि भने - अन्तरिक्षलाई जो यति नै यसरी नै उपव्याख्या गर्दछ म त महिमावान् तिमीलाई यसैमा यहाँ हेर्दछु र जो यो र यसमा मात्र पूरापूर भर पर्दछ, निर्भर छ। त्यो जो यही यसैमा निर्भर भन्ने जान र तस्तै नै यो निर्भर छ त ?' भनेर बढी नजीक पुग्न खोज्दछ, खूब भेट्टाउन खोज्छ, छ नि यो त एकदमै नजीक, तर त्यो झनझनै टाढा पुग्छ। भेट्टाउँछु नै भनेर बढ्ने हराउन सक्छ, यहाँदेखि वहाँसम्म भएको जो यो हराउने त कुरै भएन। यसर्थ दुःख मात्रै बढाउला त्यो। अतःयसै गरी नै उपासना गरोस् !'।

उनलाई एक जनाले सोधिहाले -'के अर्थले तपाई यसलाई अनार्त भन्नुहुन्छ त ?' उनले उत्तर दिए - 'यही नै द्यौ भनिने स्वर्ग र पृथ्वीको थालनी नै नभएको विवाह पनि होइन, नत्थ्याई पनि होइन, हेराइ पनि होइन, र खुवाइ पनि होइन नि ! त्यसको विषयको उपव्याख्या यही त

हो । जो यो यहाँदेखि वहाँसम्म अण्डकोशहरू देखा पर्छन् तर कुनै आपत्ति (बाधा) पर्दैनन्, न त छरीबरी भई गडबडिन्छन् नै, न त खस्छन् र न त देखिन्छन् नै । यो जो हो एउटै पानीको थैलो नै भन्ने आकाश र आफू पनि एउटै हो, एक्लो हो ।'

त्यसैमा भारद्वाजले अनुमानले भने - 'जो यहाँ यस्तो छ भनेर सबैले जानिरहेकै कुरा हो कि आकाशमा उदाउँछ, त्यसको जो रूप हो त्यो पर्याप्त छैन !' उनले भने - 'निथाचूर्ण झैँ तपाईहरूको विज्ञान पनि शायद सागरमा निथ्रुक्क छ भन्दाखेरि पर्यायद्वारा हामी खोजी गर्दछौ, अर्थात् अर्थानुसार बुझ्दछौ नि - जो यो पनि यसै गरी यसरी नै उपव्याख्या गर्दछौ यही कुरा हो ! ।' अँ, यसको महिमा (महत्त्व) लाई चाहिँ उपासना गर्दछौं । जो कि यो मन्त्रमा निर्भर छ भन्ने मान्दछौं । त्यो जो यही मन्त्रमा निर्भर जान र त्यस्तै प्रकारले उपासना गर ! अनि त्यस्तै ढङ्गले निर्भर पाइन्छ । (त्यस्तै 'छु भन्ने भावना दृष्टिकोण र निर्भर हुन्छ भन्ने विश्वास वस्तुतःएउटै कुरो हो) त्यो जो यो यही निर्भर छैन भन्ने मानी यसलाई यसमै निर्भर छ भन्ने मानेर उपासना गर्छ, सबै प्रकारको आयु अधीन पार्ने हुन्छ । जो पनि यसलाई यसै गरी उपासना गरेर बस्छ, बस् !' ।

अनि तिनलाई अर्काले सोधिदियो - 'कें अर्थले तपाई अनार्त मान्नुहुन्छ ?' अनि उनले भने - 'जो यस घेरामा तेजपुञ्ज झल्किन्छ, घुमिरहे झैं, चम्किरहे झैं, दन्किरहे झैं, उज्यालिइरहे झैं, चाट्नै लागिरहेको छ, मेरो ब्रह्म त त्यही नै हो । त्यसको उपव्याख्या पनि जो हो यही तात्विक अर्थ नै परा र परावाला मान्न-भन्न कर लाग्छ । भइ नै हाल्यो, मिलिहाल्यो नि ! जसरी आइलागेको छ, आत्मा मात्रै त देख्न सक्तछ, अनि के नि ! (अर्थात् त्यो ब्रह्म भनिने वस्तु वा तत्त्वलाई पल्लो सीमा माने पनि, पल्लो सीमाको चीज माने पनि, आत्माले मानेर हुने भएकाले जे सुकै मानौ, त यही तात्विक कुरा भएन त ?) जो यो आइलाग्छ, लिन सकिन्छ, लेओस् ! अनि भुल्काइ-रहेको झैं, उफ्रिरहेको झैं, टाँस्सिन पुगिरहेको झैं हुन्छ । तर त्यो बिग्रने झत्कने हुन्न । त्यो यहीं परको झैं नजीकैको झैं नै टाढैबाट वा यसको महिमालाई कोही पनि भेट्टाउन सक्तैन, बस्, कुरा यत्ति हो ।'

त्यस्तै कुरा अनुमानले गौतमले भने - 'जो यो रसिलो झैं, निभ्न लागेको झैं, द`ख्न सकिने झैं यसलाई दीन वा हीन अनुभव गर्ने भए, बस् ! जो यसलाई पुण्ड्र वा सुम्ह वा कुलुम्भ वा दरद अथवा बर्बर भन्ने भए, बस् ! न त यसरी जान्न नसक्नेहरू चाहिँ एकदम चाँडै नै (तुरुन्त) त्यसैमा चिम्लन्छन्, लौ ! यसको महत्त्वमात्र उपासना गर्छु म । जो यही अन्तरमा हिरण्यमय पुरुष, हिरण्यकै रंगको, दाह्री जुँगा नङसमेत हिरण्यमय (सुनौलो) झै देदीप्यमान झैं हुन्छ । त्यो जो यसै गरी नै तिनैलाई उपासना गर्दछ र समस्त प्राणीहरू भन्दा माथि रहिरहन्छ, सारा आयु पनि पार गरेर बसिरहेको हुन्छ । यो न त ज्यादै चर्केर उदाउँछ । जसले यिनलाई अत्यन्त नै चर्केर उदाएको देख्छ र उपासना गर्दै रहन्छ, त्यो पापिष्ठ हुन्छ, विपत्तिमा भासिएर पनि बढिबढाउ चाहन्छ । जसले यिनलाई ज्यादै नचर्कीकन उदाएको देख्छ, थाहा पाउँछ वा अनुभव गर्छ, त्यत्तिकै उपासना गर्छ, परम ज्योतिरूप बन्न पाउँछ ऊ, सम्पूर्ण आयु भोगेर बसिरहन्छ । यो यसरी नै बुझ र उपासना गर !' ।

तिनलाई अर्कैले सोधे - 'कताबाट (कसरी) तपाई मान्नुहुन्छ त ?' । अनि उनले भने - 'त्यो (ज्योति) झल्किरहे झैंको, लपलपाइरहे झैंको, छोडिरहे झैंको, साह्रै नजीक भइरहे झैंको, दूर-दूर भइरहे झैंको, नजिकिंदैरहे झैंको छ, लौ । जो हुन त ज्यादाजसो आँखै सामु भए पनि, यो यस्तै हो भनी केही कत्ति पनि सिद्ध गर्न सकिँदैन भनिने मेरो ब्रह्म त्यही हो !'

त्यसपछि बसिष्ठले अनुमानले भने - 'जो यो झल्किरहकै नै छ, लपलपाइरहेकै नै छ, मिथुन भएर विहार गर्छ भन्ने विवेचना गरिन्छ (देखिन्छ) अकारण झैं नै र सारा इदमिथ छ भने कस वा को चाहिँलाई खान्छ र नचिने झैं गरेर (अर्थात् यतिले खास गरेर नजानिंदो ढङ्गले कसलाई पो बिगार गरेको छ र ?) नराम्ररी जो भगाउँछन्, त्यो यही नै भित्रपट्टि देख्दछन् । महिमाको कुरा हेरेर यसलाई मैले जानेको हुँ । त्यो जो यसको महिमा मात्र हुन्छ र उपासना गर्छ, महिमाकै नै भोग गर्छ भने सम्पूर्ण आयुको उपयोग रहन्छ' ।

उनलाई एकजनाले प्रश्न गरे - 'कसरी तपाई अनार्त भन्ठानेर मान्नुहुन्छ त ?' उनी भन्छन् - 'महाविज्ञान झैं पाइलैपच्छिको अध्यवसायलाई झैं जहाँ यो यस्तै छ भन्ने देखिन्छ । अनि 'नेति-नेति र 'यो यस्तै प्रकारको छ भन्ने आदि कुरा । त्यो अथवा यो आत्मा अनन्त पनि हो, अजर पनि हो, अपार पनि हो अथवा न बाहिर वा घेराको (चक्रको) भित्रको, सबैले जानेकै भावरूपको, उच्छिष्ट (पुरा) मा फैलन गई अन्तर्ज्योतिले विश्व नै खाइदिने, सबैका निम्ति वश गर्न सक्ने, सबै सबैका ईश भएका, सबैलाई खतम पारेर फाँक्न सक्ने, तिनलाई कोही खान्छ ?-अतिशय श्रेष्ठ र सबैले पूरापूर स्तुति गरिने, भित्रभित्रैबाट ( नदेखिएरै) विश्व तथा भुवनहरूको सेवा गरिरहने, विश्वैलाई खान खोज्ने ( कुशिकार) खाने अग्निलाई अमृतबाट जन्मेको वैश्वानर बनाइदिए ! हरेक (जुनसुकै) अवस्थामा पनि तिनलाई नै पुकाछौं हामी र वरेण्य भएका ( देवज्ञान) इन्द्रलाई नै पनि आज्ञा शिरोपर गर्नुपर्ने पार्दछन्...... । शरीरै निहुराइदिए तिनीहरूले । अथवा ती अभिवादन गर्दै निहुरे (अर्थात् सबले स्विकारे) अग्निलाई प्रणाम ! इन्द्रलाई प्रंणाम ! प्रजापतिलाई प्रणाम ! ब्रह्मणे नमः ॐ ब्रह्मणे नमःॐ तत्सत् ॥ ००

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३


www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती

# सूचनाको हक किन ?

- राज्यले उपलब्ध गराउने सेवा र सुविधाको बारेमा जनतालाई उनीहरूको सेवाप्रतिको पहुँच वृद्धि गर्न,
- राज्यको नीति तथा कार्यक्रम तर्जुमा र सो को कार्यान्वयनमा नागरिक सहभागिता अभिवृद्धि गर्न,

**नेपाल सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

**सूचना विभाग**